
ISSN 2362-129X
9772362129002

# नवप्रज्ञापन



पाइला ३३ औं वर्षमा
११०

## समीक्षा विशेष
तेस्रो भाग

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

खलङ्गा, जाजरकोट

# पूर्वाधार विकास कार्यालय जाजरकोटको सूचना

- सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो ।
- सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौँ ।
- सडक तथा सडक पेटीमा निर्माण सामाग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौँ ।
- सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौँ ।
- सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउने जस्ता कार्य नगरौँ ।
- सडकमा जम्मा भएको पानी कुनै किसिमबाट निकास गरौँ ।
- निर्माण भएका सडक संरचना, पुल, नाली, फुटपाथको संरक्षण गरौँ ।
- सडकमा खानेपानीका पाइपहरु खुला नछाडौं ।
- सडकमा खानेपानीका पाइपहरु फुटेको भए तत्काल मर्मत गरौं ।
- सडक नै अवरोध हुने गरी जथाभावी सवारीसाधन पार्किङ नगरौं ।
- पशुचौपायहरुलाई सडकमा छाडा नछाडौं ।
- यातायातलाई अवरोध पुऱ्याउने गरी सडकमा कुनै काम नगरौं ।
- सडकमा कुनै किसिमको अवरोध वा जोखिम देखिए सम्बन्धित निकायलाई तत्काल खबर गरौं ।
- सडकमा कुनै किसिमको अवरोध वा जोखिम देखिए सम्बन्धित निकायलाई तत्काल खबर गरौं ।

# नवप्रज्ञापन

पूर्णाङ्क : ११०, कार्तिक–पुस २०८२

(वि.सं. २०५० सालदेखि निरन्तर प्रकाशित)



**सम्पादक/प्रकाशक**
नवराज रिजाल

**अतिथि सम्पादक**
बद्रीप्रसाद ढकाल

**सह-सम्पादक**
प्रमोद पाण्डे

**प्रबन्ध-सम्पादक**
गणेशराज रिजाल

**आवरण**
रामकृष्ण भण्डारी

**लेआउट**
डीएन्डडी कम्प्युटर
सूर्यविनायक, भक्तपुर

**मुद्रण**
एपीएस प्रिन्टिङ प्रेस
अनामनगर, काठमाडौं

**सहयात्री**
राममणि दुवाडी
वासुदेव अधिकारी
प्रा.डा. ध्रुवकुमार घिमिरे
डा. विश्वम्बरकुमार शर्मा
गोपाल अश्क
राममणि ढुंगेल
वसन्त रिजाल
रामप्रसाद अधिकारी
भवानी तावा
जनार्दन खनाल
डा. टीकाराम उदासी
जंगबहादुर यादव
रामधारी यादव
सुनिल कुमार
मधुसूदन चौधरी
राजु अधिकारी
शीतल गिरी
शरद प्रधान
डा. छायादत्त न्यौपाने
डा.पुष्करराज भट्ट
डा. रमेश शुभेच्छु
गगनदीप सर्व
भीम खकुरेल
निला घिमिरे
मोतीराज बम



**मूल्य : १००/-**



कार्यालयः स्वाभिमानवस्ती जीतपुर–सिमरा उपमहानगरपालिका–१६, बारा, मधेस प्रदेश, नेपाल
सम्पर्क : ९८५११३८६२४ (काठमाडौं), ९८५५०२४९५५ (बारा)
e-mail : nabapragyapan@gmail.com, website: nabapragyapan.com.np

# नवप्रज्ञापन सभा

१. माया ठकुरी, ललितपुर २. विश्वराज अधिकारी, पर्सा ३. रुकु कार्की, मकवानपुर, ४. रामप्रसाद अधिकारी, बारा ५. प्रा.डा. ध्रुवकुमार घिमिरे, बारा ६. वीणा पोखरेल, मकवानपुर, ७.कमल अधिकारी, काभ्रे ८. ललिता दोषी, काठमाडौँ, ९. डा. सुषमा आचार्य, ललितपुर १०. रवीन्द्र रिजाल, बारा ११. भद्रकुमारी घले, काठमाडौँ १२. हरिप्रसाद पाण्डेय, काठमाडौँ १३. वासुदेव अधिकारी, धादिङ १४. दीपेन्द्रसिंह थापा, धादिङ १५. ईशा शाह, काठमाडौँ, १६. भगीरथ मिश्र, झापा १७. लक्ष्मी शर्मा, काठमाडौं १८. शर्मिला खड्का दाहाल, सुनसरी, १९. अनन्तप्रसाद वाग्ले, काभ्रे २०. छविरमण सिलवाल, काभ्रे २१. अर्जुन पाण्डे, धादिङ २२. कार्तिकेय घिमिरे, सर्लाही २३. पाण्डवराज कार्की, मकवानपुर २४. राजनप्रसाद सिलवाल, धादिङ २५. गंगा कर्माचार्य पौडेल, काठमाडौँ २६. वासुदेव श्रेष्ठ, धादिङ, २७. केशव रुपाखेती, धादिङ, २८. निमायादेवी कायस्थ, तनहूँ २९. बाबुरामप्रसाद पौडेल, रौतहट ३०. तारा अनुरागी, झापा ३१. प्रा.डा. कृष्णप्रसाद घिमिरे, अर्घाखाँची ३२. रमेशमोहन अधिकारी, रौतहट ३३. यशु श्रेष्ठ, रौतहट ३४. गणेशराज रिजाल, बारा, ३५. विद्याप्रसाद घिमिरे, काठमाडौँ ३६. बाबुराम लम्साल, तनहूँ ३७. प्रा.डा. कपिल लामिछाने, रुपन्देही ३८. तेजप्रकाश श्रेष्ठ, काठमाडौँ ३९. भक्त कार्की, म्याग्दी ४०. दीपबहादुर केसी, कपिलवस्तु ४१. राममणि पोखरेल, उदयपुर, ४२. सौरभकिरण श्रेष्ठ, काठमाडौँ ४३. खगप्रसाद अर्याल, धादिङ, ४४. नारायण क्षेत्री, बारा ४५. मञ्जु सेढाईं, धादिङ ४६. रमेश समर्थन, रुपन्देही, ४७. रामकृष्ण काफ्ले, बारा ४८. कलानाथ अधिकारी स्मृतिप्रतिष्ठान, बारा ४९. शिवकुमार धिताल, धादिङ ५०. जयन्ती स्पन्दन, काठमाडौँ ५१. जनार्दन खनाल, मकवानपुर ५२. अच्यूत रिजाल, धादिङ ५३. पूर्णबहादुर थापा, धादिङ ५४. राम विनय, काठमाडौँ, ५५. भगवती अधिकारी, धादिङ ५६. घनश्याम अधिकारी, धादिङ ५७. प्रमोद प्रधान, मोरङ ५८. जय छाङ्छा, भोजपुर, ५९. प्रमोद पाण्डे, काभ्रे ६०. युद्ध न्यौपाने, धादिङ ६१. अच्यूत शर्मा, धादिङ ६२. सीताराम उप्रेती, झापा ६३. जीवनाथ ढकाल, धादिङ ६४. कृष्ण, खड्का, धादिङ ६५. प्रदीप प्रधान, रुपन्देही ६६. रश्मि असफल, झापा, ६७. समीर पाखिन, मकवानपुर ६८. प्रभात सापकोटा, काभ्रे ६९. विजय मैनाली, बारा ७०. बैकुण्ठ नेपाल, बारा ७१. ईश्वरराज लोहनी, धादिङ ७२. बगुवाखोला सा.सि. केन्द्र, म्याग्दी ७३. मनदेवी तण्डुकार, ललितपुर ७४. डा. छायादत्त न्यौपाने, पर्वत ७५. दुर्गा रिमाल, काठमाडौँ ७६. भक्तबहादुर नेपाली, ललितपुर, ७७. खिमानन्द पोखरेल, गुल्मी, ७८. रञ्जुश्री पराजुली, काठमाडौँ, ७९. समन श्रेष्ठ, काठमाडौँ, ८०.गोपाल बराल काठमाडौं, ८१.भारद्वाज मित्र सिन्धुपाल्चोक, ८२.आरएम डंगोल नुवाकोट, ८३. गोपाल अश्क, पर्सा, ८४. दिनेश गुप्ता पर्सा, ८५. हरिदेव खरेल बारा, ८६. हिर्दयनारायण चौधरी बारा, ८७. नवराज पुडासैनी, काठमाडौँ, ८८. डा. धनप्रसाद सुवेदी, खोटाङ, ८९. राममणि ढुंगेल, भक्तपुर, ९०. अमरकुमार प्रधान, दोलखा, ९१. जंगबहादुर यादव, बारा, ९२. सुदिपराज रिजाल, बारा, ९३. वसन्त रिजाल, काठमाडौँ, ९४.राधेश्याम सिवाकोटी, बारा, ९५. कलाधर काफ्ले, कास्की, ९६. हरिदत्त पाण्डेय, बैतडी, ९७. प्रतीक्षा रिजाल, बारा, ९८. शीतल गिरी रौतहट, ९९. इशहाक हुसेन, बारा, १००. श्याम रिमाल, नुवाकोट, १०१. सानुराजा अन्जान, काठमाडौं, १०२. रमेश कडेल, धादिङ, १०३. बलराम ढुंगाना, धादिङ, १०४. मुना काफ्ले सिन्धुली, १०५.डा. यादेवी ढकाल, खोटाङ, १०६. रामबहादुर पहाडी, काठमाडौँ, १०७. प्रतीत रिजाल, बारा, १०८. पुष्करराज भट्ट, कैलाली ।

# सम्पादकीय

रात सधैँ रात रहँदैन न त सधैँ उज्याले नै उज्यालो हुन्छ । कहिले रात त कहिले दिन हुन्छ। यो नियमित प्रक्रिया हो । हामी कहिले रातमा त कहिले दिनमा बाँच्छौँ। इच्छा लाग्दैमा वा मनमा रहर जाग्दैमा न रातलाई दिन न त दिनलाई रातमा परिवर्तन गर्न सकिन्छ। हिजोदेखि मान्दैआएको लोकविश्वास छ 'हत्केलाले कहिले पनि सूर्यलाइ रोक्न-छेक्न सक्दैन ।' लाग्ला सक्छ त्यो कोरा कल्पना मात्र हो। केही काल वा विशेष परिस्थितिमा त्यसो हुन पनि सक्ला । तर त्यो लामो समयसम्म टिकिरहन सक्दैन। यो अन्तिम तर तीतो यथार्थ हो । औषधी तीतै हुन्छ । यद्यपि औषधीयगुणले तीतो छोप्छ । सत्य सधैँ सत्य हुन्छ कुनै हालतमा पनि असत्यद्वारा सत्य छोप्न सकिँदैन ।

यो वास्तविकता आत्मसात गरेर यथार्थ बाटो हिँडिरहँदा जीवन सम्पूर्ण रूपमा सिकाई हो । जीवनका हरेक क्षण सिकाइभन्दा एक इन्च पनि टाढा छैनन् । यही कारण तपाइँ हामी जन्मदेखि मृत्युपर्यन्त केही न केही सिकिरहेछौँ । जानिरहेछौँ । बुझिरहेछौँ । थाहा पाइरहेछौँ । बाटो खोजिरहेछौँ । खोजेको कुरा प्राप्त भइरहेछ । अगाडिको सम्भावना पनि बढिरहेछ । जीवनको कुनै पनि क्षण सिकाइबाट खाली हुँदैन । सिक्नेहरू संयम बनेर सिकिरहेछन्, जानिरहेछन्, बुझिरहेछन् र गर्नुपर्ने काम गरिरहेछन् । यो सत्यलाइ आत्मसात गरेर हेर्दा जीवन स्वादिलो, रसिलो र मिठास युक्त छ । यसका लागि माथिका प्रत्येक विषय एकएक गरेर आत्मबोध गर्दै मनको सतहमा प्रवेश गर्नु आवश्यक छ ।

भविष्य भविष्यलाई छाडौँ, अर्थात् त्यता प्रवेश नै नगरौँ । इतिहासका पाना पल्टाए स्पष्ट देखिन्छ हिजोदेखि आजसम्म समयलाई कैद गर्छु भन्नेहरू कहिल्यै सफल भएका छैनन् । जेजस्ता प्रयास गरिए पनि आखिरमा तिनले नराम्रोसँग पराजय व्यहोरेका छन् । जित्न सक्दैसकेका छैनन् । जतिसुकै अघि बढे पनि अन्त्यमा पछि हटेका छन् । त्यसो गर्न परिस्थितिले वाध्य गराएको छ । तर समयलाई समयका रूपमा बुझ्नेहरू सरासर अगाडि बढेका छन् । कहीँकतै रोकिएका छैनन् । सत्य आत्मसात गर्नेहरू आज पनि मन मुटुमा जीवित छन् । कसैले भुल्न सकिरहेका छैनन् । देश केवल ढुङ्गा माटो मात्र नभएर इतिहास पनि हो । भाषा, साहित्य र कला पनि हो । पूर्खाहरूको वीरता र योगदान हो । देखाएको साहस र गरेको आत्मबलिदान हो । यही कुरा बुझेर अगाडि बढ्नु हामी सम्पूर्ण सन्ततिहरूको नैतिक उत्तरदायित्व हो ।

बाँच्न मात्र त जसरी पनि सकिन्छ । धेरै मानिस बाँचेका पनि

छन् । तर पहिचान र स्वाभिमानका साथ बाँच्न सिङ्गो देश आवश्यक पर्छ । पूर्खाहरूले जोडेको उर्वर माटो, माया, ममता, सद्भाव र स्नेह समेत चाहिन्छ । देश कहिल्यै म भएर बाँचेन । हामी भएर बाँच्यो । हाम्रो भएर बाँच्यो । हामीहरूको भएर बाँच्यो । भावना भाँड्न नखोजिएको होइन । जन्मकालदेखि नै प्रयास गरिएका थिए तर नेपालीहरूमा रहेको हामीत्वको भावले सफल हुन सकेनन् । भनौँ आजसम्म प्रयास सार्थक बनेका छैनन् । हामीभित्र हामीत्व जागृत रहेसम्म प्रयास खेर जाने छैन सत्य यही हो । यही भावले हामीलाई जीवन दिएर अगाडि पुऱ्याउँछ ।

माटो व्यक्ति होइन न त कुनै भाषा, जात, वर्ग, समुदाय र राजनैतिक दल नै हो । यो देशवासीको मुटु वा आत्मा हो । आस्था, विश्वास, विचार, चिन्तन, सोच, कल्पना, दृष्टिकोण, अठोट, दृढता र स्वतन्त्रताको पर्याय पनि हो । यो छ र त हामी छौँ । यो हामी सबै मिलेर बनाएका हौँ । यसर्थ यो पूर्खाको नासो हो । नासो मास्न पाईँदैन । हामीलाइ पूर्खाले जिम्मा लगाएर गएका हुन् । यसकारण पुर्खाकै नाममा जोगाएर राख्नुपर्ने दायित्व सम्पूर्ण नेपालीको काँधमा छ । हामी भनेको सारा नेपाली हौँ । देशलाई राम्रो बनाउने, शक्तिशाली पार्ने, हिजोका कमिकमजोरी भए सच्याएर उन्नत बनाउन योगदान दिएर भावी पूर्खालाई जिम्मा लगाउने उत्तरदायित्वबाट पन्छिन पाउँदैनौँ । अन्यथा सोच राखिए हामी हामी नभएर अरु नै भएको पो हो कि ! शङ्का गर्नुपर्ने ठाउँ आउँन सक्छ ।

दम्भ, महत्त्वाकाङ्क्षा र इर्ष्याले कसैलाई अगाडि बढ्न दिँदैन । यिनीहरूलाई बोकेर छिटो अगाडि पुग्छु भन्नेहरू नराम्रोसँग भासमा गाडिन्छन् । जति नै प्रयास गर्दा पनि उठ्न गाह्रो हुन्छ । अरूको खुट्टातान्दा आफैँ तल पुगिने सम्भावना पनि रहन्छ । जानेबुझेको छु भन्दै ईर्ष्याको भारी बोक्नुभएको भए बिसाउँदा राम्रो हुन्छ । देश सम्झनोस्, ‘म सबैकुरा जान्दछु, मेरो कुरा सबैले सुनिनुपर्छ’ यो भाव तपाईँका लागि पनि अहितकर हुनसक्छ । आफ्ना र आफन्तका लागि माटो बिर्सनु, पूर्खा बिर्सनु, योगदान बिर्सनु, जिम्मेवारी बिर्सनु, दायित्व बिर्सनु तथा पूर्खाहरूबाट हस्तान्तरित हुँदै आएको नासो बिर्सनु राम्रो होइन । यिनै कुरा मनन गरेर अगाडि बढौँ सबैको कल्याण यसैमा हुन्छ ।

म अन्त्यमा आइपुगेको छु । तपाईको हातमा **नवप्रज्ञापन**को ११० औँ अङ्क, समीक्षाविशेष तेस्रोभाग छ । भविष्यमा चौथो भाग निस्कने छ । अतिथि सम्पादकको जिम्मेवारी बहन गर्नुभएका बद्रीप्रसाद ढकाललाई विशेष धन्यवाद दिँदै आआफ्ना सिर्जना उपलब्ध गराउनुहुने स्रष्टाहरूप्रति आभार व्यक्त गर्दछु । यसैगरी **नवप्रज्ञापन**को गतिमा साथ सहयोग गर्नेहरूमा विशेष धन्यवाद अर्पण गर्न चाहन्छु ।



**मुना काफ्ले**

सिन्धुलीको दुधौली नगरपालिका–४, डकाहामा जन्मनु भएकी **मुना काफ्ले** ललितपुरको कोञ्ज्योसोम गाउँपालिका–१, चौघरे स्थित बनस्पति आधारभूत विद्यालयमा अध्यापनरत हुनुहुन्छ । नेपाली विषयमा स्नातकोत्तर गर्नुभएकी काफ्ले नेपाली भाषा, साहित्य र संस्कृतिप्रति गहिरो अभिरुचि राख्नुहुन्छ । यस अघि नै नवप्रज्ञापन सभाको सदस्य रहनुभएकी उहाँ यही अङ्कदेखि विशिष्ट सदस्य बन्नु भएको छ । पत्रिकाको निरन्तरताप्रति चासो राखेर विशिष्ट सदस्य बन्नु भएकामा यहाँप्रति आभारी छौँ ।

**नवप्रज्ञापन परिवार**



**प्रतीक्षा रिजाल**

बाराको जितपुर सिमरा उपमहानगरपालिका–१६, स्वाभिमानबस्ती निवासी **प्रतीक्षा रिजाल** सिन्धुली अस्पताल सिन्धुलीमा नर्सिङ अफिसरका रूपमा कार्यरत हुनुहुन्छ । २०७९ सालमा 'रोकिँदै हिँड्दै' कृति प्रकाशित गराएर कृतिकारको परिचय बनाउनु भएकी उहाँको अर्को कृति प्रकाशन तयारीमा छ । यस अघि नै नवप्रज्ञापन सभाको सदस्य रहनु भएकी उहाँ यही अङ्कदेखि विशिष्ट सदस्य बन्नु भएको छ । पत्रिकाको निरन्तरताप्रति चासो राखेर विशिष्ट सदस्य बन्नु भएकामा यहाँप्रति आभारी छौँ ।

**नवप्रज्ञापन परिवार**

# हलखोरिया साझेदारी वनउपभोक्ता समूह

## जीतपुरसिमरा उपमहानगरपालिका-१५ बाराको


## विशेष अनुरोध

- वन हाम्रो जीवन हो, वनसँग मानवजीवनको गहिरो सम्बन्ध हुने यथार्थ जानौँ ।
- वन उपभोग गर्दा भविष्यका लागि पनि वन जोगाउनु पर्छ भन्ने तिर ध्यानदिऔँ ।
- वन जोगिए मात्र मानवजीवन सुखी र खुसी हुनसक्छ भन्ने कुर ातर्फ सचेत रहौँ ।
- जङ्गल, जल, जीवजन्तु र जीवनका बीचमा गहिरो सम्बन्ध र हने यथार्थ बुझौँ ।
- हरिया रूख नकाटी सुकेका रुख तथा तिनका हाँगाबिँगा मात्र प्रयोगतर्फ सोच बनाऔँ ।
- प्राकृतिक जडिबुटि संरक्षण गर्नु आवश्यक छ, गम्भीरतपुर्वक सोचौँ ।
- अधिकार र दायित्व सँगै हुन्छन् यो यथार्थ आत्मसात गरेर अगाडि बढौँ ।
- खालि र पर्ति जमिनमा वृक्षारोपणको लागि पहल गरौँ ।
- उपभोग मात्र नभएर संरक्षणको दायित्व पनि हाम्रै हो, दायित्वबाट पन्छने सोच नबनाऔँ ।
- अग्रजहरूले जोगाएको वन आज तपाइँ-हामी उपभोग गरिरहेका छौँ। यसकारण भावि सन्ततिका लागि वन जो गाइदिनु हाम्रो नैतिक उत्तरदायित्व हो, यसमा गहन चिन्तन मनन गरौँ ।

# रचनाक्रम


– अरुणबहादुर खत्री 'नदी'/९
– प्रा.डा. ऋषिराम शर्मा/१२
– ज्ञानेन्द्र विवश/१५
– गोपाल अश्क/१८
– घनबहादुर थापा/२१
– चिरञ्जीवी दाहाल/२४
– डा. छायादत्त न्यौपाने बगर/२७
– तेजविलास अधिकारी/३०
– नन्दु उप्रेती/३३
– डा. पुष्करराज भट्ट/३६
– बद्रीप्रसाद ढकाल/३९
– रत्न प्रजापति/४२
– रमेश भट्टराई "पुजारी"/४५
– रमेशप्रसाद सागर/४८
– राजेश खनाल/५१
– रामकुमार पण्डित/५४
– राजन पुडासैनी/५७
– शरद प्रधान/६०
– शान्ता तिम्सिना/६३
– शीतल गिरी/६४
– सुदर्शन अधिकारी/६९
– डा.हरिप्रसाद सिलवाल/७२

# ऋषिराम पाण्डेय र आत्माको अदालतमा



– अरुणबहादुर खत्री 'नदी'

ऋषिराम पाण्डेयको आत्माको अदालतमा नामक एक आध्यात्मिक उपन्यास २०८१ सालमा प्रकाशित भएको छ । लाग्छ उपन्यासकारको जीवन एउटा सुन्दर उपहार सरी भएको छ । सबैथोक पुगेको छ जीवनमा । अनेक उतारचढाव पार गर्दै ऋषिराम यो क्षणमा पुगेका छन् । ऋषिराम पाण्डेयको आत्माको अदालतमा उपन्यास पढेपछि जीवनको सबैभन्दा आनन्दित क्षण त त्यो हुन्छ, जुन बेला उनले अध्यात्मका बारेमा अरूलाई बताएर उनीहरूलाई अध्यात्मप्रति आकर्षित गराउन र आध्यात्मबाट जीवनलाई सुन्दर र सफल पार्न सहयोग गर्न सक्छन् ।

आत्माको अदालत उपन्यास कथावस्तुमा चमत्कारिक घटनाक्रम, कौतूहलता र रोमाञ्चकताले भरिएको छ । उपन्यासले साहस, आत्मविश्वास र ईच्छाशक्ति भएमा असम्भव भन्ने केही हुँदैन र दुर्लभ उपलब्धी पनि हासिल गर्न सकिन्छ भनेर सकारात्मक सन्देश दिएको छ । यस उपन्यासभित्र पात्रले पहिरिएको उसको पहिरन निकै साधारण थियो । मानौ, उसलाई कपडाको कुनै सरोकार नै छैन । लामो रुद्राक्षको माला पहिरिएकी अनुराधाले निधारमा टीका लगाएकी थिई, जसले गर्दा ऊ साक्षात् लक्ष्मीमातासमान देखिन्थी भनिएको छ ।

यस उपन्यासभित्र सत्यको बाटो नै सही मार्ग हो भन्दै सत्य होस्, आनन्द होस् र ईश्वरको नाम होस् यो भन्दा अर्को बाटो हुनै सक्दैन भन्ने कुरा अभिव्यक्त गरिएको छ । सत्यप्रति प्रष्ट हुनुपर्ने आवश्यकता हुन्छ तर भड्किनु आवश्यक छैन । जति भड्किए पनि जीवनको कुनै कालखण्डमा साधना परिपक्व बन्छ । सृष्टि आफैँले बाटो देखाउँछ भनेर उपन्यासकार ऋषिराम पाण्डेयले लेखेका छन् ।

यस उपन्यासमा कथानकभित्रको अंशमा आमाको पीडाबोधलाई यसरी प्रस्तुत गरिएको छ- आमाको साल झरेको थिएन । त्यसैले उहाँलाई पीडा भइरहेको थियो । उहाँले पुलुक्क मेरो अनुहारमा हेर्नुभयो र आनन्दको सास फेर्नुभयो । हजुरआमा पनि त्यहीँ हुनुहुन्थ्यो भनेर लेखिएको छ । एकैछिनमा एउटा ठूलो रुखमा पुगेर हजुरबा रोकिनुभयो र त्यसको पछाडिको भागतिर लाग्नुभयो । त्यहाँ त एकजना देदीप्यमान साधु साधनामा निमग्न रहेछन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ ।

यस उपन्यासमा योगीको विविध अवस्थाका र रूपको चर्चा यसरी गरिएको पाइन्छ - योगीको धप्प बलेको अनुहार । दाह्री र कपाल बढेको । मन्द मुस्कानले सजिएको ओठ । हामी भित्र छिर्नासाथ हजुरबुबाले साधुको खुट्टामा निहुरेर ढोगिदिनुभो र मैले पनि त्यही प्रक्रिया पछ्याएँ भनेर ऋषिरामले भनेका छन् । आमाको मन न हो कहाँ मान्थ्यो र आफ्ना सन्तानसँग टाढा हुन तर पनि छोराको अध्ययनका लागि आमा छोरो टाढा भए पनि खुसी हुनु भएको थियो । म पनि आमासँग टाढा भएर कसरी रहन सक्थेँ र । हरेक विदाइमा आमाका आँखाबाट अविरल अश्रु बगिरहन्थ्यो । अनेकौ जन्मका सम्बन्धले परिपक्व भएको आमाछोराको सम्बन्ध थियो त्यो तैपनि सँगै रहन पाइएन भनिएको छ ।


ऋषिराम पाण्डेयको आत्माको अदालतमा उपन्यास सरल, सुबोध्य र श्लील भाषा शैलीमा प्रस्तुत भएको छ । यो उपन्यास पढेपछि उपन्यासका पात्रहरू आँखा अगाडि हुंदै मनभित्र बस्छन् । कर्म जीवनको आधार हो । सकेसम्म निष्काम कर्मको अपेक्षा गरिन्छ । कर्ममा पनि भगवान्‌को स्मरण गर्दै रमाउन सकियो भने त्यो नै ध्यान बन्छ । जीवन सरल छ । हामीले यसलाई निकै जटिल बनायौँ भनेर ऋषिरामले लेखेका छन् । यस उपन्यासभित्र केदारको अनुभव एकदमै सार्थक थियो । त्यो अनुभवले मान्छेको जीवनमा आमूल परिवर्तन ल्याउन सक्थ्यो । उनको अनुभवलाई सबैले जान्न सकून् भनेर मैले अर्को दिन बिहानको साधना सकिएपछि उनलाई आफ्ना कुरा राख्न दिएँ । मैले भने, केदार तिमीले आफ्नो अनुभवलाई यहाँ सबै शिष्यसामु प्रस्तुत गर भनिएको छ ।

जीवनमा ज्ञानद्वारा नै सत्यको अनुभव गर्न सकिन्छ, मानिस बुद्धिमान् प्राणी भएकाले नै ऊ विवेकशील हुन्छ भन्दै आफूले अनुभूत गरेको ज्ञान र सत्यलाई यसरी प्रस्तुत गरिएको छ- वास्तवमा मेरो ज्ञानको जग स्मृतिज्ञानमा अडिएको थियो । तर मलाई म अति नै ज्ञानी छु भन्ने अहङ्कार हुन्थ्यो । मेरो भ्रमले मलाई निकै समयसम्म छोडेन । भौतिक सम्पत्तिको घमण्डभन्दा त बौद्धिक सम्पत्तिको घमण्डले मान्छेको आध्यात्मिक अवरोधमा बढी सहयोग पुऱ्याउने रहेछ । कुनै ठाउँमा योगीहरुले जन्म लिएर आफूलाई साधनामा समर्पित गरेका पनि देखे । त्यहाँ एकअर्काको सम्बन्धमा पनि निकै ठूलो स्वतन्त्रता थियो । कसैको बन्धन नभएको तर एकअर्कामा निकै सम्मान गर्ने सस्कार थियो भनिएको छ ।

उपन्यासकार ऋषिराम पाण्डेयको यो आत्माको अदालत उपन्यासले पाठकको संवेदनालाई जुरमुराइदिएको पाइन्छ । उपन्यासले पाठकको सोचाइमा श्रीपेच लगाएर स्पन्दनमा राज गर्न सकेको देखिन्छ । उपन्यासकार ऋषिराममा घटना टिपेर अनुकूल परिवेशले सिगार्ने खुबी छ । यिनको कलम तिखो छ र समाजका विकृति विसङ्गतिप्रति तीखो प्रहार गर्न सक्षम पनि छ । उनका अधिकांश

सृजनाहरूमा चरित्र चित्रणलाई विशेष जोड दिइएको छ । उनको उपन्यास लेख्ने शैली सरल र बोधगम्य छ । समाजका विभिन्न वर्ग, क्षेत्र, घटना, चरित्र आदिलाई पात्रहरुको उपयुक्त संयोजनबाट राम्रा उपन्यास सिर्जना गर्न उनी सफल छन् । ऋषिराम साहित्य सिर्जनामा हरहमेसा खट्ने ऊर्जा भएका हस्ताक्षर हुन् । साहित्य लेखनमा डुब्ने लेखकहरू खाली बस्न सक्दैनन् । केही न केही लेखिरहेका हुन्छन् ।

यस उपन्यासभित्र गुरुको अपार र अनन्त प्रेमका बीच म कुण्डलिनी जागरणको प्रतीक्षा गरेर बसिरहेको थिए । जागरणको चाहना त गुरुको प्रवचनले मरिसकेको थियो तर पनि गुरुले जागरणपछि मात्र हिमालय प्रस्थान गर्नका लागि उत्प्रेरित गरिरहनुभएको थियो । पूर्व जन्मदेखि यही कर्मलाई जारी राख्दै हामी दुई गुरु-शिष्यको मिलन भएको थियो भनिएको छ । उपन्यासकार ऋषिरामको लेखन अगाडि बढदै जाओस् । आउँदा दिनमा अरू सङ्ग्रह जन्मन सकोस् भन्न चाहन्छु ।

सिन्धुपाल्चोक जिल्लामा निर्माणाधीन जिल्लाकै सबैभन्दा ठूलो मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माण कार्यमा सम्बन्धित सबै पक्षले आ-आफ्नो स्थानबाट आवश्यक सहयोग पुऱ्याई ऊर्जासंकट समाधानको राष्ट्रिय अभियानमा सहभागी भइदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

MBK JCL

**मध्य भोटेकोशी जलविद्युत कम्पनी लि.**

फोन ०१-४७२१६४१, ०१-४७२१६४२

महाराजगञ्ज, काठमाण्डौं ।

वेबसाइट www.mbjcl.com.np

# नवराज रिजालको 'लौ भन्नोस् त !' कथासङ्ग्रह



– प्रा.डा. ऋषिराम शर्मा

साहित्यकारका नाताले मैले केहीदशक अघिदेखि मात्रै नवराजजीलाई चिनेको हुँ । त्यसपछि उनीसँग मेरो प्रत्यक्ष भेट भएको करिब पाँचवर्ष मात्रभएको थियो होला । यस बिचमा म उनको शोधप्रबन्धको सहसारथि भइसकेको थिएँ । उनीसँग पहिलोपल्ट भेट हुँदा म कक्षा नौ र दशको अनिवार्य नेपाली विषयको पाठ्यपुस्तक लेख्तै थिएँ जस्तो लाग्छ ! पहिलो पटकको भेटमा उनले रूखो लवजमा भनेका थिए "हामी जस्ताका कथा तपाईँहरूको छनौटमा र पाठ्यक्रममा पर्ने कुरा भएन क्यारे ?"

राम्ररी चिन्नै नपाई पहिलो भेटमै यसरी ठाडो प्रतिप्रश्न तेर्स्याउने नवराज मलाई अलिक नवप्रकृतिकै हाडेओखरजस्ता लागेका थिए तर सङ्गत गर्दै जाँदा थाहा पाएँ उनी हाडेओखर होइन त्यस ओखरभित्रको स्वस्थकर, सुस्वादु र कोमलपदार्थजस्तै रहेछन् । कक्षा दशमा पढ्दा २०३९ सालमै 'पागलको चाहना'कथा लेखेर पत्रिकामा छपाई साहित्ययात्रा सुरु गरेका नवराज अहिले दुई दर्जन कृतिका लेखक भइसकेका छन् । उनको यो 'लौ भन्नोस् त !' कृति सबै कृतिमध्ये चौबिसौँ, कथा-लघुकथामध्ये पाँचौँ र कथामध्ये तेस्रो रहेछ । यति धेरै र राम्रा कृति रचना गरेर पनि चर्चाको बजारमा घाँटीका नसा फुलाउँदै विज्ञापन गर्ने हकर बन्न नरुचाउने उनीभित्र साँच्चै यो दुर्गन्धित बजारीकरणका विरुद्धको भद्र र शिष्ट पागलपन रहेछ । अँ म अहिले 'लौ भन्नोस् त !' कथासङ्ग्रहबारे केही कुरा लेख्न सुरु गर्दैछु ।

यो कथासङ्ग्रह हेरेपछि सङ्ग्रहभित्र रहेका १९ ओटा कथाहरूमध्ये कुनैको पनि शीर्षकसँग मिल्ने गरी कथासङ्ग्रहको नाम राखिएको रहेनछ । उसो त उनका हरेक कृतिका नाम यस्तै प्रकृतिको शीर्षकका रहेछन् जुन नवराजका कथाका शीर्षक विधानको विशेषता मान्दा हुन्छ । अन्य लेखकहरूमाभन्दा उनमा पाइने यो नितान्तभिन्न पन हो । यसैले रिजाललाई अन्य लेखकहरूभन्दा भिन्न रूपमा परिचय गराउँछ । उनी लेखनमा सक्रिय रहने तर चर्चामा आउन जेजस्तो गर्न पनि पछि नहट्ने स्रष्टा होइन् ।

कथा पढ्दै जाँदा यो शीर्षकले समग्र पाठक वर्गमाथि उल्टै प्रतिप्रश्न गरेको रहेछ ! त्यो प्रतिप्रश्न कुनै एक कथामा मात्र नभएर सबै कथाको मर्मलाई समेट्ने गरी आएको रहेछ । मुखमा राष्ट्रियता र बगलीमा विध्वंश, दासता, आक्रोश, निराशा, क्रोध र कुण्ठाको येमानको पोका कोचारेर हिँडेको यो देशका अधिकांश नागरिकसँग'लौ भन्नोस् त !' कथासङ्ग्रहका समग्र कथाको मर्म पक्रने गरी यो शीर्षकले गम्भीर प्रश्न गरेको प्रतीत हुन्छ । हामी आआफ्ना फाइदाका लागि जे पनि गरिरहेका छौँ । यो बोल्न हुन्छ र यो हुँदैन भन्ने ख्याल हामीभित्र छैन । प्रतिकात्मक रूपमा हामीलाई नै लेखक त्यो प्रश्न सोधेका हुन् ।

यस सङ्ग्रहका नवराजजीका कथा देशलाई केन्द्रमा राखेर लेखिएका छन् । देशलाई केन्द्रमा राख्दा उनको देशप्रति अटुट आस्था र प्रेम छ । देश बनाउँछु भनेर बोल्नेहरूले नै देश बिगारेको देख्दा लेखकको मनमा पीडा उत्पन्न हुन्छ । देशविकासका लागि ठुलाठुला गफ नभएर सानासाना काम गरे पुग्ने उनका समग्र कथाहरूको सार छ ।

यस कथा सङ्ग्रहमा रहेको बागबजार शीर्षकको कथा बडो मार्मिक छ । राजनीति, देशनिर्माण, समाजवाद जस्ता नारा लगाएर भाषण गर्नेहरू नै व्यवहारमा यो देशमा केही पनि भविष्य छैन भन्दै भिजिट भिसामा गएर उतै भासिएका छन् तर तीभन्दा तिनैलाई चनाचटपटे बेचेर यो देशमा नै भविष्य छ भनेर भाष्य बनाएको पात्र यसको उदाहरण हो । ऊ किन यो देशमा भविष्य देख्छ भन्ने कुरा यसरी व्यक्त गर्छ; :

“हेर बाबै ! तैँले यहीँ केहीगर्ने सोच बना । जहाँ पनि गर्ने काम नै हो । काम नगरी कसैले दाम दिँदैन । काम गरे दाम यहीँ छ । यहाँ समस्या पनि होलान् तर भागेर समाधान हुँदैन । त्यसका लागि तिमीहरू उठे कसैको केही लाग्दैन । बाह्य प्रभावीन बनी मन वचनले एक भएर यही देशका लागि काम गर, चारैतिर भौँतारिइरहनु पर्दैन“ । (बागबजार,कथा)

स्नातकतह उत्तीर्ण गरेर स्वरोजगारमा रमाएको र मनग्गे कमाएको उक्त पात्रलाई यसरी चेतना दिने अरुको हीन भएर उसका बाबु थिए । बाबुका वचन अझ अगाडि सम्झन्छ :

“तैँले चाहे यहीँ धेरै थोक गर्न सक्छस् । बाबै ! यो अत्यन्तै उर्वर भूमि हो तर परदेशिनेहरू बन्जड रहेको भाष्य बनाउन तल्लीन छन् । के गर्नु ? मेहनत गरे सहजताका साथ सुन उत्पादन गर्न सकिने भए पनि यता कसैको ध्यानजान सकिरहेको छैन भन्दा पनि हुन्छ” (बागबजार कथा)।

नवराज समाजका मसिना कुरालाई टिप्छन् र गम्भीर सन्देश दिन्छन् । तराईका सीमावर्ती जिल्लाहरूका सीमामा बस्नेहरूले यो देश जोगाइ दिएकाले त काठमाडौँले राजधानी हुँ भनेर नाक फुलाउन पाएको हो । उही काठमाडौँ सीमामा पहरेदारी गर्ने तराइबासीलाई वर्णको आधारमा र रङ्गका आधारमा कर्के नजरले हेर्छ । तराईका सीमा क्षेत्रमावारि बस्नेलाई पारिकाले

दिने र दिइरहेका मानसिक, शारीरिक र भौतिक पीडा, लुटपाटलाई भ्केलेर र लडेर जुन साँध जोगाएका छन् तिनीहरूप्रति नवराज नतमस्तक हुन्छन् । सिङ्गो गाउँबसाइ सर्दा र आफ्नो सारा सम्पति पारिकाले हडप्दासमेत एक्लै आफनो माटो जोगाएर बस्ने तराईका धर्तीपुत्रको सन्दर्भ 'साँध'कथामा यसरी प्रस्तुत गर्छन्,

एकाबिहानैदेखि ऊ आफ्नै जमिनमा खनजोत गरिरहेको थियो । स्वास्नी सरसहयोगमा जुटेकी थिई । उनीहरू एकाएक हुलबाँधेर आए । काम रोक्न निर्देश गरे । ऊ छक्क पऱ्यो ।"किन?" ऊ तिनीहरूतिर फर्कियो ।

ती बोलेनन् । अगाडि उभिएर काम रोक्ननिर्देश गरिरहे ।

"हामी हाम्रै जमिनमा काम गरिरहेका छौँ, तपाईहरूले भन्दैमा किन रोक्ने ?" स्वास्नीले तिनीहरूतिर फर्केर प्रतिप्रश्न गरी ।....

"तपाईहरूले बर्सेनी सीमा सारी रहनुभएको छ । हामी मानिरहेका छौँ । पोहोर तपाईहरूले नै लगाई दिएको सीमा हो

यो । हामीले केही गरेका छैनौँ" स्वास्नीले सीमाको ढुङ्गो हातले देखाउँदै भनी ।

यसरी सीमामा बसेर देश जोगाउनेहरूलाई राज्यले चिन्न नसकेकोमा चिन्ता गर्छन्, नवराज र यसो हुननहुने धारणा उनको छ ।

यस कथासङ्गहमा रहेको नवराजको अर्को कथा छ, 'हामी' । यसमा पनि देशकै चिन्ता छ । हामीले नै यो देश बिगारेका छौँ भन्ने सार छ । फेरि हामीमध्ये पनि हुनेखानेहरूले नै यो अवस्थामा पुऱ्याएका हौँ भन्ने उनको स्पष्ट आशय छ । छोराछोरी विदेश पठाउने र यो देशलाई वृद्धाश्रममा अनुवाद गरेर हामीले नै यो देश बिगारेका हौँ भन्ने दृष्टिकोण छ; । छोराछोरी विदेसिएका घरको कहालीलाग्दो अवस्था कथाकार रिजाल हामी कथामा यसरी प्रस्तुत गर्छन् ः

छोरो परदेसिएको नौ वर्ष भइसकेको छ । तर ऊ गएपछि एकपटक पनि आएको छैन । पहिलो दुई वर्ष टेलिफोन सम्पर्कमा रहे पनि बाँकी सातवर्षदेखि बेखबर छ । गाउँका साथीभाइलाई कहिलेकाहिँ सम्भन्छ अरे, तर घरमा बाआमाको सम्भना पटक्कै गर्दैन (हामीकथा ) ।

समग्रमा नवराजका सबै कथाको केन्द्रमा देशप्रेम छ । उनीभित्र यो देश बनोस् भन्ने पवित्र चाहना छ । देश हामीले बनाए बन्छ तर हामी देशभन्दा आफू बन्नतिर लाग्यौँ, यसर्थ देश कमजोर बन्दै गएको उनको आशङ्का छ । युवा नविदेसिऊन् लेखकको अभिलाषा छ । देशलाई नै कर्मभूमि बनाएर यसै देशको माटोमा हाम्रो भविष्य हरियो बनाऔँ उनको कामना छ । त्यसैले उनी पुस्तकको शीर्षकमा नै पाठकलाई गम्भिर प्रश्न गर्छन्, "यो देशमा यस्तो भइरहनु ठिक हो ?" लौ भन्नोस् त ! यस शीर्षक-प्रश्नबाट उनले यो देश समृद्ध पार्न हामी वचनले मात्र नभएर कर्मले समेत संवेदनशील हुन जरूरी छ भन्ने सन्देश प्रवाह गरेका छन् ।

# मुकुन्दराज शर्माको ‘धोबीघाट मेलोडी’



– ज्ञानेन्द्र विवश

गीत र निबन्ध लेखनमा अलग्ग पहिचान बनाइसक्नुभएका मुकुन्दराज शर्माले ‘धोबीघाट मेलोडी’ नामक पछिल्लो नयाँ निबन्धको सँगालो निकाल्नुभएको छ । यस निबन्धमार्फत् उहाँको लेखकीय चिनारीको परिवेशले फड्को मारेको विश्वास गर्न सकिन्छ । किनभने यस निबन्धमा जीवनका विविध पक्षमाथि उहाँको गहिरो र संवेदनशील अनुभूतिहरू अभिव्यक्त छन् । जीवन, समय र समाजलाई निकै नजिकबाट नियाल्दै तिनैमाथि अनुभूतिका आलेखनको प्रस्तुत कृतिले शर्माको विचारलाई घनिभूत रूपमा महशुस गर्न सकिन्छ ।

मुकुन्दराज शर्माले लेख्नुभएको यही ‘धोबीघाट मेलोडी’ माथि पाठकीय अनुभूति यहाँ प्रस्तुत छ-

मध्यान्हको मधुर उज्यालो ओर्लिँदै गर्दा, बागमतीको किनारमा धोबीघाटको जीवन आफ्नै तालमा बगिरहेको हुन्छ । शीतल हावाको एउटा झोक्काले वासना मिश्रित धुवाँ उडाउँछ । त्यहाँ निलो आकाशमुनि सेता कपडाका छालहरू फर्फराइरहेका देखिन्छन् । काठमाडौँको कोलाहललाई पन्छाएर एउटा छुट्टै संसार यहाँ आफ्नै लयमा गीत गाइरहेझैँ लाग्छ ।

शर्माकृत निबन्ध शब्दहरूको लय र लाली सुस्वादु हुनु लेखनको विशेषता नै हो । शब्दलाई खेलाएर त्यसबाट भाव-सौन्दर्यको मिठास पस्किन उनी सिपालु भान्से हुन् । बरु ‘अर्ग्यानिक’ खानपानसँगै शब्द-विम्बमा लेखकीय क्षमता उत्कृष्ट लाग्छ ।

मुकुन्दराज शर्माका निबन्धहरू एक प्रकारका श्रव्य-दृश्य कविता हुन् । यसमा अनुभूति मात्रै होइन, आवाज र रङहरू पनि घोलिएका छन् । शब्दहरू वर्णमालाका अक्षर मात्र होइनन्, तिनले बागमतीको सुख्खा किनारमा आइरहने शिशिरका हावाजस्तै स्पर्श गर्छन् । एकातिर नदी बगिरहेछ, अर्को किनारामा कपडाहरू बटुल्दै, निचोर्दै, कुट्दै, सुकाउँदै जीवन चलिरहेको छ । यो चक्रलाई उनी शब्दका कूचीले चित्रित गर्छन्, जसले एउटा सामूहिक जीवनको बिम्ब कोर्छ ।

यस निबन्धमा माटो र मान्छेका कथा बुनिएको छ । परदेश र स्वदेशको माया अँगालिएको छ । शर्माका वाक्यहरूमा नेपाली समाजको असली सुगन्ध मिसिएको हुन्छ । उनी पानीको छालहरूमा प्रतिबिम्बित हुने मान्छेका

अनुहार हेर्छन्, धोबीहरूका चाउरिएका हातहरूको कथावाचन सुन्छन्, अनि त्यहीँबाट भाषिक रस निचोर्छन् ।

'धोबीघाट मेलोडी' धोबीहरूको श्रमगाथा होइन, यो त एउटा ऐतिहासिक स्थलमा गुन्जिरहेका मानवीय सम्बन्धहरूको संकलन हो । यहाँ रोदन पनि छ, हाँसो पनि छ र परिश्रमको सुगन्ध पनि छ । त्यस्तै आशाको उज्यालोपनसँगै सकारात्मक सोंचको सुन्दर बिहानी पनि छ ।

आफ्नै थाँतथलो, ठेगानामाथि बगेका भावनाका सरल, सहज तर गम्भीर भावनाले मन छुन्छन् । विविध खण्ड र शीर्षकहरूमा विस्तारित निबन्धमा जीवन भोगाइका इमानदार पलहरू गुञ्जिएका छन् । ती गुञ्जनमा हामी आफैँलाई पाउँछौ । आफूले नै भोगेका कुराहरू भेट्छौँ । तिनका वाक्य संरचनाहरू लयात्मक छन्, ध्वन्यात्मक छन् । निबन्ध पढ्दा लाग्छ- शब्दहरूले कुनै अदृश्य संगीत बजाइरहेका छन् ।

मुकुन्दराज शर्माको 'एउटा प्रेमपत्र' शीर्षक निबन्धमा भावनाको वेग यसरी प्रेमिल भावमा बग्छ- 'म प्रेमविह्वलताको त्यो सीमारेखापारि पुगेको छैन तर तिम्रो समीपमा नहुँदा धेरै थोक भइरहन्छ । घामले शीत घोप्ट्याइदिन्छ, जूनले जिउ पोल्छ, ताराहरू मालश्रीको धुनमा नृत्य गरेको देख्छु । यो कुनै पागलपन होइन, तिम्रो प्रेमको 'साइड इफेक्ट' मात्रै हो । ... साथीहरूले तिम्रो नाउँ इन्दिरा राख्नु भनेर सुनाएका थिए । तिमीले मानिनौ । नत्र हामी मुकुन्द-इन्दिरा हुने थियौँ ।'

यसरी 'धोबीघाट मेलोडी' मा भावना र भाषाको जादूमय मिठास भेटिन्छ । वास्तवमा भाषा भनेको संवादको एक साधन मात्र होइन, एक गहिरो भाव र संस्कृतिको संरक्षक हो । शब्दहरू हर्ष र विषादको मेलोडीमा घुलमिल भएर व्यक्त हुन्छन् । तब त्यसले भाषा मात्र होइन, आत्मालाई पनि स्पर्श गर्छ । शर्माको निबन्ध कृति 'धोबीघाट मेलोडी' मा भाषिक मिठासको जादू अनौठो सम्मिलन देख्न सकिन्छ । यो कृति भाषा, संस्कृति र समग्र समाजको जीवन्तमय चित्रण पनि हो ।

निबन्धको प्रारम्भदेखि नै लेखकले एक सरल र परिष्कृत भाषामा जीवनका नाना रूपहरूलाई चित्रित गरेका छन् । हामीलाई 'धोबीघाट' एक सामान्य स्थानजस्तो लाग्छ । तर कुशल निबन्धशिल्पी शर्माले त्यसलाई एक गहिरो प्रतीकको रूपमा प्रस्तुत गरेका छन् ।

लेखकमा बिम्बका भलिभाँति विचारहरू स्वतः प्रस्फुटित हुन थाल्छन् । त्यसपछि त्यहाँ जीवनका रङहरू चित्रमय क्यानभासमा आकृतिबद्ध हुन थाल्छन् । अनुभूतिका उचाइहरूले वेग मार्न थाल्छन् । भावनाका गहिराइहरूले मीठा-मीठा शब्द चयनमा निबन्धको चास्नी चखाउन थाल्छन् ।

वास्तवका 'धोबीघाट मेलोडी' ले बोकेको विचार र बोलेको भावना अनि अभिव्यक्तिमा सार्वजनिक भएर आएका निबन्धहरू जीवन, प्रकृति, समय र

सम्बन्धका सुन्दर हस्ताक्षर हुन् । यो एक भौतिक स्थान मात्र होइन, बरु यहाँका पात्रहरूको मनोविज्ञान, सङ्घर्ष र आशा पनि छर्लङ्गरूपमा उभिएका छन् । यहाँ भाषाले मर्मस्पर्शी औजारको रूपमा कार्य गर्छ । त्यसले पाठकलाई थाहा नपाउने ठाउँहरूमा यात्रा गराउँछ ।

शर्माकृत भाषामा विशिष्ट मिठास र सजीव पक्ष यहाँ उद्घाटित भएको छ । प्रत्येक शब्दले एउटा होइन अनेक कथा

भन्छ । प्रत्येक वाक्यले एउटा होइन अनेकौँ दृश्य प्रस्तुत गर्छ । लेखनमा उनलाई काव्यात्मक र चित्रकला दुवैको सजीवता सम्प्रेषण गर्ने क्षमता प्राप्त छ । उनले 'धोबीघाट मेलोडी' मा गहिरो अर्थ राख्ने उपमा र रूपक प्रयोग गरेर मनोभावनाको सूक्ष्मतम् भावहरू प्रकट गरेका छन् । प्रत्येक शब्दमा एक प्रकारको लयात्मक र संगीतको सौन्दर्य पाइन्छ । पढ्दा यसले पाठक मनमा अनौठो सन्तुलन र सामञ्जस्य उत्पन्न गर्छ ।

निबन्धकार मुकुन्दराज शर्माले यस कृतिमा जीवनका सरल र सामान्य दृश्यहरूलाई संगीत र लयको रूपमा ढालेर प्रस्तुत गरेका छन् । बाल्यकालीन स्मृति-दंशका सन्दर्भहरू, सानो विषयमा व्याख्या र विवरणको विशालता गजबको लाग्छ । धोबीघाटको सामान्य धन्दा, दिनचर्या र कामका सिलसिलाले जन्माएको लयले पाठकलाई एक जादुमय अनुभूति दिन्छ । यस्तो भाषा प्रयोग गर्दा, त्यो जादू पाठकको मनमा गहिरो असर पुऱ्याउँछ र उचाइमा पुऱ्याउँछ । शब्दको कला र भावको मिठासले पाठकलाई आनन्दित गर्छ ।

मुकुन्दराज शर्माको निबन्ध लेखन शैलीले मात्र भाषाको मिठास चखाउन सफल छ । साथै उनले त्यो मिठासलाई जीवनका प्रत्येक पाटोमा फैलाउँछन् । यसले सामान्य धोबीघाटमार्फत् समाजको गम्भीर अर्थ पनि प्रकट गर्छ । भाषाको जादुमय यात्रा गर्दै, पाठकलाई एक अद्वितीय दृश्यमा प्रवेश गराउँन उन्मुख रहन्छ । त्यहाँ विचार र भावना मिलेर एउटा पूर्ण चित्र तयार हुन्छ । अनेक विचारधारामा लिपिबद्ध निबन्धको सिङ्गो कृति नेपाली निबन्ध-साहित्यको यौटा दस्तावेज पनि हो ।

यसरी 'धोबीघाट मेलोडी' निबन्ध कृतिमा भाषा साधन हुनुका साथै एक सजीव सन्देश, एक गीत र एक दृश्यको रूपमा प्रकट भएको छ । यो कृतिको भाषा आफ्नै विशेषता, मिठास र समृद्धिको कारण पाठकको मनलाई यौटा नयाँ अनुभवले छोइदिन्छ ।

'धोबीघाट मेलोडी' को सौन्दर्य यसमा प्रयोग गरिएका शब्दहरूको छनोटमा छ । साधारण लाग्ने शब्दहरू असाधारण अनुभूति दिन्छन् । सामाजिक सद्भाव पातलिँदै गएकोमा चिन्ता चित्रित छ । धोबीघाट एक भौगोलिक स्थल होइन, यो एक प्रतीक हो- समाजको श्रमशील वर्गको, शहरको हृदय स्पन्दनको र समयको सुख्खा बगरमा विलीन हुने स्मृतिहरूको ।

# दुर्गाबहादुर घर्तीको 'आधुनिक नेपाली नाटकमा मनोविश्लेषण'



– गोपाल अश्क

डा. दुर्गाबहादुर घर्ती (२०२२) समकालीन नेपाली समालोचना क्षेत्रका चिरपरिचत व्यक्तित्व हुन् । नेपालीमा विद्यावारिधि गरेका घर्ती प्राध्यापन पेसासँग आबद्ध रही समालोचना एवम् सम्पादन कार्यमा विगत दुई दशकदेखि क्रियाशील रहेका छन् । शोधमूलक र सामान्य, सैद्धान्तिक र व्यावहारिक, विधापरक, मनोवैज्ञानिक तथा विश्लेषणात्मक समालोचना लेख्ने घर्तीका अहिलेसम्म नौ ओटा समालोचनात्मक कृतिहरू (१) नेपाली उपन्यासमा पात्रविधान (२०६३), (२) विजय मल्लका उपन्यासः सन्दर्भ र विमर्श (२०६८), (३) साहित्यका पठनका विविध आयाम (२०६९), (४) केही दृष्टिकोण केही विश्लेषण (२०६९), (५) अनुसन्धान पद्धतिः सिद्धान्त र प्रयोग (२०८०), (६) मनोविश्लेणात्मक समालोचना, (७) उत्तरवर्ती नेपाली उपन्यासमा समाख्यान संरचना (२०८०), (८) आधुनिक नेपाली उपन्यासमा मनोविश्लेषण (२०८०) र (९) आधुनिक नेपाली नाटकमा मनोविश्लेषण (२०८०) प्रकाशित छन् ।

भारोपेली समाज अत्यन्त प्राचीनकालदेखि नै सङ्गीतप्रेमी रहेको तथा आरम्भिक वैदिक कालमा पनि आर्यमहिलाहरूले आफ्ना अधिकाश समय गीत, सङ्गीत एवम् नृत्यमा बिताउने गरेको प्रमाण भेटिन्छ । यज्ञविधानमा पनि सङ्गीत तथा नृत्यको निकै महत्व रहेको परिलक्षित रहेको छ तथा खेलकुद तथा विनोदका अवसरहरूमा त झनै अनिवार्यजस्तै देखिन्छ । ललित कला तथा काव्य- विशेषतः नाटकले मानव तथा मानवेतर प्रकृतिको अनुकरण गरेर आनन्दको उत्पत्ति दिने गर्दछ । सर्वविदितै छ, ब्रह्माले ऋग्वेदबाट पाठ्य, सामवेदबाट गीत, यजुर्वेदबाट अभिनय तथा अथर्ववेदबाट रस गरेका थिए- जग्राहपाठ्यमृग्वेदात् सामभ्यो गीतमेव च । यजुर्वेदभिनयान् रसानाथर्वणादपि (नाट्यशास्त्र, अध्याय १, का.१७)। लोकजीवनमा गीत, सङ्गीत तथा नाटक निकै लोकप्रिय विधाको रूपमा स्थापित रहेका छन् । यी विधाहरूको साधना गर्ने पात्रहरूले आफ्नो वर्तमान समाज र संस्कृतिलाई प्रभावित गर्ने गर्दछन् । यद्यपि वर्तमान समयमा नेपाली साहित्यमा नाटक लेख्ने परम्परामा अलिक उदासिनता देखिन्छ, तथापि यसको अतीत चाहिँ निकै गौरवशाली र अनुकरणीय रहेको छ । नाटकको माध्यमबाट मानवीय जीवनको उतारचढाव, बहुर्मुखी तथा अन्तर्मुखी

स्वभाव एवम् व्यवहार, अभिवृत्ति, मनभित्र र मनभित्र हुने गरेका व्यावहारिक क्रियाकलाप आदि सबै अवयवहरूलाई जीवन्ततापूर्वक अभिव्यक्त गर्न सकिन्छ । यी र यस्ता निकै मानवीय अवयवहरू साहित्यिक नाटकका विशेषताहरू हुन् ।

समालोचक घर्तीले आफ्नो यस समालोचना कृतिमा आधुनिक नेपाली नाटकमा मनोविश्लेषणबारे सम्यक चर्चा परिचर्चा गरेका छन् । यस कृतिमा पाँचवटा परिच्छेदहरू रहेका छन् । पहिलो परिच्छेदलाई नाट्यसिद्धान्तको चर्चा परिचर्चामा केन्द्रित गरिएको छ र यसअन्तर्गत संस्कृत नाट्यसिद्धान्त ('नाट्य' शब्दको व्युत्पत्ति र अर्थ, नाटकको स्वरूप र परिभाषा, संस्कृत नाटकको उत्पत्तिको स्रोत), नाटकको संरचना, भरतवाक्य, कथावस्तु, कथावस्तुको प्रकार, अर्थोपक्षेपक, कार्यावस्था आदिबारे सम्यक चर्चा गरिएको छ । साँच्चि भन्ने हो भने पहिलो परिच्छेदमा नाटकको उत्पत्ति र विकास (सैद्धान्तिक पक्षका साथै) बारे विस्तृत वर्णन गरिएको छ ।

यस कृतिको दोस्रो परिच्छेदलाई नेपाली नाटकको विकास प्रक्रियामा केन्द्रित गरिएको छ र यसअन्तर्गत नेपाली साहित्यको प्राथमिक काल, माध्यमिक काल तथा आधुनिक कालमा लिखित नेपाली नाटकको के कस्तो अवस्था थियो भन्ने तथ्योद्घाटन गरिएको छ । नेपाली साहित्यको आधुनिक कालमा सृजित नाटकहरुलाई आदर्शोन्मुख यथार्थवादी नाटक, सामाजिक यथार्थवादी नाटक, प्रगतिवादी नाटक, मनोविश्लेषणात्मक नाटक प्रयोगशील नाटक र उत्तरवर्ती नाटकमा विभाजित गरी व्याख्या विश्लेषण गरिएको छ ।

यस कृतिको तेस्रो परिच्छेद 'आधुनिक नेपाली नाटकमा अचेतन'लाई वर्णन गर्नमा केन्द्रित रहेको छ । यसअन्तर्गत समालोचकले बडो मिहेनतका साथ अचेतनको स्वरूप, आधुनिक नेपाली नाटकमा दमित इच्छा, इडिपस ग्रन्थि, अहम् रक्षायुक्ति र स्वप्नअभिव्यक्तिबारे व्याख्या विश्लेषण गरेका छन् ।

यस कृतिको चौथो परिच्छेदमा आधुनिक नेपाली नाटकमा वैयक्तिक मनोविज्ञानबारे चर्चा गर्दै आधुनिक नेपालीमा रेखाङ्कित हीनताग्रन्थि, उच्चताग्रन्थि र क्षतिपूर्तिबारे सूक्ष्मढङ्गले वर्णन गरिएको छ । यस कृतिको अन्तिम तथा पाँचौँ परिच्छेदलाई आधुनिक नेपाली नाटकमा विश्लेषणात्मक मनोविज्ञानको चर्चा परिचर्चामा केन्द्रित गरी आधुनिक नेपाली नाटकमा अन्तर्मुखी तथा बहिर्मुखी व्यक्तित्व एवम् सामूहिक आद्यबिम्बबारे सूक्ष्मढङ्गले व्याख्या विश्लेषण गरिएको छ ।

समालोचक घर्तीले आधुनिक नेपाली नाटकहरूमध्ये गोविन्दबहादुर मल्ल ' गोठाले'का भूसको आगो (२०३५), दोष कसैको छैन (२०२७), घोषणा (२०५४), च्यातिएको पर्दा (२०५६), पत्थरको कथा (२०३४), स्मृतिको परखालभित्र (२०४०), भूलैभूलको यथार्थ (२०४१), बौलाहा काजीको सपना (२०४८), कोही किन बरबाद होस् (२०४९), र जिउँदो लास (२०५८), बालकृष्ण समका 'अन्धवेग' (वि.सं.२०४९), स्वास्नीमान्छे (२०५०) र प्रह्लाद (२०५४) एवम् गोपालप्रसाद रिमालको यो प्रेम (२०४९) मा चित्राङ्कित पात्रहरूमा देखिएका अन्तर्मुखी र बहिर्मुखी

जगत्का कार्यव्यापार एवम् कार्यव्यवहारहरूमा अभिभूत मनोविज्ञानको सूक्ष्म व्याख्या विश्लेषण गरेका छन् र यस क्रममा यिनले सैद्धान्तिक अवयवहरूलाई सटीक एवम् सरल रूपमा परिभाषित गर्दै सोलाई अझ स्पष्ट पार्नका लागि चयन गरिएका नाटकहरूका पात्रहरूबिच भएका संवादहरूलाई साक्ष्यको रूपमा प्रस्तुत गरेका छन् । यहाँनिर एकाध वटा सैद्धान्तिक अवयव एवम् प्रस्तुत गरिएका साक्ष्यहरू यसप्रकार प्रस्तुत गरिएका छन् -

आधुनिक नेपाली नाटकमा अन्तर्मुखी तथा बहिर्मुखी व्यक्तित्वको झलक : समालोचकले यस उपशीर्षकमा आधुनिक नेपाली नाटकमा अन्तर्मुखी तथा बहिर्मुखी व्यक्तित्वबारे निकै सरल एवम सटीक ढङ्गले व्याख्या गर्दै नेपाली नाटकहरूमा चित्राङ्कित पात्रहरूको चरित्र तथा त्यो चरित्रद्वारा गरिएको संवादका माध्यमले आफ्नो अध्ययन सिद्ध गरेका छन् । जस्तै, विजय मल्लको जिउँदो लास नाटकमा प्रतिमाको यो भनाइ, ‘‘म मुर्दाकी स्वास्नी त हुँ नि विधवा भनेपछि ‘मुर्दाकी स्वास्नी’ हैन ?... म लाससँग हरदम उठ्छु । ध्यानमा सधैँ लासैलाई ल्याइरहन्छु, लास मेरो निम्ति जिउँदै छ-जिउँदो मानिस भन्दा पनि जिउँदो’’ (पृ.सं.१७२) लाई साक्ष्यको रूपमा राखेर समालोचकले बडो सुन्दर ढङ्गले मानव मनमा हुने गरेको अन्तर्मुखी र बहिर्मुखी कार्यव्यपापारलाई उजागर गरेका छन् र प्रतिमा नामक पात्रको माध्यमले सामान्य नारी मनको मनमा उठ्ने गर्ने भावको विश्लेषण गरेका छन् ।

समालोचकले विभ्रमलाई निकै सटीक ढङ्गले परिभाषित गर्दै लेखेका छन्, ‘‘ विभ्रम कुनै अनुपस्थित वस्तु, व्यक्ति या परिस्थितिलाई उपस्थित अनुभव गर्ने मनोदशा हो’’ (पृ.सं.१७६) । साथै यिनले आफ्नो व्याख्यालाई प्रमाणित गर्नका लागि ‘जिउँदो लास’ (विजय मल्ल) को पात्रा उर्मिलाको भनाइलाई साक्ष्यको रूपमा प्रस्तुत गरेका छन्, जस्तैः ‘‘दाइ, घाम लागिरहेको थियो । उज्यालो थियो । रुखको छायामुनि आएर प्रतिमाको भिनाज्यूले मलाई बोलाउनुभयो- म बिउँझिरहेकी थिएँ । उहाँले हाँसेर भन्नुभयो- ‘‘तिमी किन तर्स्यौ? तिमी मलाई पर्खिरहन सक्तिनौ ?’’ मैले भनेँ, ‘‘म आजसम्मन कतै नगएर पर्खिरहन्छु’’... घाम लागेको हुन्छ... घाम’’। भन्दा भन्दै मर्छे ।

नाटकमा आद्यबिम्बलाई भूतप्रेतको उत्पत्तिको आधार मान्दै यो आद्यबिम्ब मिथकहरूमा बाँचिरहने विचारलाई प्रस्तुत गर्दै बालकृष्ण समद्वारा लिखित प्रह्लाद नाटकलाई साक्ष्यको रूपमा अगाडि सारेका छन् । यस नाटकमा प्रह्लादप्रति सिंहिकाको भनाइले मिथकीय सन्दर्भलाई स्पष्ट पारेको कुरा उल्लेख गर्दै साक्ष्यस्वरूव त्यो राखिएको छः कहाँको भाइको नाता, हामी दैत्य ऊ देवता/ ऊ बाँचे मर्दछौँ हामी, हामी बाँचे ऊ मर्दछ (पृ.सं.१८५) । प्रस्तुत नाटकको मुख्य द्वन्द्व नै देव र दैत्यबिचको द्वन्द्व हो ।

निष्कर्षमा के भन्न सकिन्छ भने समालोचक घर्तीले बडो परिश्रमका साथ आधुनिक नेपाली नाटकहरूमा अभिरेखाङ्कित मानव मनको द्वन्द्व, अभिव्यक्ति, उकुसमुकुस, पीडा, व्यथा, मानवीय जीवनले भोग्ने गरेको सन्त्रास, निरासा, हतास आदिको सूक्ष्म मनोविश्लेषणात्मक व्याख्या विश्लेषण गरेका छन् ।

# 'मुखिया बा'को जीवन दर्पण; एक ऐतिहासिक दस्तावेज



– घनबहादुर थापा

स्मृतिग्रन्थ प्रकाशन गर्नु भनेको दिवंगत व्यक्तिले जीवनकालमा समाज, राष्ट्र वा मानवता हितमा गरेको योगदानप्रति सम्मान गर्नु हो । त्यस्ता व्यक्तिको अनेक अर्थमा योगदान र व्यक्तित्वको चर्चा गर्नु हो । यसलाई सांस्कृतिक तथा नैतिक अभ्यास गर्दै पूर्वजप्रति नयाँ पिँढीले कृतज्ञता व्यक्त गर्ने माध्यमको रूपमा पनि लिन सकिन्छ । स्मृतिग्रन्थले दिवंगत व्यक्तित्वलाई चिरकालपर्यन्त स्मरण गर्न सहयोग पुऱ्याउने भएकोले यस कार्यलाई अनेक अर्थमा महत्त्वपूर्ण, सान्दर्भिक र सार्थक कार्य मानिन्छ ।

यहाँ उठाउन खोजिएको प्रसङ्ग, 'मुखिया जेमदग्नि पौडेलको जीवन दर्पण' नामक स्मृतिग्रन्थको हो । जेमदग्नि पौडेलको जन्म वि.सं. १९६९ कार्तिक ३ गते शुक्रवारका दिन म्याग्दी जिल्ला हालको बेनी नगरपालिका वडा नम्बर ५ पुलाचौरको डाँडामा भएको थियो । राणाशासक चन्द्र शमशेर जबराले प्रचलनमा ल्याएको तालुकदारी प्रथाअन्तर्गत जेमदग्निका बुवा षडानन्द पौडेललाई मुखियालीको जिम्मेवारी प्राप्त भएको थियो । तालुकदारी वंशानुगत रूपमा चलि आउनेमा गाजने जफदी तर्फको मुखियाली उहाँले प्राप्त गरेपछि 'मुखिया बा'को रूपमा उहाँ परिचित भएको देखिन्छ । समाजसेवामा काम गर्ने अवसरले नै उहाँले आफ्नो खुवी प्रदर्शन गर्ने मौका पाएको देखिन्छ । इमानदार रहेर अनवरत गरेका आफ्ना राम्रा कामले प्रख्याती पाएका उहाँको जीवनीमा आधारित भएर स्मृतिग्रन्थ तयार पारिएको देखिन्छ ।

स्मृतिग्रन्थलाई पाँच भागमा विभाजन गरिएको छ । जसको शुरूमा 'मुखिया जेमदग्नि पौडेलको संक्षिप्त जीवन गाथा' शीर्षकमा उनको जन्मदेखि मृत्युसम्मको जीवनकथा सिलसिलेवर व्याख्या गरिएको छ । जन्मपछि तत्कालीन परम्पराबमोजिम विधिपूर्वक नामकरण र व्रतबन्ध गरिएको प्रसङ्ग छ । कलिलो उमेरको रहरलाग्दो कथा यस भागमा समेटिएको छ । आठ वर्षको कलिलो उमेरमा तीन महिनाको अन्तरालमै मातापिता गुमाउनु परेको र उहाँमाथि आइलागेको बज्रपात खण्ड पढ्दा आँसु चुहिन्छ । यस कठिन घडीमा उहाँकी दिदीले संरक्षकत्व/अभिभावकत्व ग्रहण गरी दिनचर्या सहज बनाइदिएको

प्रसङ्गले मन पगाल्छ । जीवनजगत्का आरोहअवरोह पार गर्ने क्रममा उमेरसँगै दुखका क्षण व्यहोर्नुपर्ने मानवका लागि स्वभाविकै भए पनि बाल्यकालमै यस्तो अवस्थाको सिर्जना हुनु दुर्लभ नै मान्नुपर्छ । जुन, मुखिया बाले भोग्नुपरेको कथा छ, त्यो करूणामय छ । त्यसपछि उनको पढाइलेखाइ, विवाह, तालुकदारी, कृतज्ञता प्रदर्शनको अतुलनीय उदाहरण जस्ता शीर्षकमा उहाँका जीवनका उतारचढावहरू दर्शाइएको छ । शान्तभावले पढ्दा उनको जीवनी एउटा सङ्घर्षको सिङ्गो कथा पढेजस्तो र जेमदग्नि पौडेल यसका काल्पनिक नायक जस्तो लाग्छ ।

सानै उमेरमा विवाह भए पनि ३४ वर्षको उमेरमा मात्र उहाँलाई सन्तति सुख प्राप्ती भएको छ । ढिलो सन्तानसुख प्राप्त भए पनि उनका दुई वटी श्रीमतीबाट ११ सन्तानको जन्म भएका थिए । सन्तानप्रतिको कर्तव्य निर्वाह गरिएको प्रसङ्गले उनको जीवन दर्पणलाई उज्यालो दिएको देखिन्छ । भगवती कोट पूजा सञ्चालन, राजनीतिक चेतना, अन्तरिम स्थानीय निकायको स्थापना, विद्यालय स्थापना, ताराघाट व्यवस्थापन, आम-निर्वाचन विसं २०१५, संसद विघटन/विस्थापन, स्थानीय निर्वाचनमा सहभागिता, गाउँ पञ्चायत भवन निर्माण, धर्म भकारीको स्थापना, समुदायको आय आर्जनमा पहल जस्ता शीर्षकमा गरिएका उनका कामका व्याख्याले उनको राजनीतिक र सामाजिक जीवनलाई उजागर गरेको छ । वार्षिक भोजको प्रबन्ध, राजकीय जिम्मेवारी, बस्ती व्यवस्थापन, सामाजिक कार्यको सिलसिलेवर वर्णन रोचक छ । न्याय सम्पादन, जिम्मेवारी हस्तान्तरण, तीर्थाटन, सहयोगी साथ र हातहरू, रुचि र शोखहरूबारे प्रशस्त पढ्न पाइन्छ । यस भागको अन्त्यमा निधन उपशीर्षकमा वि.सं. २०४५ फागुन ५ गते ७६ वर्षको उमेरमा निधन भएको उल्लेख छ । जीवनकाल, सङ्घर्ष र दैनिकीका फेहरस्ती एउटा सिङ्गो किताब नै बनेको अवस्थामा यो छोटो टिप्पणीमा अटाउन सम्भव देखिँदैन ।

ग्रन्थको दोस्रो भागमा 'विद्वतहरूको सम्झनामा स्वर्गीय मुखिया बा' शीर्षकमा पाँच जना विद्वान्को संस्मरण समेटिएको छ । विद्वतहरू सबैजनाले उहाँका सत्कर्मको व्याख्या सकारात्मक रूपमा गरेका छन् । शिक्षाको ज्योति फैलाउने पवित्र कर्ममा मुखिया बा सदैव क्रियाशील रहेको प्रसङ्ग उठाइएको छ । उहाँमा नकारात्मक पक्ष थिए वा थिएनन् खासै कुनै तथ्य उल्लेख गरेको देखिँदैन ।

तेस्रो भागमा 'समवयीहरूको स्मृतिमा स्वर्गीय मुखिया बा' शीर्षकमा पाँच जना समवयीहरूको उहाँमाथिको धारणा समेटिएको छ । यस खण्डमा उहाँले झोलुङ्गे पुल निर्माण, स्कुल स्थापना, वन जङ्गल संरक्षण, बाटोघाटो निर्माण लगायत धेरै राम्रा सामाजिक कामहरू गरेको स्मरण गरिएको छ । संस्कार र संस्कृति संरक्षण गर्ने, कला र गलाका धनी, शान्त स्वभावका वहुप्रतिभाका धनी व्यक्तित्व भएको प्रमाण यस स्मृतिग्रन्थमा समवयीहरूले पेश गरेका छन् ।

त्यसैगरी चौथो भागमा 'आफन्तहरूको कलमबाट' शीर्षकमा आठ जना नातेदारहरूको विचार राखिएको छ।

यस भागमा खासगरी उहाँका गुणहरूको स्मरण गरिएको छ । एक शालिन र भद्र व्यक्तित्वको रूपमा चित्रण गरिएको छ । स्थिरता, धिरता, भद्रता, सहनशीलता जस्ता गुणहरूलाई मुक्तकण्ठले प्रशंसा गरिएको छ । कम बोल्ने, सोचेर बोल्ने, कोही कसैको कुभलो नगर्ने, इमानदार, स्पष्टवक्ता, त्यागी र कर्तव्यप्रति अटल आत्मविश्वासी व्यक्तित्वको रूपमा उहाँलाई सबैले चिनेको दलिल पेश गरिएको छ । तालुकदारी लेखौटमा दक्ष मात्र हैन उहाँ हिन्दूधर्म शास्त्रहरूमा प्रशस्त ज्ञान आर्जन गरेको विद्वानको रूपमा लिइएको चर्चा स्मृतिग्रन्थमा छ ।

ग्रन्थको अन्त्यमा 'सन्ततीहरूको स्मृतिमा स्वर्गबासी संरक्षक' शीर्षकमा उहाँका सन्ततीहरूको स्मृति प्रकाशित छन् । उहाँलाई जीवित देख्ने र उहाँको मृत्यु पश्चात जन्मेका गरी २० जना सन्ततीहरूका लेखरचना समेटिएका छन् । सबै मानिस मित्र हुँदैनन्, त्यसैले मान्छे चिनेर व्यवहार गर्नुपर्छ । नबिराउनु, नडराउनु भन्ने आदर्श हुनुपर्छ । दिएर खान पुगोस् लिएर खान नपरोस । जिम्मेवारीबाट भाग्नु हुँदैन । ईमानदार हुनुपर्छ । असल संस्कारले नै सकारात्मक गुणहरूको विकास हुन्छ । चुनौतीलाई अवसरको रूपमा लिनुपर्छ भन्ने जस्ता आदर्श कुराहरू अहिले पनि उहाँका सन्ततीहरूले सम्झिरहेका रहेछन्, जुन स्मृतिग्रन्थमा पढ्न पाइन्छ । सबैका संस्मरण लेखमा उनले गरेका असल कर्म उजागर गरिएको छ । मुखिया भन्दा बित्तिकै सामन्त हुनु, निमुखालाई कज्याउँछन् । आफ्नो लाभ र स्वार्थ मात्र हेर्छन् भन्ने आम धारणालाई मुखिया जेमदग्निले पूरै तोडेको विचार र विश्वास उहाँका सन्ततीहरूमा प्रबल रहेको देखिन्छ ।

म्याग्दीको पुलाश्रम क्षेत्रमा 'मुखिया बा'को उपनामले सुपरिचित एउटा स्मरणीय व्यक्तित्वको नाम हो जेमदग्नि पौडेल । मानिसको जीवन दर्पणले उसको दर्शन, साहित्य, धर्म र मनोविज्ञान सबै दृष्टिकोण उजागर गर्दछ । यसबाट 'मुखिया बा'को बहुआयामिक व्यक्तित्वको सम्मान मिलेको र कर्मको दर्पणको रूपमा ग्रन्थ आएको देखिन्छ । स्मृतिग्रन्थ विचार र भावनाको दर्पण हो । समाजको दृष्टिकोणले पनि यो निकै महत्त्वपूर्ण छ । यस ग्रन्थमा स्पष्टता र सजगताले 'मुखिया बा'को हृदयमा झुल्किएको सत्यलाई नियाल्दै प्रतिविम्बित गर्न सक्नेछ भन्ने लाग्छ । जसले उहाँको सम्झनालाई चिरस्थायी बनाउने पवित्र उद्देश्यलाई सार्थक बनाउन सहयोग मिल्नेछ ।

समग्रमा पुस्तक पठनीय छ । 'मुखिया बा'का केही हस्तलिखित दस्तावेजहरूले कृतिको ओज बढाएका छन् । परिवारका सदस्यहरूको तस्बिरहरूले कृतिलाई जीवन्त बनाएका छन् । 'मुखिया बा'का जेष्ठ सुपुत्र यादव प्रसाद शर्मा पौडेलद्वारा लिखित 'जीवनगाथा लेखनको उदेश्य'ले ग्रन्थ प्रकाशनको मर्म बुझ्न पाठकलाई सजिलो बनाएको छ । बालकुमार पौडेल पछिको मूलघरे पौडेलको वंशावली समेटिएकोले यसप्रति चासो राख्नेहरूलाई खुराक मिलेको छ । वंशावलीको संक्षिप्त रूपरेखा समेटिएको र मुखिया बाद्वारा लिखित दस्तावेजहरूलाई रङ्गीन लिपिवद्ध गरी प्रकाशित गरिएकोले कृति इतिहासको दस्तावेज बनेको छ ।

# कपिल अज्ञात र 'भुमरीको बतास'



**– चिरञ्जीवी दाहाल**

कविता, शब्द र वाक्यहरूको त्यस्तो समूह हो जसमा सुन्दर, अनौठो, अद्भूत र आनन्ददायी अर्थ समाहित भएको हुन्छ । शब्द र भाषाको समुचित प्रयोगका कारण कवि भावनाले सुन्दर आकार ग्रहण गर्ने मात्र होइन कविता कोमल, सुन्दर र हृदयस्पर्शी बन्छ । त्यसैले काव्य विज्ञहरूले कविताको मुख्य उपकरण कवितामा प्रयुक्त भाषालाई मान्ने गरेका छन् । भाषाको समुचित प्रयोगले कविताई प्रशस्त उर्जा प्रदान गर्छ र कवितालाई जुरुक्क उचाल्ने काम गर्छ । यसरी आकार लिएका शब्दहरूको समुहले थोरैमा धेरै कुराहरू बोलिरहेका हुन्छन् र कविता, वास्तविक कविता बन्छ । जसरी प्रा.कपिल अज्ञातका कविता बनेका छन् । यो बतास कविको जीवनमा आएको बतास हो भन्ने लाग्छ । म यहाँ भैरव वाङ्मय प्रतिष्ठानले भर्खरै प्रकाशन गरेको कवि अज्ञातको कवितासङ्ग्रह "भुमरीको बतास - २०८१" बारे केही चर्चा गर्दैछु ।

प्रस्तुत कृतिमा कवि अज्ञातले अत्यन्त सुन्दर शब्दको चयनगरि निकै सुन्दर कविताहरू रचना गरेका

छन् । भाषाको प्रयोगमा विषयवस्तुसँग तादात्म्य नभएका कविता निराकार हुने थिए र कविताले व्यापक प्रभाव छोड्न असमर्थ हुन सक्थ्यो । यहाँ अज्ञातले प्रस्तुत कृतिमा पाठक माझ व्यापक प्रभाव छोड्न सफल भएका छन् । यही सुन्दर शब्द चयनका कारण "भुमरीको बतास" कृतिमा उनी अत्यन्त भावुक, सभ्य र ज्ञानी कविका रूपमा प्रस्तुत भएका छन् । यसरी विचार वा भावनाहरू व्यक्त गर्न शब्द र भाषाको आवश्यकता पर्छ । भाषाले भावनाहरू व्यक्त गर्न र भावनाहरूलाई जगाउन र उत्तेजित गर्ने काम गर्छ । यदि कविले कुनै भावनामा डुबेर त्यसलाई मिठो भाषामा व्यक्त गर्ने सामर्थ्य राख्दछ भने त्यो भावना, पूर्ण सहजताका साथ जागृत हुन्छ । त्यसपछि भने बल्ल सुन्दर कविताको जन्म हुन्छ । मेरो विचारमा यस कृतिमा अज्ञातले मनको भावुकता र सभ्यता मजैसँग पोखेका छन् र काव्य फाँटमा सफल काव्य कृतिको अनमोल फसल उपहार दिएका छन् ।

मैले कपिल अज्ञातलाई मूलतः एउटा सफल समालोचक र आलेख लेखक मात्र सोचेको थिएँ । जब उनको प्रस्तुत कृति भुमरीको बतास अध्ययन गर्ने मौका पाइयो उनीभित्रको कवि हृदय

कति कोमल र कति खारिएको रहेछ, जुन सबैका सामु छर्लङ्ग भएको छ । कृतिमा कविले विविध छन्दमा कविता कोरेका छन् तर पनि अधिकांश अनुष्टुप छन्दमा रचिएका कविता पढ्न पाइन्छ ।

एकजना प्रख्यात समालोचक भित्र यति गहिरो कवि हृदय भएको यथार्थ यो भुमरीको बतास हात परेपछि पुष्टि हुन्छ। हुन त कविको यो पहिलो कवितासङ्ग्रह भने होइन । उनले यस अघि पनि पनि रसिला र सुन्दर कवितासङ्ग्रह "अज्ञातका कविता -२०४७ र निर्वात स्वरहरू - २०६७ " प्रकाशित गरिसकेका छन् र एकजना सफल कविको परिचय दिइसकेका छन् । कवि मुक्तक र गजल लेखनमा पनि उत्तिकै सक्रिय छन् । उनका मुक्तकहरू त्यतिकै प्रभावशाली हुने गरेको पाइन्छ ।

शब्द र छन्दको अपूर्व सङ्गमका कारण भुमरीको बतास भित्र सङ्ग्रहीत कविताहरू बेजोडका छन् । सङ्ग्रहमा सङ्ग्रहित प्रत्येक कविताले पाठकको मन सजिलै खिच्छन् । प्रस्तुत कविताले मेरो जस्तै तमाम पाठकको मन पनि अवश्य तान्नेछ । कृतिभित्रको उनको "सत्य नै साथ" शीर्षकको यो कवितामा "सत्य " मात्र बोल्नुपर्छ भन्दै कविले अत्यन्त सारगर्भित सन्देश प्रस्तुत गरेकाछन् ।

सत्य बोलुँ सधैँ लाग्छ अप्रिय नै भए पनि

लाग्दैन डर यो भित्र शत्रु धेरै रहे पनि

दुर्बुद्धि भन्दछन् कोही ठान्छन् कोही कलङ्कित

चाहन्छन् किन यो कालो सूचीमा नाम अङ्कित

यस कवितामार्फत कविले, प्रिय नहोस् तर आफू सधैं सत्यकै पक्षमा मात्र रहने उद्घोष गरेका छन् । यसबाट कविको सत्यवादी धारणा स्पष्ट देख्न सकिन्छ। कविले, शाकाहारी हुने हो भने कोरोना जस्ता महामारी फैलन नसक्ने र हाम्रा हिमाली जडिबुटीबाट पनि असाध्य रोग नियन्त्रण गर्न सकिने जस्ता आयुर्वेद शास्त्रका प्रसङ्ग उठाएका छन् । कतिपय औषधीहरू हाम्रो भान्सामा छन् भन्दै कवि लेख्छन्-

खोकी ज्वरादिमा हाम्रो भान्साभित्रै छ ओखती

बेसार अदुवा ज्वानो तुलसी तेजपात तीब

दिन्दिनै दूधको सट्टा पिए जडिबुटी चिया

प्रतिरोधी दह्रो बन्छ लाग्दैन देहमा खिया ।

यति मात्र होइन, कतै कविका कवितामा जीवन बोलिरहेको पाइन्छ ,

हर मानिसका निम्ति आफ्नै जीवन युद्ध हो

शत्रु होस् जति नै आगो लड्नै पर्ने स्वधर्म हो

हारजीत जहाँ जे होस् निभाउनै छ कस्सिनु

कष्टका डरले हुन्न कालका सामु लत्रिनु ।

यसरी कविले जीवन युद्धबाट भाग्नु हुँदैन कस्सिएर सामना गर्नुपर्छ भन्ने सन्देश कवितामार्फत पोखेका छन् । कविता नदीको प्रवाहजस्तै सलल बगेका

छन् । पढ्दा निकै आनन्द दिने खालका छन् । बेलाबखत कवितामा प्रयुक्त भाषाका सन्दर्भमा विचार गर्नुपर्ने प्रश्नहरू पनि उठ्ने गरेको पाइन्छ । कविताको भाषा कस्तो हुनुपर्छ ? यस प्रश्नमा मतभेद पाइन्छ । कतिपय विज्ञहरू कविताको भाषालाई आम जनताको भाषाभन्दा फरक हुनुपर्ने ठान्छन् । कतिपयको विचारमा आम भाषाभन्दा फरक भाषाले मात्र कविता उत्कृष्ट हुँदैन, कविताको भाषा आम पाठकको पहुँचमा हुनुपर्छ, सरल हुनुपर्छ । व्यक्तिका अवधारणा जे सुकै हुन् कविताको उत्कृष्टता शब्द चयनमा भरपर्छ ।

यहाँ, सुन्दर रसिला शब्द चयन गरिएको छ तर कविता क्लिष्ट छैनन् अत्यन्त सरल र मनमोहक छन् । कवितामा जटिल र सस्ता शब्दावलीको प्रयोग गरिएको छैन । सम्पूर्ण कविता रस र अलङ्कारले भरिपूर्ण बनाइएको छ । कविका भावनामा मिठास र विशालता पाइन्छ । प्रयुक्त भाषामा पाठकको सहज पहुँच भएकोले कविताहरू लोकप्रिय बनेका छन् । कतिपय कवितामा भाषालाई सरल वा जटिल बनाउने प्रयासले कवितालाई अस्वाभाविक बनाइने रोगबाट प्रस्तुत कृतिका कृतिकार एवं कवि पूर्णरूपमा मुक्त देखिन्छन् ।

कवितामा प्राकृतिक आनन्द र जीवनप्रतिको लक्ष्यलाई उजागर गरिएको छ । यति मात्र होइन, कवितामा जीवनको ज्ञान, अनुभव, भावना र शब्द एवं भाषा प्रति विशेष ध्यान दिएकोले कविको कविता शिल्पको प्रशंसा गर्नै पर्ने हुन्छ । यस बाहेक कवितामा रस, ध्वनि र ऋति भरपुर पाइन्छन् जसलाई कविताको बिज मान्ने गरिएको छ । यिनै तत्त्वको उपस्थितिले कवितालाई सौन्दर्य प्रदान गरेको छ र कविता उत्कृष्ट बनेका छन् ।

हामी भूपरिवेष्ठित मुलुकमा रहने भएकोले सामुद्रिक भुमरीसँग हामी त्यति परिचित छैनौँ । हामीले देखेको र व्यहोरेको भुमरी पनि बतासकै भुमरी हो । त्यसैले भुमरीको बतास भन्नासाथ भयङ्कर ठूलो आँधिबेहरीलाई सम्झनुपर्छ । मान्छेको जीवनमा सुख दुःख आउँछन् । कहिलेकाहीँ ती हावा हुरी र बतास आए झैँ आउछन् । बलियोसँग गाडिएको खम्बालाई समेत हल्लाउँछन्, उस्तै परे तहसनहस बनाउँछन् । यहाँ कविले आफूले जीवनमा भोगेका साना ठूला कहरहरू विशेष गरेर कोभीड १९ जस्ता डरलाग्दो बताससँग भिड्नु परेका प्रसङ्गसमेत उल्लेख गरेकोले कविताको शीर्षक अत्यन्त सान्दर्भिक देखिएको छ । शीर्षक मात्र होइन, कोभिड १९ का बारेमा भावी पिँढीलाई समेत महत्त्वपूर्ण जानकारी उपलब्ध हुने देखिन्छ । साहित्य जगत्मा सुन्दर कृति प्रकाशित गरि महत्वपूर्ण योगदान गर्ने कवि प्रा. कपिल अज्ञातलाई हार्दिक बधाई ।


**काठमाडौंमा नवप्रज्ञापन पाइने ठाउँ :**

- पिपलबोट, न्युरोड
- प्राज्ञिक बुक्स, बागबजार
- भण्डारी बुक्स एण्ड स्टेशनरी, बागबजार

# शेखर अर्याल र उनको लघुकथासङ्ग्रह चाँदनी



– डा. छायादत्त न्यौपाने बगर

शेखर अर्याल नेपाली साहित्यका बहुविधामा कलम चलाउने प्रतिभा हुन् । मदाने-३, गुल्मी (२०२८) मा जन्मेका अर्यालको हालको बसोबास कीर्तिपुर-४,काठमाडौं रहेको छ । अर्याल त्रिविबाट नेपाली विषयको दर्शनाचार्य उपाधि प्राप्त गरी नेपाली बालनाटकमा सामाजिक चेतना शीर्षकमा विद्यावारिधि अध्ययनरत स्रष्टा हुन् । दर्जनौं कृतिका लेखक/सम्पादक अर्यालको नेपाली साहित्यमा लघुकथा, निबन्ध, कविता, साइनो कविता, बालसाहित्य सिर्जना र समालोचना तथा सम्पादनका क्षेत्रमा योगदान रहेको पाइन्छ । शिखर माविको मुखपत्र मित्रता (२०५४)मा शीर्षकको लघुकथा प्रकाशन गरेर नेपाली साहित्याकाशमा देखापरेका अर्यालका काकालाई चिठी (२०७८ (कलम बालकवितासङ्ग्रह, चाँदनी लघुकथासङ्ग्रह (२०७९), मेरो साथी मुने बालकथासङ्ग्रह (२०८०), साइनो मञ्जरी साइनो कवितासङ्ग्रह (२०८०) समेत विद्यालयदेखि महाविद्यालय तहसम्मका पाठ्यपुस्तकहरूको सहलेखन/सम्पादन गरेका छन् ।

'लघुकथा आख्यान विधासित सम्बन्धित उपविधा हो' (पोखेल, २०६५.पृ.७) । जीवनको क्षणविशेषमा सुटुक्क पसेर थोरै पात्रको चलखेलसँगै फुत्त निस्कने शैलीको छोटो रचना लघुकथा मानिन्छ। लघुकथाका ज्ञाताहरू यसमा विषयवस्तुको व्याख्या, चरित्र चित्रण, परिवेश बयानजस्ता कुराले महत्त्व पाउँदैनन् भन्ने तर्क दिन्छन् । 'लघुकथा भनेको सानो आयातन भएको आफैमा पूर्ण त्यो कथा हो जुनविना भूमिका सुरु हुन्छ र व्यङ्ग्यात्मक एवं चमत्कारपूर्ण प्रभावसहित टुङ्गिन्छ' (पोखेल,२०६५. पृ.९) । यो आख्यान विधाको चर्चित र लोकप्रिय हुँदै आएको सानो जिउको खँदिलो प्रस्तुति हो । 'कथा घटनाहरूको समूह भएजस्तै लघुकथा पनि घटनाहरूको समूह हो' (शर्मा, २०७८, पृ.३१४) । ..' द्रूत गतिमा विकसित घटनाक्रम साँघुरिँदै आजको युग,विद्युतीय सञ्चार माध्यमको तीव्रतम विकास,...,अस्तव्यस्त जीवन शैलीका बिचमा पाठकको रुचि एवं सौन्दर्यानुभूतिसँग एकाकार हुने विशेष गुण भएकै कारण लघुकथा लोकप्रिय हुँदै जानु स्वाभाविक भएकाले समसामयिक परिवेशमा यसको लेखन परम्परा सघन हुँदै गएको छ' (पोखेल,२०६५.पृ.२५) । आजका व्यस्त पाठकको रुचिलाई ध्यान

दिई छोटा साहित्यिक रचनाहरू सिर्जन-कर्मले महत्त्व पाएको देखिन्छ । थोरै समयको लगानीमा साहित्यिक स्वाद लिन पाइने र त्यसको स्वादमा रमाउन सकिने भएकोले पाठकहरूमाझ छोटा कथाको लोकप्रियता बढेको देखिन्छ । जीवनको क्षणिक अवस्था चित्रण गर्ने लघुकथामा साना मसिना आख्यान हुन्छ तर सियाले जस्तै कुच्च घोचेर पाठकलाई झस्काउन सक्छ । यो लघुकथाको सौन्दर्य हो ।

शेखर अर्यालका चाँदनी नामक लघुकथासङ्ग्रह (२०७९) प्रकाशित छ । उनका लघुकथामा वर्तमान समाजका विकृति-विसङ्गतिसँग तीव्र असहमति रहेको पाइन्छ । उनका लघुकथा विषय चयन, पात्र छनोट, परिवेश चित्रण, संवाद संयोजनको समुचित प्रस्तुति दिइएका चोटिला सिर्जना हुन् । स्रष्टाले लघुकथाको लागि आवश्यक विषयवस्तुको चयन मानव समाजबाटै गरेको देखिन्छ । चाँदनी (२०७८) शेखर अर्यालका प्रकाशन क्रमका मौलिक कृतिमध्ये तेस्रो हो । प्रस्तुत सङ्ग्रहमा (२०५४-२०७९) सम्मका लघुकथाहरू सङ्कलित छन् । यस सङ्ग्रहका लघुकथाहरूमा विविधता पाइन्छ । कतिपय कथाले सहमति गरिएका निश्चित अङ्कमा झुक्याएर सुन्ना थपी तमसुक लेख्ने र निमुखा मान्छे ठग्ने ठगाहा दुष्ट र त्यस्ताबाट ठगिने शोषित पीडित मानिसहरूको समस्यायुक्त सामाजिक कथाबेथाको सजीव चित्र उतारिएको पाइन्छ । कलिलै उमेरका विधवा महिलाको पुनर्विवाहलाई प्रोत्साहन गरेर निम्छरो सांस्कृतिक परम्परालाई चुनौतीदिने प्रयत्न गरेको देखिन्छ सङ्ग्रहको शीर्षकथा चाँदनीले । यसले सामजिक चेतनाबिउँझाउने गरी सांस्कृतिक क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्याउन जोड दिएको पाइन्छ । सिङ्गै सङ्ग्रहको भारी बोकेको चाँदनी शीर्षकको लघुकथाले नै संवेदनायुक्त मन छुने गरी युवाचेतना बिउँझाएको छ ।

शेखर अर्यालका लघुकथामा विषय विविधता पाइन्छ । वर्तमान समाज, राजनीतिक वृत्त, शैक्षिक जगत, स्वास्थ्य क्षेत्र, कृषिकर्म समेत विविध क्षेत्रबाट घटनावस्तु टिपेर रचिएका यी लघुकथाले सामन्ती मनोविज्ञान, गलत खानपानलेबसाएको लतले परिवारमा पार्ने असरलाई समस्याको रूपमा देखाई त्यसको समुचित निकास पहिल्याउने प्रयास गरिएको छ । मित्रता शीर्षकको लघुकथाले राजनीतिक समूहले शैक्षिक प्रशासनिक पद बाँडिचुँडी गर्ने गरेको बेथितिले शैक्षिक संस्थाहरू तहसनहस हुने गरेको यथार्थ औंल्याई ती समूहलाई यस्तो सङ्कीर्ण चिन्तनबाट मुक्त भई सिर्जनात्मक काम गर्न सक्ने सक्षम र इमानदार प्रशासक नियुक्त गरी शैक्षिक वातावरण जोगाउनुपर्ने आग्रह गरेका छन् । कुनै पनि शैक्षिक संस्थाको अगुवाइ गर्ने व्यक्तिले शैक्षिक वातावरण सहज सुमधुर बनाई दूरगामी योगदान गर्न आग्रह गरिएको छ । उत्साह शीर्षकको कथा पनि विद्यालयकै परिवेशमा रचिएको छ । यसले शिक्षकले विद्यार्थी मैत्री वातावरणमा शिक्षण गर्नु राम्रो हो भन्दै

विद्यार्थीका व्यावहारिक समस्यातर्फ पनि ध्यान जानु अनिवार्य हुन्छ भनेको छ । शिक्षक भनेका शैक्षिक सिपयुक्त ज्ञान वितरण गर्ने जिम्मेवार नागरिक भएकाले विद्यार्थीका अप्ठेरो असजिलोमा सहजीकरण गरी विद्यार्थीमैत्री निकास दिनुपर्ने आग्रह गरिएको छ । हुन पनि शिक्षकको जिम्मेवारी सहजीकरण हो भन्ने सबै शिक्षणकर्मीले बुझ्नु जरुरी रहेको तर्क पाइन्छ। यसै गरी क्षुब्ध प्रकृति शीर्षकको लघुकथाले विकासको नाममा भइरहेको प्रकृति विनासले मानव जीवन सङ्कटमा पारेको छ भन्दै यसरी नै प्रकृति दोहन भइरहे देशको भविष्य दुर्घटनामा पर्ने खतरातर्फ ध्यानाकृष्ट गर्दै सतर्क हुन सुझाइएको छ । प्रकृति प्रदत्त सुविधा दीर्घकालसम्म सुरक्षित राख्न ध्यान नदिने र क्षणिक लाभमा एकोहोरिएको मानवीय चेतप्रति तीखो व्यङ्ग्य गरिएको छ ।

आज युवाहरू विदेसिएर गाउँ रित्तिएको छ । कति घरहरू खण्डहरमा परिणत भएका छन् । लहैलहैमा लागेर युवाहरू विदेसिँदा उत्पादनशील खेतबारीका ठुला फाँट बाँझिएको यथार्थ चित्रण गरिएको छ । वृद्ध बाआमालाई पानी खान दिने मान्छे छैनन् तर विदेसको भूतले युवा जाँगर तानिरहेको छ । विदेसमा पुगेर खेप्नुपरेको हैरानी कसैले देखाउँदैन, सुनाउँदैन सञ्जालमा भरेको रमझमयुक्त दृश्य पत्याउने र यथार्थभन्दा टाढा रहने युवा प्रवृत्तिको प्रतिनिधि पाबका रूपमा प्रभालाई उभ्याइएको छ भने विदेश गएर पछुतोमा परेका पीडितको प्रतिनिधित्व नकुलले गरेका छन् । विदेश गएकाले मैले त दुख पाएँ पाएँ साथी वा आफन्तलाई किन स्वाद नचखाई सुख दिने ? यो मनोविज्ञानले जितेर होला आइज-आइज भन्छन् बोलाइरहन्छन् तर त्यहाँ भोगेको असजिलो अप्ठेर लुकाउँछन् । केकेन हौसिएर त्यहाँ पुगेपछि घैटामा घाम लाग्छ । त्यति बेलासम्म धेरै ढिलो भइसकेको हुन्छ । यस्तै हो भनेर तर्केर साथ नदिनेजस्ता समस्याहरूप्रति पाठकलाई गम्भीर हुन आग्रह गरिएको लघुकथा हो, विदेशी भूत । विदेसिएकाले बेथा लुकाएर गर्ने देखावटी व्यवहार स्वदेशमै केही गर्न खोजेका युवाहरूलाई विदेसिन प्रेरित गर्ने तुच्छ प्रवृत्ति उद्घाटन गरी व्यङ्ग्य गरिएको छ। आफ्नै घरखेतमा पसिना बगाएर रम्न नसक्ने लजाउने तर विदेशमा पुगेर जस्तोसुकै काम गर्न तयार हुने दास मनोवृत्तिबाट मुक्त हुन पाठकहरूलाई सचेत गराएको छ । कर्म गर्नु राम्रो हो तर कर्मका नाममा जे पनि गर्ने र आफ्नो स्वाभिमान गुमाएर खुसी हुने बानी पटक्कै राम्रो होइन भन्ने निष्कर्ष निकालिएको छ ।

परिष्कृत भाषाको प्रयोग हुनु, वर्तमान समाजबाट विषयवस्तु टिप्नु, राजनीतिकर्मीका स्वार्थप्रति कटाक्ष गर्नु, सबै खाले विकासको आधार शैक्षिक संस्थामाथिको हस्तक्षेपप्रति तीव्र असहमति जनाउनु, वृद्ध बाआमा चटक्क छाडेर विदेसिने युवाहरूलाई सचेत नागरिक अनि जिम्मेवार सन्तान बन्न आग्रह गर्नु, न्यायिक समाज स्थापनाजस्ता प्रवृत्तिले लघुकथाकार अर्यालको सिर्जनधर्मलाई गति प्रदान गरेको पाइन्छ ।

# दलित इतिहासको सन्दर्भ–सामग्री



– तेजविलास अधिकारी

नेपाली साहित्य र संस्कृतिको अध्ययन र अनुसन्धानमा लागेका दुई जना लेखक रणेन्द्र बराली र डिडी अधिकारीले झण्डै डेढ दशक यता निरन्तर दलित साहित्य र यसको सौन्दर्यशास्त्रमाथि बहस चलाइरहेका छन् । बराली संस्कृतिकर्मी र संस्कृतिसँग अन्तरसम्बन्ध केलाउन तल्लीन लेखकका रूपमा चिनिन्छन् भने समालोचक डिडी अधिकारी आफ्नो उच्च शिक्षाको अध्ययनमा दलित विषयलाई रुचिसाथ अनुसन्धान गर्ने व्यक्तिका रूपमा चिनिन्छन् । यी दुई लेखकको पछिल्लो सहकार्य नेपाल प्रज्ञाप्रतिष्ठानको परियोजना कार्यमा हुन पुगेको छ । भर्खर मात्र 'नेपाली दलित साहित्यलेखनको इतिहास' पुस्तक नेपाल प्रज्ञाप्रतिष्ठान समालोचना तथा निबन्ध विभागले प्रकाशनमा ल्याएको छ । जसमा नेपालमा दलितसाहित्यको लेखनको प्रारम्भदेखि इतिहासका विभिन्न पाटोलाई सूक्ष्म ढङ्गबाट विश्लेषण गरिएको छ । दलित शब्दको उत्पत्तिदेखि नेपाली साहित्यमा यसको प्रयोग र साहित्यमा विविध विधागत स्वरूपमा यसको प्रयोगका बारेमा बुझ्न चाहनेका लागि यो निकै उपयोगी रहेको छ ।

नेपाली साहित्यभित्र विशुद्ध नेपाली भाषामा लेखिएका साहित्यलाई मात्र स्थान नदिएर नेपालभित्रका सबै राष्ट्र भाषामा लेखिएका साहित्य, संस्कृति र लोकजीवनलाई समावेश गर्नुपर्ने आजको आवश्यकता हो । नेपाली भाषामै लेखिएका र नेपाली संस्कृतिको परिचय र पर्यायका रूपमा रहेको श्रमजीवी जनताको इतिहास अभिरेखाङ्कन गर्ने काम सहज छैन । यस्तो जटिल र संवेदनशील विषयमा राज्यको ध्यान जानु निश्चय नै खुशीको विषय हो । यही यात्रामा थोरै नै भए पनि प्रयास जारी रहेको प्रमाण हेर्न 'नेपाली दलित साहित्यलेखनको इतिहास' पढ्नु पर्छ ।

नेपाली साहित्यको इतिहास जति लामो छ, श्रमको आधारमा विभाजित व्यवस्थाले थपेको पीडा र फाटेको धाँजाको इतिहास अझै लामो छ । यसरी हेर्दा दक्षिण एसियाका केही देशका सामाजिक अवस्था र चालचलनमा मात्र रहेको दलित र गैरदलितको व्यवस्थाले हाम्रो समाजलाई अत्यन्त गम्भीर ढङ्गले असर गरेको छ । एकातिर २०२० सालको मुलुकी ऐनले छुवाछूत मानवताविरोधी कार्य हो भनेर छुवाछूत उन्मूलनका लागि दण्ड सजायको व्यवस्था गरेको

छ भने अर्कोतिर समाजमा अझै यो परम्परा उस्तै अवस्थामा रहनुले समाज विकासको अवस्थामा प्रश्न चिह्न खडा भएको पाइन्छ । गणतन्त्र नेपालको मुलुकी संहिता २०७४ ले समेत त्यसलाई दण्डनीय अपराध मानेर कार्यान्वयनलाई प्रभावकारी बनाउने बाटोमा पर्याप्त सघाउ पुऱ्याए पनि आज पनि समाजमा जात व्यवस्था अन्तर्गतको दलित र गैरदलित व्यवहारले सामाजिक अपराध बढाइरहेको छ। समाजमा रहेको यस्तो विरोधाभाषी व्यवहारले कानूनको समेत धज्जी उडाएको छ। यही र यस्तै पृष्ठभूमिमा केही सीमित व्यक्ति समावेशी र समानुपातिकको नाममा राज्यसत्तामा पुग्दा गुणात्मक परिवर्तन देख्न पाइएको छैन । पछिल्ला दिनमा सामाजिक र शैक्षिक चेतना तथा राजनीति परिवर्तन र समावेशी सिद्धान्तका कारण बोल्न डराउने र नसक्नेहरू आज न्यायको निम्ति ढोका ढकढक्याउन पुग्ने भएका छन् । नेपाली समाजको समस्या वर्गीय त हुँदै हो त्यसभित्र पनि जातीय समस्या र त्यसभित्र पनि खिल पल्टेर बसेको दलित गैर दलितको भेद्‌भाव हाम्रो समाजको कलङ्क नै हो । दलित शबद र पभिाषालाई देशको मूल कानूनमा समाविष्ट गरी अझ आरक्षणका कुर ासमेत उठाउनु विरोधाभाषपूर्ण बनेको छ । एकातिर समाजबाट दलित र गैरदलितबीचको भेदभाव हटाउनु पर्ने आवाज र अर्कोतिर राज्यको मूलधारमा ल्याउन वा शासन सत्तामा दलित सदस्य वा दलित कोटाको व्यवस्था गर्नुले पनि निकै हास्यास्पद अनुभूत हुन्छ । जे होस् हालका दिनहरूमा दलितका विषयमा मुद्धा उठ्नुले पनि सबाल्टर्नका कुरा उठेका छन् भन्न सकिन्छ । जबसम्म संस्कृतिमा नवीन चिन्तनको बहसले स्थान पाउँदैन अनि पुराना मान्यता स्थापनाका आधारहरू के-के हुन् र ती कति पूर्वाग्रही छन् भन्ने थाहा हुँदैन तबसम्म सिङ्गो समाजले कोल्टो फेर्दैन। यसका लागि समानताको वकालत गर्ने साहित्य मात्र भएर पुग्दैन समतामूलक चेतना र व्यवहारको अपरिहार्यता रहन्छ । यस्तो कार्यलाई भरथेग गर्ने काम ऐतिहासिक दस्तावेज र सन्दर्भ-सामग्रीहरूले गर्न सक्दछ ।

नेपाली साहित्यको सन्दर्भ-सामाग्रीको रूपमा आएको 'नेपाली दलित साहित्यलेखनको इतिहास' आवरणबाहेक २१२ पृष्ठमा फैलिएको डिमाइ आकारको ग्रन्थको रूपमा २०७७ मा प्रकाशन भई बजारमा आएको छ । यस पुस्तकले नेपाली साहित्यभित्र दलित साहित्यको इतिहास खोतल्न मात्र होइन साहित्यमा दलित विषयको विधागत स्थितिलाई पनि सूचित गरेको छ । यस पुस्तकमा साहित्यमा दलित चेतना पहिचानको सैद्धान्तिक आधार, नेपाली साहित्यमा दलित चेतना ऐतिहासिक सर्वेक्षण नेपाली दलित साहित्यको चरण विभाजन, नेपाली साहित्यमा दलित चेतना चरणगत व्याख्या विवेचनाका तीन परिच्छेदका साथै उपसंहार र निष्कर्ष गरी जम्मा सातओटा परिच्छेदमा ग्रन्थले आफ्नो विस्तार क्षेत्र फैलाएको पाइन्छ ।

नेपाली भाषामा दलित शब्दको शब्दकोशीय र सामाजिक सन्दर्भसहित मसिनो ढङ्गबाट शुरू गरि नेपाली साहित्यको इतिहासको एउटा दर्दनाक पीडा बोकेर बाँचेको दलित साहित्यको सिङ्गो अध्ययन गर्ने काममा यसले राम्रो विश्लेषणको आधार तय गरेको देखिन्छ। यसै सन्दर्भमा दलित र गैरदलितद्वारा दलित विषयमा लेखिएका पुस्तकाकार कृति मात्र नभएर पत्रपत्रिकासम्मको सूचना यहाँ दिइएको छ। समतामूलक समाजको निर्माणका निम्ति राज्य पक्षले बनाएको कानूनको धज्जी उडाउँदै शासकले गरेका शोषणको फेहरिस्त भित्र पनि अपमान सहेर निरन्तर दलित आवाज शक्तिशाली प्रतिरोधी स्वर बन्न पुगेको विषय यस पुस्तकमा आकर्षित भएको छ। सङ्घर्षले अपमान र भेदभावलाई परास्त गर्ने निष्कर्ष निकाल्दै सर्वप्रथम मान्छेले मान्छेप्रति व्यवहार गरे मात्र मानवद्वेषी यी र यस्ता कलङ्क हराउँदै जानेमा लेखकद्वय सचेत गराउन पुग्छन्। वर्गीय दृष्टिकोणले हेर्दा श्रम गर्ने जाति र व्यक्ति श्रम नगर्नेको तुलनामा बलियो हुनुपर्नेमा श्रमशोषणको मारमा जकडिन परेकाले २००७ सालपूर्वको सन्दर्भ र २०५२ सालपछिका विविध आन्दोलनमा दलितले गरेको योगदानले दलन समस्या मात्र होइन श्रमशोषणको अन्त्यतर्फ समवेत स्वर निकाल्न जोड दिएर पुस्तकले समग्र साहित्यमा दलित साहित्यलाई राम्ररी जोड्ने काम भएको छ।


# शुभकामना

**२०८२ सालको बडादशैं, शुभ–दीपावली, छठपर्व र इदको पावन अवसरमा समस्त विद्यार्थी, अभिभावक, शिक्षक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु–स्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना !**

**प्रो. मधुसूदन चौधरी**
**बालविनायक बोर्डिङ स्कुल,**
सगरदिना, जीतपुर सिमरा-८, बारा

# पर्यावरणीय चेतले भरिएको एउटा काव्यिक सरगम



– नन्दु उप्रेती

कवि कृष्ण बाउसे वर्तमान समयका सशक्त व्यक्तित्व हुन् । समाजका विभिन्न विषयलाई कविताको विषय बनाउने कविको पछिल्लो विषय पर्यावरणसँग निकट रहेको पाइन्छ । प्रकृति र मानव एक अर्काका परिपूरक हुन त्यसै कविताले बोलेको प्रकृतिभित्र मान्छे समाहित हुन्छ, हुनुपर्छ भन्ने भावसँगै उनको पछिल्लो कवितासङ्ग्रह पर्याप्रेमको गुञ्जन (२०८०) पर्या कवितासङ्ग्रह प्रकाशित भएको छ । लामो समयदेखि नेपाली साहित्यमा क्रियाशील व्यक्तित्व कृष्ण बाउसेका यस्तो उद्घोष गर्छ, अज्ञात यात्राका पदचिह्नहरू, सपनाको जीर्णोद्धार, पर्याप्रेमको गुञ्जन कवितासङ्ग्रह तथा मुक्तकतर्फ देशको बिन्तिपत्र, बालसाहित्यतर्फ नानीको रहर, माथि माथि चढ्ने हो, पढ्नै रमाइलो, कलम र कापी, अक्षरका पुतली, रिन्चेन र हाम्रो चिनारी कृति प्रकाशित छन् ।

इकोक्रिटिसिज्मलाई नेपालीमा हरियो आलोचना पनि भनिन्छ, साहित्यिक अध्ययनको द्रुत गतिमा उदीयमान क्षेत्र हो जसले मानवको वातावरणसँगको सम्बन्धलाई विचार गर्दछ । चेरिल ग्लोटफेल्टीले द इकोक्रिटिसिज्म रिडरको परिचयमा उल्लेख गरेझैं, जसरी नारीवादी आलोचनाले भाषा र साहित्यलाई लिङ्ग-सचेत दृष्टिकोणको रूपमा जाँच्छ, र मार्क्सवादी आलोचनाले पाठहरूको पठनमा उत्पादनका मोडहरू र आर्थिक वर्गको बारेमा जागरूकता ल्याउँछ, वातावरणीय आलोचकहरूले साहित्यिक पाठहरूमार्फत प्रकृति र प्राकृतिक संसारको कल्पना कसरी गरिन्छ भनेर अन्वेषण गर्छन् । वातावरणीय चिन्ताहरूको साहित्यिक प्रतिक्रियाहरू मुद्दाहरू जत्तिकै पुरानो छन् । वन फँडानी, वायु प्रदूषण, लोपोन्मुख प्रजाति, सिमसारको क्षति, पशु अधिकार र व्यापक उपभोक्तावाद यी सबै पश्चिमी साहित्यमा सयौं र केही अवस्थामा हजारौं वर्षदेखि विवादास्पद मुद्दाहरूको रूपमा देखा पर्दै आएका छन् । इकोक्रिटिसिज्म एक साहित्यिक सिद्धान्त र आलोचनात्मक दृष्टिकोण हो जसले पाठहरूमा प्रकृतिको प्रतिनिधित्व र साहित्यमा प्रतिबिम्बित वातावरणीय मुद्दाहरू र सरोकारहरू दुवैको अन्वेषण गर्दछ । यस्तै प्रकृतिका विविध विषयलाई समेटेर रचना गरेको साहित्य नै पर्या साहित्य हो ।

जैविक विविधतालाई जोगाइराख्न

रासायनिक कीटनाशक औषधीको प्रयोगमा नियन्त्रण गर्नु, धुँवा फाल्ने उद्योग र वाहनमाथि प्रतिबन्ध लगाउँदै सौर्य, पवन र जल, ऊर्जाको उत्पादन र प्रयोग बढाउनु तथा एसी र रेफ्रिजेरेटरजस्ता घरभित्रैबाट अधिक प्रदूषण फैलाउने साधनको न्यूनतम प्रयोग गर्नु आजको आवश्यकता भइसकेको छ । यसैलाई झकझक्याउन पर्यासाहित्यले विशेष भूमिका निर्वाह गर्दछ । यस्तै कुरालाई हृदयङ्गम गरेर रचिएका कवितालाई नै हिजोआज वातावरण कविता, परिवृत्तीय कविता, पर्यावरण कविता, पर्यावरणीय कविता, पर्याकविता, परिवेश कविता वा इकोपोइट्री भन्ने गरिएको छ र मेरो यस कवितासङ्ग्रहका रचनाहरू पनि यही चासो र चिन्तामा केन्द्रित भएकाले यिनलाई पर्याकविता भनिएको हो ।

मानव जातिले वर्तमान युगको भोगचलन गर्न आइपुग्दा सम्ममा धेरै जायज र नाजायज कार्यहरू गरिसकेको छ । यो ब्रह्माण्डलाई सुन्दर बनाउन मानिसले आफ्ना सारा बुद्धि, विवेक, ज्ञान, सीप र अनगिन्ती मात्राको दौलत खर्चिरहेको छ । विकास र निर्माणका लागि त्यसरी नै ठूलो लगानी गरेको छ । तर मानिसले गरेका यी सारा कार्यहरूले यो ब्रह्माण्डमा सकारात्मक परिणाम मात्र दिएको छैन । यसले अत्यन्तै पीडादायी नकारात्मक परिणाम पनि दिइरहेको छ । विकास, निर्माण, प्रगति, उन्नति भनेर मानवजातिले गरेका सबै क्रियाकलापहरू उचित मात्रै छैनन्, हितकारी मात्रै छैनन् । तिनीहरू अनुचित र अहितकर पनि छन् ।

शक्ति निर्माण एवं विस्तारका लागि विश्व मानचित्रभित्रका कतिपय राष्ट्रहरूले गरेका क्रियाकलापहरूका कारण सिङ्गै विश्वको भविष्यमाथि खतराका तरबारहरू झुन्डिरहेका छन् । सम्पूर्ण जीवजगत्को अस्तित्वमाथि संकटका दिनहरू निम्तिइरहेका छन् । आफ्नो सुख र खुसी प्राप्तिका लागि मानवजातिले प्रकृतिको सुख र खुसीलाई भुसुक्कै बिर्सिरहेको छ । प्रकृतिसँगको प्रेम, सद्भाव र तादम्यको वेवास्ता गर्दै मानवजाति आफ्नै उन्नति र प्रगतिको डम्फु बजाइरहेको छ । विश्व पर्यावरणीय असन्तुलनको गम्भीर चपेटामा पर्दैछ निरन्तर ।

एकातिर संकटको यस्तो खतरनाक खाडल बनिरहेको छ भने अर्कातिर विश्वलाई विनाश उन्मुख संकटको बाटोतर्फ नधकेल्न सचेत गराउनेहरू पनि जागरुक बनिरहेका छन् । उनीहरू पर्यावरणीय सन्तुलन कायम गर्दै सम्पूर्ण प्रकृति र जीवनको रक्षा गर्न विभिन्न माध्यमबाट आफ्ना आवाज बुलन्द गरिरहेका छन् ।

"तैँले रुखसँग व्यवहार गर्दा
मसँग व्यवहार गरे जस्तै गर्नू !
तैँले नदीसँग व्यवहार गर्दा
तेरी आमासँग व्यवहार गरे जस्तै गर्नू
र तैँले आकाश र धर्तीसँग व्यवहार गर्दा
तेरा बाजे बजै
र तेरा छोराछोरीहरूसँग जस्तै व्यवहार गर्नू !"

(पर्याप्रेमको गुञ्जन, पृ.१८)

पितालाई प्रथम गुरु मानेर कवि कृष्ण बाउसेले पर्यावरणको

संरक्षणको आह्वान गर्न पिता वाणीलाई कवितात्मक रूप प्रदान गरेका छन् । कवि बाउसेले कवितासङ्ग्रह 'पर्याप्रेमको गुञ्जन' पर्याप्रेमको सुन्दर कृतिका रूपमा पाठक सामु प्रस्तुत गरेका छन् । यस कृतिभित्रका प्रत्येक कवितामा मानवजातिको अनभिज्ञता, हेलचेक्र्याइ, निष्ठुरता र क्रुरताका कारण प्रकृतिले भोग्नु परिरहेका पीडाहरू उत्खनित छन्, वेदनाहरू प्रकटित छन् र चिच्याहट एवं आर्तनाद विस्तारित छन् । मानवजाति किन आफ्नै विघटनको मार्गतर्फ यात्रारत छ कवि आफ्ना कवितामार्फत चिन्ता व्यक्त गर्छन् । उनी प्रकृतिको पीडामा पीडित हुन्छन् , दुःखमा दुःखित हुन्छन् । प्रकृतिसँगै कराउँछन्, चिच्याउँछन्, आर्तनाद गर्छन् । प्रकृति प्रेमले जागृत कविहृदय पर्याप्रेमको सरगम गुनगुनाउँछ कृतिको आदिदेखि अन्त्यसम्म । 'पर्याप्रेमको गुञ्जन' वर्तमान अवस्थामा आवश्यक मात्र होइन अपरिहार्य बन्दै आएको पर्यासाहित्यको काव्य धरोहर हो । यसमा सङ्गहित कविताहरू प्रकृतिलाई प्रेमले आलिङ्गन गर्छन्, मानवजातिलाई प्रकृति प्रेमप्रति सचेत गराउँछन् र पर्यावरणीय सन्तुलनका लागि जोडदार अपिल गर्छन् ।

"दूषित वायुको खाँडो जागेर
ज्वरो बढेको छ धर्तीको आङमा
उनलाई निको पार्न हावापानी र घामका देवतालाई डाक्नु छ ।
(हामी बाँच्नु छ, पृ. १४६ )


# शुभकामना

**२०८२ सालको बडादशैं, शुभ-दीपावली, छठपर्व र इदको पावन अवसरमा समस्त विद्यार्थी, अभिभावक, शिक्षक एवं सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना !**

**रामधारी यादव**
अध्यक्ष तथा प्रवन्धनिर्देशक
**कलैया ब्राइटल्याण्ड इङ्लिस बोर्डिङ्ग स्कुल**
**कलैया बारा**

# 'पाठको प्रकार्य' कृतिमा घोत्लिँदा



– डा. पुष्करराज भट्ट

भुवन न्यौपाने नेपाली भाषा एवं समालोचनाको अध्ययनका क्षेत्रमा आफ्नो उर्जा खर्च गरिहेका महत्त्वपूर्ण प्रतिभा हुन् । नेपाली साहित्यमा एमफिल, विद्यावारिधि गरेका न्यौपाने हाल त्रिभुवन विश्वविद्यालयको त्रिचन्द्र बहुमुखी क्याम्पसमा प्राध्यापन पेसामा संलग्न छन् । उनले महेन्द्र विद्याभूषण, लारी स्वर्णपदक एवं नेपाल विद्याभूषण पदक प्राप्त गरिसकेका छन् । कुञ्जिनी पत्रिकामा वर्ष ८, अंक ५ (वि.सं. २०५८) मा 'कलाचिन्तकका रूपमा देवकोटा' समालोचना प्रकाशनसँगै समालोचनामा आफ्नो उपस्थिति जनाउन पुगेका हुन् । न्यौपानेका लक्ष्मीप्रसाद देवकोटा साहित्य, सन्दर्भ र समालोचना (२०७०), पाठ र सन्दर्भः पाठको प्रकार्यपरक विश्लेषणको सैद्धान्तिक अवधारणा (२०७१) कृति प्रकाशित छन् । यस लेखमा उनको पाठको प्रकार्य (२०८१) कृतिको सङ्क्षिप्त चर्चा गरिएको छ ।

पाठको प्रकार्य (२०८१) पुस्तकमा सात परिच्छेद रहेका छन् जसमा पाठको प्रकार्य : अवधारणा, पाठको स्वरूप, पाठमा संसक्ति, पाठको सन्दर्भ र संयुक्ति, सुचना संरचना, वाक्‌क्रिया एवं निष्कर्ष रहेका छन् । यस कृतिको परिच्छेद एकमा पाठको प्रकार्य : अवधारणाका बारेमा चर्चा गरिएको छ । यसरी चर्चा गर्ने क्रममा आधुनिक भाषाविज्ञानका जनक फर्निन्यान्ड डे सस्युरले बीसौं शताब्दीको पहिलो दशकमा वर्णनात्मक भाषाविज्ञानको जग बसालेको भनेर उनको उच्च मूल्याङ्कन गरिएको छ । यसरी नै रोमन याकोब्सन, भिक्टर स्लोवोस्कीको योगदानको समेत चर्चा गरिएको छ । लेखकले कथ्य वा लेख्य पाठ वा सङ्कथनका एकाइहरूलाई अन्तर्सम्बन्धित तुल्याउने र पाठलाई सन्देशपूर्ण बनाउने युक्ति नै संसक्ति र संयुक्ति हो भनेका छन् । यस्तै संसक्तिले पाठको प्रतिज्ञाप्तिपरक विकास गर्छ भने संयुक्तिले लेखक/सम्बोधकको आशयपरक शक्तिको विकास गर्ने कुरा अघि सारेका छन् । उनले संसक्तिको थप चर्चा गर्ने क्रममा पाठको एक एकाइले अर्को एकाइसँग अन्तःसम्बन्ध कायम गर्ने चिह्नक नै संसक्तिगत बन्धन भएको बताएका छन् । यसरी नै भाषिक प्रयोगमा देखिने विविधतालाई प्रयुक्ति भेद भएको चर्चा गर्दै शक्ति, सत्ता, दूरता, नम्रता, निकटता, औपचारिकता, अनौपचारिकता, जस्ता कुराले भाषामा प्रयुक्ति भेद देखिन्छ बताएका छन् । परिच्छेद दुईमा

पाठभित्र नै पाठको रूपविन्यास हुन्छ भनेका छन् । समग्र अर्थमा प्रयुक्त एउटा अनुच्छेद सङ्कथन हुन सक्छ र यस्तो अनुच्छेदमा एक वा एकभन्दा बढी वाक्यहरू रहन सक्छन् भनेका छन् । उनले सङ्कथनलाई विभिन्न प्रकारले वर्गीकरण गर्न सकिने, कथ्य र लेख्य, औपचारिक र अनौपचारिक, प्रबन्धात्मक र अन्तर्क्रियात्मक, समाख्यानात्मक र असमानाख्यात्मक, प्रर्दशनात्मक र पठनात्मक भनेर बताएका छन् । सङ्कथनको स्वरूपका बारेमा चर्चा गर्ने क्रममा कुनै आख्यान, कुनै सूक्ति, कुनै विज्ञापन, कुराकानी, विमर्श, गीत, कविता, मुक्तकलगायत महाभारत र रामायण जस्ता विशालकाय ग्रन्थ पनि सङ्कथन हुन् भनेका छन् । उनले समाख्यानात्मक सङ्कथन, प्रक्रियात्मक सङ्कथन, व्यवहात्मक सङ्कथन, प्रकटनात्मक सङ्कथनका साथै असमाख्यानात्मक सङ्कथनका बारेमा विस्तृतमा चर्चा गरेका छन् । उनले पाठ र सन्दर्भको सम्बन्धका बारेमा चर्चा गर्दै पाठको संयुक्ति व्यवस्था सन्दर्भतासँग अन्तः सम्बन्धित भएर प्रकट हुने, वक्ता र लेखकको आशय, उसले प्रस्तुत गर्न चाहेको सन्देश सन्दर्भभन्दा बाहिर रहेर प्रकट हुन सक्दैन भनेका छन् । उनले सन्दर्भ नै पाठको समग्र अर्थको आधार भएकोले यसबाट नै पाठ संयुक्तिपूर्ण हुने बताएका छन् ।

परिच्छेद तीनमा कृतिकारले पाठमा आर्थी सम्बन्ध वा समन्वय भएन भने पाठले आकार पाउन सक्दैन र त्यो वाक्यको थुप्रो मात्र हुन्छ भनेर भनेका छन् । विभिन्न फूललाई जोडेर माला बनाएजस्तै पाठमा कोशीय तथा व्याकरणिक एकाइलाई जोडिएको हुन्छ बताएका छन् । पाठभित्र एक एकाइ अर्को एकाइमा जोडिने वा निर्भर हुने अथवा अन्तर्सम्बन्धित हुने प्रक्रिया आर्थी बन्धन भएको बताएका छन् । उनले सहसन्दर्भन, सहवर्गीयता र सहविस्तारक जस्ता आर्थी सम्बन्धबाट संसक्तिगत बन्धन निर्माण हुने बारेमा चर्चा गरेका छन् । सहसन्दर्भन, पाठको मुख्य आर्थी बन्धन हो र यसको उपस्थिति सन्दर्भनमा हुन्छ । पूर्वसूचना तथा पश्चसूचना, वस्तु तथा तथ्यलाई व्यक्तिवाचक, दर्शक, तुलनाबोधक, निर्धारक शब्दले सहसन्दर्भन गरी पाठमा संसक्तता कायम हुने बताएका छन् । व्याकरणात्मक संसक्तिको बारेमा चर्चा गर्ने क्रममा वाक्यात्मक सम्बन्ध भन्नाले वाक्यभित्र र वाक्यबाहिरका पाठका घटकहरूको आर्थी सम्बन्ध हो भनेका छन् । यसै क्रममा सन्दर्भन, अन्तः सन्दर्भन, प्रतिस्थापन र विलोम, नामिक, क्रियात्मक, उपवाक्यात्मक, विलोम, संयोजनका बारेमा चर्चा गरेका छन् । कोशीय संसक्तिको बारेमा चर्चा गर्ने क्रममा पाठ निर्माणका क्रममा शब्द-शब्दका बिचमा निश्चित आर्थी सम्बन्ध स्थापित भई पाठलाई संसक्तता प्रदान गर्ने तत्त्व कोशीय संसक्ति हो भनेका छ र यसका प्रकारका बारेमा समेत चर्चा गरेका छन् । परिच्छेद ४ मा पाठको सन्दर्भ र संसक्तिकोको बारेमा चर्चा गर्दै पाठको निर्माण सन्दर्भित र सम्बन्धित वाक्यहरूको सुशृङ्खलाबाट हुन्छ भनेका छन् । वक्ता वा लेखकको आशयपरक शक्तिसँग संयुक्ति व्यवस्था सम्बन्धित हुन्छ र यो सन्दर्भतासँग जोडिएर आउने

बताएका छन् । उनले पाठको संसक्तिलाई सन्दर्भविन्यास र सन्दर्भताका कोणबाट अध्ययन गरेका छन् । सन्दर्भविन्यासको बारेमा चर्चा गर्ने क्रममा क्षेत्र, सहभागी, पद्धति वा आयामको बारेमा चर्चा गरेका छन् भने सन्दर्भताको चर्चा गर्ने क्रममा सांस्कृतिक, पूर्वज्ञानात्मक, अन्तर्पाठपरक, अन्तर्वैयक्तिकका बारेमा अध्ययन प्रस्तुत गरेका छन् । उनले पाठ एक विधा, एक सङ्कथन हुने, प्रत्येक पाठमा विषयवस्तु, विचार, स्वर र शैली निहित हुने विचार व्यक्त गरेका छन् ।

परिच्छेद पाँचमा सूचना संरचनाको बारेमा चर्चा गरिएको छ । उनले वक्ता वा लेखकले के बोल्ने वा के लेख्ने भन्ने विषयका साथसाथै कसरी बोल्ने वा कसरी लेख्ने भन्ने विषयले सङ्कथनको सूचना संरचनामा महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने कुरा व्यक्त गरेका छन् । यसै सन्दर्भमा अक्षक र वर्तकको बारेमा चर्चा गर्ने क्रममा सन्देश केसँग सम्बन्धित छ अर्थात् वक्ताले भन्न खोजेको कुराको प्रस्थान बिन्दु के हो ? यो सन्देशको अक्षक हो भनेका छन् । उनले अक्षकले जुन कुरालाई पछ्याउँछ, त्यसलाई वर्तक भनेका छन् । यसै क्रममा अक्षकीय निरन्तरता र अक्षकीय विच्छिन्नताका बारेमा उदाहरण सहित प्रस्तुत गरेका छन् । सङ्कथनमा प्रदत्त र नव सूचनाका बारेमा चर्चा गर्ने क्रममा वक्ता वा सम्बोधकले कुनै पनि सूचना पहिले दिइसकेको छ भने त्यसलाई प्रदत्त सूचना र श्रोता तथा पाठकलाई दिन बाँकी अर्थात् पहिले नदिएको सूचनालाई नवसूचना भनेको पाइन्छ भनेर हयालिडेको भनाइ समावेश गरेका छन् । यसै क्रममा पृष्ठभूमिगत र अग्रभूमिगत सूचना र प्रयोगात्मक सूचनाका विभिन्न तहको बारेमा चर्चा गरेका छन् । परिच्छेद छ मा कुनै सन्दर्भमा प्रयुक्त भाषाले के प्रभाव पार्दछ भन्दै वाक्क्रियाको कार्यको चर्चा गरिएको छ । उच्चारका तह अन्तर्गत कथन वा लोकुसन, अभिकथन वा पर्लोकुसन र उत्कथन वा पर्लोकुसनलाई अध्ययन गरेको पाइन्छ । पुस्तकमा वाक्क्रियाका प्रकारका रूपमा घोषणामूलक, प्रतिनिधिमूलक, अभिव्यक्तिमूलक, निर्देशनात्मक र प्रतिज्ञामूलक भनेर सर्लले गरेको प्रकारगत विभाजनका बारेमा चर्चा गरिएको छ । प्रत्यक्ष र अप्रत्यक्ष वाक्क्रियाको बारेमा चर्चा गर्दै वाक्क्रिया र सांस्कृतिक सन्दर्भ, अत्यावश्कीय शर्त, वाक्क्रियामा सहकारिता विषयमा चर्चा गरिएको छ । यो कृति साहित्यको भाषावैज्ञानिक अध्ययनका दृष्टिले, पाठपरक सङ्कथन विश्लेषणका दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

**२०८२ सालको विजयादशमी, शुभ दीपावली, छठपर्व तथा नेपाल संवतको सुखद अवसरमा समस्त ग्राहक वर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**नेपाल टेलिकम**
**परिवार**

# शीतल गिरीको 'कैवल्य' उपन्यासमा प्रयुक्त बौद्धदर्शन



– बद्रीप्रसाद ढकाल

शीतल गिरी (वि.सं. २०१३) नेपाली साहित्यमा चिरपरिचित व्यक्तित्व हुन् । उनी नेपाली भाषा र साहित्यका साधक, संस्कार र संस्कृति, इतिहास र भूगोलका, तन्त्र र दर्शन, धर्म र अध्यात्मका साधकका रूपमा चिनिन्छन् । कञ्चनपुरको बेलौरीमा पिता कमलबहादुर तथा आमा धनदेवी गिरीका कोखबाट जन्मिएका गिरी गौर-५, रौतहट हुँदै हाल मध्यपुर थिमि नगरपालिका वडा नं ८ बोडेका स्थायी बासिन्दा हुन । विशेष गरी दर्शनसँग सम्बन्धित विधामा रचना गर्न रुचाउने गिरीका महाकाली (कवितासङ्ग्रह), पत्रमित्रता युगको आवश्यकता (निबन्धसङ्ग्रह), तपोधन (उपन्यास), जीवाश्म (निबन्धसङ्ग्रह) बज्जि र बज्जिका (लोकवार्ता) तथापि (निबन्धसङ्ग्रह)दर्शनदेखिसत्यहाङ्मापन्थसम्म सहलेखन (दर्शन) आरम्भ (निबन्धसङ्ग्रह) र कैवल्य (उपन्यास) जस्ता महत्त्वपूर्ण कृतिहरू प्रकाशित भएका छन् । दर्शनकै विषयलाई विभिन्न कोणबाट प्रस्तुत गर्न रुचाउने गिरी जीवाश्म, तथापि, आरम्भ, बज्जि र बज्जिका (लोकवार्ता), तपोधन, नेपालमा हठयोग परम्परा (दर्शन) जस्ता उत्कृष्ट कृति लेखेर प्रकाशित गरेर वाङ्मय क्षेत्रलाई समृद्ध पार्न योगदान पुऱ्याएका गिरीले दुई दर्जनभन्दा बढी मानसम्मान पुरस्कारद्वारा सम्मानित भइसकेका छन् । गिरी पत्रिकाको सम्पादन र विभिन्न सङ्घसंस्थामा पनि उत्तिकै सक्रिय रहेका छन् ।

स्रष्टा पदयात्रा समाजको स्थापना गरी हाल पर्यटन साहित्यिक यात्रामा अग्रणी भूमिका निर्वाह गर्दै आएका देखिन्छन् । यनले पछिल्लो समय ऐतिहासिक भूगोल, ऐतिहासिक पात्र, संस्कृति आदिलाई विषयवस्तु बनाएर कृति रचना गरेकाले उनका कृति प्राचीन दर्शन र इतिहासको दृष्टिले महत्त्वपूर्ण छ । उपन्यासकार शीतल गिरीको कैवल्य (२०८२) मा प्रकाशित दार्शनिक उपन्यास हो । बौद्ध दर्शनमा आधारित यस उपन्यासको शीर्षकले अमिश्रण, शुद्धता, एकत्व, एकान्तता, मुक्ति अर्थात् मोक्षको अर्थभाव बोकेको छ । इतिहास, संस्कृति, दर्शनमा रुचि हुनेका लागि यस उपन्यासले धेरै खुराक दिनेमात्र होइन, अनुमानको तथ्यगत पुनःसिर्जन र तथ्यको अनुमानगत पुनःसिर्जन गर्नुपर्ने विषयलाई

बोध गराएको छ। अन्धताभन्दा वैज्ञानिक चिन्तन र प्रामाणिक तर्कले कतिपय पुरातन रुढ चिन्तनमा पुनर्विचार गर्ने विषय पनि यस उपन्यासको उपलब्धि हो । प्राचीन समयकाल परिस्थितिलाई उपन्यास भित्र प्रयुक्त बज्जी गणराज्यको तत्कालीन परिवेशको चित्रण यसरी गरिएको छ –

आँखाले भ्याएसम्म लहलहाउँदो बाली बयेली खेल्दै गरेको खेतले सम्पन्नता बताइरहेको छ । चारैतिर वनजङ्गलले घेरिएको बज्जी गणराज्यका गणपति गालब र कल्पना दुई शरीर एक प्राणजस्ता छन् । 'तिम्रो र मेरो जीवन कति दिनको हो ?' छोरीको विवाह समयमै गरिदिनु आमाबाबुको धर्म रहेको कुरा चेतनामा आइपुग्न पनि यतिको समय लाग्यो (पृ.१) ।

बहुल पात्रको प्रयोग गरिएको यस उपन्यासले बौद्धकालीन समाजको सूक्ष्म चित्रण गरेको छ। मिथकीय पात्र तथा परिवेशसँगै 'कैवल्य' का विविध रूप, रङ्ग, पात्रपात्रा, नायक, उपनायक, स्थान, कर्म तथा उपकर्मले भरिएको पाइन्छ । मिथकीय पात्रले जीवनमा भोगेका विभिन्न कथा, उपकथा जोडिएर लेखिएको यस उपन्यासमा तथागत पात्रको जन्मदेखि मृत्युसम्मको घटना र प्रसङ्गले महाकाव्यीय गुण बोकेको उपन्यास भन्न सकिन्छ । परिवेश वा कार्यपीठिकाको कुरा गर्दा कपिलवस्तु-लुम्बिनीका शाक्य-कोलीय राजपरिवार-राज्यभित्रबाट उठान भएको कथामा कपिलवस्तुका नरनारी भरिभराउ छन् ।

'कैवल्य' उपन्यासमा प्रस्तुत गरिएका विविध रूप र कर्मको विश्लेषणबाट बुद्धका विषयमा जान्न सकिन्छ । कपिलवस्तु लुम्बिनीका राज्य-कोलीय राजपरिवारको कथामा कपिलवस्तुका नरनारी भरिभराउ छन् । 'कैवल्य' उपन्यासमा 'बुद्ध' चरित्र मात्र छैन, बुद्ध उपेदशको सन्दर्भ मात्र पनि छैन मिथकीय विषय, स्थान, कर्म तथा प्रसङ्ग आदिले भरिएको छ। उपन्यासमा प्रयोग भएका विभिन्न भूगोल-स्थानहरूको परिचयबाट प्राचीन राज्य र राज्यको अवस्था जान्न पाइन्छ । उपन्यासमा प्रयुक्त नदीहरू, नदीतट, जङ्गल, विभिन्न आश्रम र तपस्वीहरू पनि बुद्धसँग जोडिएका छन् । बुद्धलाई तपस्या भ्रष्ट बनाउन प्रयोग भएको सुन्दरी पनि भेटिन्छन् । बुद्धको चरित्रमाथि पनि दोषारोपण गर्ने, र बुद्धमाथि आक्रमण दमास गरेर लखेट्न खोज्ने पनि-यस कैवल्यभित्रका गहना बनेका छन् । बुद्धलाई पच्चीस सय वर्षमा यी बुद्ध को हुन्, यिनको विराट स्वरूपको आदि, मध्य र अन्त्य कस्तो छ भनेर हजारौं व्यक्तिले खोज अनुसन्धान गरिसकेका छन्, अझै गर्दैछन् । यसै क्रममा शीतल गिरीले पनि यस 'कैवल्य' का मध्यमबाट बुद्धसम्बन्धी जान्नुपर्ने तर खोज नभइसकेका तथ्यगत ऐतिहासिक कुरालाई उपन्यासमार्फत् प्रस्तुत गरेका छन् ।

आख्यान साहित्यमा बुद्धका जीवनका विभिन्न प्रसङ्ग र परिवेशलाई समेटिएको उपन्यासमा केही नौला र केही पुरानै तथ्य प्रस्तुत गरिएको छ । विश्वमा सबैभन्दा बढी जनसमुदायले स्वीकारेका मानेका

बुद्धलाई समग्र रूपमा यस कैवल्यभित्र समेट्न सम्भव पनि छैन । तर जसरी जुन कथानकका आधारमा यो आख्यान कृति तयार पारिएको छ त्यसलाई मनन तथ गहन चिन्तन गर्दा यो ‘कैवल्य’ उपन्यास एउटा सफल र राम्रो ‘आख्यान’ बनेको छ भन्न सकिन्छ । भारतका सम्राट् अशोक (ई.पू.२६९) ले कलिङ्गको युद्ध जिते पनि उनमा विरक्ति जागृत भयो । शान्तिको खोजी गर्दा उनी तथागतको पथमा हिँडे । भारतवर्षको विभिन्न भूभाग हुँदै उनी पहाडी मुलुक किरात-शासित नेपालका भूमिमा समेत आइपुगे । सम्राट् अशोक यहाँ आएको भन्ने लोकमा विश्वास छ, अशोक स्तुप र चारुमती विहार साक्षी छन् । यही प्राचीन कुरा यस उपन्यासमा विस्तृत रूपमा देखाइएको छ । अझै अर्को शब्दमा भन्ने हो भने यो उपन्यास हो- तथागतको जन्मदेखि मृत्युभित्रका क्रियाकलापको सम्पूर्ण वृत्तान्त हो । जसलाई बुद्ध दर्शनको सारभूत तत्त्व समावेश गर्दै यसरी समापन गरिएको छ -

यो कैवल्य हो राजाको काम युद्धबाट विरत भएर मानवसेवामा लाग्न तथागतको मार्ग पहिल्याई देशाटनमा निस्केका सम्राट अशोक पहाडी भूभागमा आएको अनि यो कैवल्य हो चन्द्रको जो तथागतजस्तै सुख सुविधा र घर परिवार छाडेर उनकै पथ नै सत्य बुझेर मानव सेवामा समर्पित भएको साथै सो समयको यहाँको जनजीवनको । साच्चै भन्ने हो भने यो कैवल्य हो, तथागतले पहिल्याउनु भएको, पुनर्जन्मादि दुःखहरूबाट अभावको अवस्था यानी धर्मको त्यो मार्ग जसलाई अपनाउँदा पापको भागी बन्न पटकपटक जन्म लिइरहनु पर्दैन । यसैले हो,

बुद्ध शरणं गच्छामि ।
धम्म शरणं गच्छामि ।
सङ्घम शरणं गच्छामि ।

साहित्य समाजको दर्पण हो मानवसभ्यताको इतिहास हो । आफूलाई नराम्रो वा नमीठो लागे पनि तपाई-हामीले सत्य र साँचो लेखिदिनु सबैका लागि, सधैंका बाँच्न सक्ने बनाउनु पर्छ भन्ने लेखकीय धारणा सहित उपन्यासकार गिरीले कैवल्य उपन्यास भित्र प्रकारान्तरले यिनै बुद्ध चारितलाई अन्तर्मुक्त गराएका छन् । बुद्धका बारेमा विभिन्न पात्रका माध्यमबाट अनेकौं विचार व्यक्त गराएका छन् । बुद्धले आफैं धेरै भनेका छैनन् । कतिपय ठाउँमा स्रष्टा पनि मुखरित हुन खोजेका छन् र स्वयं पात्र पनि अग्रसर देखिन्छन् । यस कृतिमा नेपालभित्रकै क्षेत्रको वर्णनले गर्दा भारततिर रचिएका कृतिभन्दा बढी महत्त्वको छ ।

समग्रमा भन्नुपर्दा बुद्धका जीवनका विविध पक्ष बुद्धसम्बन्धी खोज अध्ययन तथा अनुसन्धान र बौद्ध दर्शनका बारेमा जान्न चाहनेका लागि ‘कैवल्य’ एउटा सफल र राम्रो ‘आख्यान’ उपन्यास बनेको छ । संरचनागत अलि लामो आख्यानको रूपमा रहेपनि विषयगत रूपमा दार्शनिकताका विभिन्न पक्षलाई उजागर गर्न सफल उपन्यास पठनीय र सङ्ग्रहनीय रहेको छ ।

– चन्द्रागिरि, काठमाडौं

# वसन्तराज अज्ञातको 'सिरिसा' कृतिभित्रका रङ्गीचङ्गी फूल



– रत्न प्रजापति

साहित्य समाजको ऐना हो भनिन्छ । यदि साहित्य समाजको ऐना हो भने त्यसमा समाजको सुन्दर र कुरूप दुवैथरी अनुहार प्रतिविम्बित हुन्छ, हुनुपर्छ । सुन्दर अनुहार भनेको समाजको सकारात्मक पक्ष हो भने कुरूप अनुहार भनेको नकारात्मक पक्ष हो, जसमा सुधार आवश्यक हुन्छ । हो, साहित्यले त्यो सुन्दर अनुहारको प्रशंसा गर्दै कुरूप अनुहारलाई सुधार्न प्रेरित पनि गर्नुपर्छ । संसारका जुनसुकै भाषामा लेखिने साहित्यले यही सर्वमान्य मन्यतालाई अँगालेको पाइन्छ । साहित्य पठनले आनन्द मात्रै दिने होइन, मान्छेलाई आफ्नो जिम्मेवारीबोध पनि गराउँछ । समाज परिवर्तनको चेतना पनि दिन्छ ।

साहित्यका अनेक विधा र उपविधा छन् । साहित्यमा लामा र छोटा विधा र उपविधा पनि छन् । सयौँ पृष्ठको उपन्यासले दिने सन्देश चार पृष्ठको एउटा कथाले पनि दिन सक्छ । दशौँ पृष्ठको लामो कविताले दिने सन्देश चार हरफको एउटा मुक्तक अथवा तीन हरफको सत्र अक्षरीय एउटा हाइकुले पनि दिन सक्छ । त्यसैले लामो र छोटोको आधारमा साहित्यिक सिर्जनाको मूल्य र गुणवत्तालाई फरक दृष्टिले हेर्नु उचित होइन, हुन सक्दैन ।

आधुनिक युगमा मान्छेको व्यस्त जीवनशैलीले गर्दा आनन्द प्राप्तिका लागि पनि थोरै समय मात्रै उपलब्ध छ । त्यसैले मान्छेले थोरै समयमा आनन्द प्राप्तिको उपाय खोजिरहेका हुन्छन् । साहित्यका पाठकमा पनि यही मान्यता लागु हुन्छ । थोरै समयमा पढिसकिने वा एकै बसाइमा पढिसकिने साहित्यिक सिर्जनाप्रति पाठकको आकर्षण बढ्दो छ । पछिल्लो समय छोटो विधामध्येको हाइकु पनि नेपालमा निकै लोकप्रिय बनेको छ । जापानी साहित्यको निकै लोकप्रिय विधा मानिएको हाइकुले नेपाली साहित्यमा पनि गर्विलो स्थान बनाएको छ । पाँच, सात र पाँच गरी कुल सत्र अक्षरीय संरचनामा अटाउने हाइकु लेखनमा सर्जकहरूको अभिरुचि निकै बढेको छ भने पाठकहरूको अभिरुचि पनि सोहीअनुरूप बढेको छ ।

हाइकुकै शास्त्रीय संरचनामा लेखिने सेन्यु (सेनर्यु) का बारेमा पनि चर्चा र विश्लेषण हुन थालेको छ । सेन्यु पनि हाइकुजस्तै जापानमा बढी प्रचलित साहित्यिक विधा हो । नेपालमा सम्भवतः पहिलो पटक सर्जक वसन्तराज अज्ञातले हाइकुकै संरचनामा लेखिएका सेन्युकविताहरूलाई सङ्गृहीत गरेर 'सिरिसा' पुस्तक प्रकाशित गरेका छन् । यो सेन्युकवितासङ्ग्रहलाई अनुसन्धान विमर्श नेपालले प्रकाशन गरेको छ ।

सेन्युका बारेका 'सिरिसा' पुस्तकका

भूमिकाकार डा. यज्ञेश्वर निरौलालले लेखेका छन्, 'हाइकु र सेन्यु बाहिरी संरचनाका हिसाबले एकै देखिए पनि आन्तरिक संरचनाले यी दुवै फरक छन् ।' उनले हाइकुमा प्रकृति र ऋतुलाई बिम्ब बनाइएको हुन्छ भने सेन्युमा प्रकृति दर्शन र ऋतुबोधक बिम्बको प्रयोग स्वीकार्य छैन भनेका छन् । उनका अनुसार सेन्युमा सिङ्गो मानव जगत्‌लाई व्यङ्ग्यात्मक शैलीमा व्यक्त गरिन्छ । हो, वसन्तराज अज्ञातका सेन्युकविताहरूमा यही बाध्यताबाट मुक्त भएर लेखिएका उन्मुक्त भावहरू छन् । 'सिरिसा' मा प्रेम, जीवन, समाज र राष्ट्रका रङ्गीचङ्गी फूलहरूका अनेक थरी सुवास छन्, जसले पठनको आनन्दसँगसँगै गम्भीर सन्देशहरू पनि दिन्छन् ।

कवि वसन्तराज अज्ञातको 'सिरिसा' भित्र ३२९ वटा पठनीय सेन्युकविता सङ्गृहीत छन् । 'सिरिसा' मा प्रेम, जीवन, समाज र राष्ट्रका सम्बन्धमा लेखिएका रोचक र पठनीय सेन्युकविताहरू छन् । हृदयलाई झङ्कृत पार्ने प्रेम र जीवनका कवितासँगसँगै सामाजिक र राजनीतिक विकृति-विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गरिएका मनलाई आन्दोलित पार्ने सन्देशमूलक कविता पनि छन् ।

वसन्तका सेन्युकविता पढ्दै गर्दा आफ्नै मनको कुरा सुटुक्क चोरेर उनले सेन्युकवितामार्फत चुटुक्क लेखेजस्तो लाग्छ । चाहे त्यो प्रेमका बारेमा होस्, जीवनको बारेमा होस्, खुसी र हाँसोका बारेमा होस् अथवा पीडा र वेदनाको बारेमा होस् । पद, पावर र पैसामुखी विकृत राजनीतिप्रतिको गुनासो र आक्रोश पोखिएका कविता पढ्दै गर्दा पनि आफ्नै भावनालाई कवितामा समेटेको अनुभूति हुन्छ । समाजका यावत विषय, सन्दर्भ र घटनाहरूले कविको हृदयमा स्पर्श गर्दा वा कविलाई उद्वेलित बनाउँदा अभिव्यक्त भएका प्रेमिल र कोमल भावनाहरूले कतै भावुक र कतै मन्त्रमुग्ध बनाउँछन् । विकृति-विसङ्गतिविरुद्धका आक्रोश र विद्रोहका भावले चाहिँ मनमा त्यही विद्रोहचेत जागृत गराउँछन् ।

प्रेमको आरम्भदेखि दुःखान्तसम्म, प्रेमिल मनका कथादेखि घायल मनका व्यथासम्म, मातृभूमिको प्रेमदेखि देशको प्रेमसम्म, नेताप्रतिको घृणादेखि नेतृत्वप्रतिको वितृष्णासम्म, गरिबी र अभावको पीडादेखि बेरोजगारीको कहालीसम्म, यौनसुखदेखि यौनकुण्ठासम्म, घरवासीको चिन्तादेखि प्रवासीको पीडासम्म, छिमेकीको छलछामदेखि सीमाको सास्तीसम्म, भाग्यमाथिको भरोसादेखि कर्ममाथिको विश्वाससम्म, राष्ट्रिय राजनीतिदेखि राष्ट्रिय संस्कृतिसम्म, नारी संवेदनादेखि न्याय मरेको शोकसम्मका विविध विषयमाथि गहन चिन्तन गरी लेखिएका छरिता र चोटिला सेन्युकविताले पाठकलाई मोहित पार्नेमा कुनै सन्देह छैन ।

प्रेमको मिठो भावना पोखिएको एउटा कविता :

फुल्दै छ छाती
तिम्रो एक स्पर्शले
बस्छ कि प्रीति ।

स्वदेशमा केही बन्ने, केही गर्ने र केही पाउने आशा मरेपछि निराश र बाध्य भएर आफ्नो भविष्य खोज्न विदेसिने युवाप्रति लक्षित कविता :

भविष्य खोज्दै
विदेसिएछन् युवा
रित्तियो गाउँ ।

एउटा व्यक्तिको चरित्रदेखि राष्ट्रिय चरित्रमा देखिएको स्खलनप्रति कविले चिन्ता पनि व्यक्त गरेका छन् ।

झुट नै बोल्छ

गीता छुवाए पनि
अधर्मी मान्छे ।

ऊ भोट माग्छ
जितेर मन्त्री बन्छ
गाउँ बिर्सिन्छ ।

पक्ष-विपक्ष
केवल राजनीति
कुर्सीका लागि ।

छिमेकीको कुनियतका कारण देशको सीमा मिचिँदै गएको, देशको नक्सा नै खुम्चिँदै गएकोप्रति चिन्ता व्यक्त गर्दै अब देश कसले समाल्ने भनेर प्रश्न पनि गरेका छन् कविले आफ्नो सेन्युकवितामा ।

सर्दैछ सीमा
रात बिरात यहाँ
दशगजा खै ?

देशको नक्सा
खुम्चिँदै छ सीमामा
मौन छन् नेता ।

नयाँ नेपाल
दुर्घटनाग्रस्त छ
समाल्ने कस्ले ?

देशबाट न्याय हराउँदै गएकोप्रति पनि चिन्ता छ कविलाई । सामान्य उदाहरण हो निर्मला पन्तको बलात्कारपछिको हत्या घटना । यतिका वर्ष बित्दा पनि खोई निर्मलाले न्याय पाउन सकेको ?

न्याय खोज्दैछन्
सयौँ निर्मला पन्त
आफ्नै माटोमा ।

संवेदना हराएको शहरमा मान्छेलाई बाँच्न गाह्रो छ । त्यसैले मान्छेको मनमा उदासी छ ।

पीडैपीडा छ
कङ्क्रिट सहरमा
उदासी मन ।

देशको व्यवस्था र अवस्थाले युवा निराश छन् । बेरोजगारीले निराश छन् । यही निराशाले युवालाई कुलतको मार्गमा डोऱ्याएको छ । यसले युवाको जीवन, भविष्य र देशकै भविष्यको क्षयलाई निम्त्याइरहेको यथार्थलाई पनि कविले सेन्युकवितामा अभिव्यक्त गरेका छन् ।

नसामा लट्ठ
बेरोजगार युवा
संक्षय निम्तो ।

देशको वर्तमान यथार्थलाई उजागर गर्ने एउटा कविताः

देशको माया
हृदयमा सँगाल्दै
खाडीको यात्रा ।

जीवनको यथार्थलाई परिभाषित गर्ने कविताः

जीवनअर्थ
आँसु-हाँसोको खेल
प्रकृति मेल ।

यसरी कवि वसन्तराज अज्ञातले आफूले देखेका, भोगेका र अनुभूति गरेका यावत विषयमाथि गम्भीर चिन्तनलाई छोटा कवितामार्फत अभिव्यक्त गरेका छन् । अत्यन्तै सरल भाषाशैलीमा लेखिएका सेन्युकविताहरू भावका दृष्टिकोणले निकै गहन र शक्तिशाली छन् । यावत विषयमाथिको कविको भावना, विचार र दृष्टिकोण स्पष्ट र सम्प्रेष्य भएर आएका छन् । विषय विविधताका कारण रङ्गीचङ्गी फूलजस्तै लाग्ने सेन्युकविताहरूको एउटा मालाको रूपमा प्रस्तुत यो सङ्ग्रहले नेपाली साहित्यमा विशिष्ट सौन्दर्य थप्ने विश्वास गर्न सकिन्छ ।

# कलाधर काफ्लेको 'शेक्सपियरको देशमा बरालिँदा'को चिरफार



– रमेश भट्टराई "पुजारी"

कलाधर काफ्लेद्वारा मातापितामा समर्पण भएको "सेक्सपियरको देशमा "यात्रा निबन्धसङ्ग्रह (२०७५) मा १५ वटा निबन्ध समेटिएको छ। साहित्यकार काफ्लेको यस कृतिमा उनले बेलायत जाने व्यक्तिलाई सरल तरिकाले बेलायत यात्राको गाइडको काम गरेका छन् । धेरै ठाउँमा उनले हण्डर खाएका छन । मैले नागरिकता पाएँ शीर्षकमा उनलाई बेलायत जानुपर्ने छ उता छोराबुहारी नातिनातिना पर्खेर बसेका छन् पुरानो नागरिकताबाट नयाँ राहदानी नबन्ने भएपछि पुरानो खिचि नयाँ नागरिकताको लागि जिल्ला प्रशासन धाउनुपर्ने र बिभिन्न झन्झट दिएर समयमा नागरिकता नदिएर १५ दिनमा बल्ल नागरिकताको प्रमाणपत्र प्राप्त भएको विषय समेटिएको छ । त्यस्तै पच्चीस घण्टे यात्रा शीर्षकमा नागरिकता प्राप्त भएपछि राहदानी बनेको र बेलायत प्रस्थान गरेको टर्किस एयरलाइन्सको टिकट लिएको भेज खाना अर्डर गर्दा फ्राई भान्टाको तरकारी मात्र आएको ,पट्टाइ लाग्दो हवाईयात्रा इस्तानबुल अतातुर्क विमानस्थलमा गेट पत्ता लगाउन नसकेर दुख पाएको बल्ल प्लेन भेटेर बेलायतको हिथ्रो बिमानस्थलमा ओर्लेपछि एउटा ईण्डियनले सहयोग गरेर छोरा रन्जन भेटेपछि आनन्द आएको संस्मरण रमाइलो छ ।

अर्को मर्निङ मर्निङ गुड मर्निङ उपशीर्षकमा बेलायतमा राति ९ बजेसम्म घाम लागेको र विहान ४ बजे नै चराहरूको तिखो स्वरले संगीतमय बनाएकोमा लेखक पुलकित हुन्छन् । लेखकको प्रभात भ्रमण गर्ने बानी हुन्छ ,उनी एउटा छोटो लटठी लिएर घुम्न निस्कन्छन्, शुरुशुरुमा आफू हराउने डरले गल्ली, चोक घर नम्बर लेखेर गोजीमा बोकेर हिँड्छन्, बाटोमा भेटिएका सबैलाई गुड मर्निङ भन्दै हिँड्छन्, उनलाई कुकुर विरालो खासै मन पर्दैन तर बग्रेल्ती कुकुर डोऱ्याएर प्रभात भ्रमणमा निस्केका मानिस प्रसस्त बाटोमा भेटिएको र ३/४वटा कुकुर लिएर हिड्ने भलाद्मी देख्दा लेखकलाई अचम्म लाग्छ । कुनै बिहान त कुकुरले समेत झम्टेको छ उनलाई । बाटोमा हिड्दा पातहरु झरेका, कुकुरको दिशा समेत देखिएको, पानीको पाईप फुटेको देखेको हुँदा त्यहाँ पनि ठाउँ ठाउँमा नेपाल जस्तै सम्बन्धित

निकायले वास्ता नगरे जस्तो लाग्यो । एकदिन छोरा रन्जनसँग चिया गफ भएको थियो, रन्जनले बुबालाई त्यहाँको यथार्थ बताए । त्यहाँ अपरिचितलाई अभिवादन नगर्नु, दिएको खानेकुरा नखानु उनीहरूसँग नबोल्नु भन्ने स्कुलिङ भएकोले खासै नचिनेका व्यक्तिसँग नबोल्ने परिपाटी नै रहेको साथै बेलायत जस्तो विकसित देशमा पनि बालबालिका अपहरण, यौनजन्य कृयाकलाप, लागुपदार्थ ओसार पसार जस्ता जघन्य अपराध बढिरहेको कुरा रन्जनले गरेपछि लेखक खिन्न भएको कुरा उल्लेख छ ।

आँसु बरर उपशीर्षकमा लेखककी नातिनी आश्रयालाई स्कुल पुऱ्याउने ,ल्याउने काम अभिभावकको हुन्थ्यो कहिलेकाहीँ लेखक र श्रीमती शारदा नातिनी लिन जाने,  एक दिन नातिनी रुदै आइन् ,कुरा बुझ्दा उनका मिल्ने साथीहरू स्कुल छोडेर जाने रहेछन्, कामको सिलसिलामा अभिभावकसँग जानुपर्ने कुरा लेखकले नातिनीलाई सम्झाएको प्रसङ्ग छ । रोमन वाथमा नेभिगेटरले रन्जनको गाडीलाई निर्देशन दिएको उहाँ पुगेर विशाल भवनभित्र चारकुने लाम्चो पोखरी नै रोमन वाथ रहेछ त्यसको बारेमा लेखकले १७ बुँदामा प्रष्ट्याएका छन् । वेल्समा तीन दिन रमाइलो यात्रा छ वेल्समा जादा बाटोमा पानी परेको, वेल्सको रङ्गनाथको मन्दिर दर्शन, मन्दिरमा खैरे पुजारी, स्कन्द भेलको यात्रा स्कन्द कुमारको नामबाट दक्षिण भारतीयहरूले स्थापना गरेको त्यत्रो कृश्चियन मुलुकमा पनि हिन्दू मन्दिरले शोभायमान भएको वेल्सको तीनदिने भ्रमण जानकारीमुलक, फलदायी, ज्यादै स्मरणीय रहेको देखिन्छ । शैक्षिक मन्दिरको अवलोकनमा अक्सफोर्ड विश्वविद्यालयको परिवेश बुझ्न जादा बाटोमा चै रमाइलो भएको तर गाडी पार्किङस्थल नभेटेपछि छोरा रन्जनले एक घण्टा गाडी घुमाएको घुमाएकै पार्किङ खोजेको भनेर पढ्दा चै विकसित राष्ट्रमा पनि सबै कुरा व्यवस्थित चै नहुने रहेछ भन्ने लाग्यो । अक्सफोर्ड परिसर पसेपछि आनन्दायक भएको, हजारौं वैज्ञानिक उत्पादन गरेको संसारकै पुरानो र उत्कृष्ट विश्वविद्यालय सन् १०६७ मा स्थापना भएको तर अहिलेको अवस्थामा आईपुग्न उस्ले धेरै राजनीतिक कठिनाइ भोगेको कुरा नि थाहा लाग्यो । उन्नाइसौं शताब्दीदेखि चै धार्मिक र राजनीतिक हस्तक्षेपबाट मुक्त भएर अक्सफोर्ड विज्ञान र प्रविधिको युगमा प्रवेश गरेको छ ।

डोर्सेटमा दशैं तिहार शीर्षकमा लेखकले बेलायतको डोर्सेट राज्यमा बसाइ भएकोले त्यहीँ दशै तिहार मानेको कुरा उल्लेख छ । त्यहाँ अर्याल, काफ्ले, खरेल, फुँयाल, भट्टराई, महत, शर्मा र सापकोटा परिवार गरी जम्मा ३३ जना मिलेर दशैं तिहार मनाएको रमाइलो प्रसङ्ग छ, । डोर्सेटको सेरोफेरोमा इङल्याण्ड, स्कटल्याण्ड,वेल्स र उत्तरी आयरल्यान्ड चारवटा राज्य मिलेर बनेको संयुक्त अधिराज्य बनेको र डोर्सेट चै इङल्याण्डमा पर्ने रहेछ र छोरा रन्जनले स्याण्डव्याङ्क घुम्न जाने भनेपछि लेखक रमाएका र ब्राउन सिमा, वर्नमाउथ, ह्यामवोर्दी ,कोर्फे दरवार ,बर्नमाउथ ,टावर पार्क र ब्रोडस्टोन पुस्तकालयमा

विभिन्न पुस्तक पढेको रमाइलो यात्रा विवरण छ । शेक्सपियरको जन्मस्थल शीर्षकमा आफू बसेको शहर भन्दा ४७० किलोमिटर टाढा रहेको विश्वविख्यात बेलायती साहित्यकार जन्मेको स्ट्राटफोर्ड अपन आभो शहर जाने कुरामा पुलकित हुँदै लेखक त्यहाँ जान तम्सिन्छन लामो यात्रापछि गन्तव्यमा पुगिन्छ, त्यो ठाउँ सन १३८१ तिर नै सभ्य र व्यवस्थित भईसकेको देखिन्छ, त्यही शहरको हेनले स्ट्रिटमा शेक्स्पियरको जन्म भएको ठाउँमा गोरखामा पृथ्वीनारायण शाहले प्रयोग गरेका सामग्री सङ्ग्रहालयमा राखे जस्तै त्यहाँ पनि शेक्सपियरले प्रयोग गरेका समान रहेको प्रसङ्ग छ । काफ्ले परिवारका दुईवटा कार्यक्रम -१ ,कवितासङ्ग्रहको लोकार्पण र कवयत्रीहरुको जन्मोत्सवमा नातिनीको कृति माई पोइम्स र माई लिटिल पोइम्स लोकार्पण पछि लेखकको नातिनीको जन्मोत्सव मनाएको प्रसङ्ग छ । त्यस्तै वैवाहिक वार्षिकोत्सव र कृतज्ञता कार्यक्रममा लेखकको छोराले बुबाआमाको ४९औं वैवाहिक वार्षिकोत्सब मनाउने कुराले लेखकको खुसीको सीमा रहेन र २०१७ डिसेम्बर ४ का दिन विम्वोर्नस्थित वेदर स्पुन रेष्टुरेन्टमा वैवाहिक वार्षिकोत्सव कार्यक्रम भएको थियो ।

पोर्ट स्माउथको अवलोकन टावर शीर्षकमा पारिवारिक सल्लाहअनुसार पोर्टस्माउथ पुरै घुम्न समय नमिले पनि टावर चढ्ने रहरले एक/डेढ घण्टाको यात्रा पछि त्यहाँ पुगेको र यो एउटा बन्दरगाह नगरमा रहेको टावरमा २३ पौण्ड तिरेर लिफ्टबाट १७० मिटर अग्लो इमिरेट्स स्पिनाकर टावरबाट शहर, समुन्द्र ठूला भवन, डुङ्गा, जहाज सबै हेर्न सकिने यो ब्रिटेनको सबैभन्दा राम्रो दृश्यावलोकन मानव निर्मित टावर सौन्दर्यको खानी भएको कुरा उल्लेख छ । निम्तैनिम्ता र भोजैभोज शीर्षकमा लेखकलाई आफन्तहरूले उत्सवपरक र व्यक्तिपरक आमन्त्रण गरेर सहृदयी भावना देखाएकोमा अति आनन्द लागेको छ । सन् १६७५ मा ग्रीनिचमा स्थापना भएको रोयल अब्जर्भेटरी ग्रीनिच नामक संस्थालाई ग्रिनिचको वेधशाला भनिएको र यस्ले तीनवटा पक्षहरूसँग सम्बन्ध राख्दछ-खगोलशास्त्र, समय, नौ यात्रा । तत्कालीन समयमा वेधशालाभित्र प्रवेश गरेर आकाशका ग्रह, नक्षत्र तथा ताराको गतिविधि, देशान्तर निर्धारण गर्ने खगोलशास्त्री, भूगोलशास्त्रीले कठिन अनुसन्धान गरेको प्रष्ट हुन्छ र यस कृतिको अन्तिम शीर्षक रहेको छ स्टोनहेन्जको अवलोकन । यो एउटा ढुंगे स्मारक रहेको जस्मा ठूला ठूला ढुंगाका खाँबा, ढुंगाकै मोटा विम, ढुंगाकै दलिन यो विशाल संरचना (इसापूर्व ८५०० -२५००) को विचमा निर्माण भएको अनुमान गरिन्छ । यसरी लेखकले आफ्नो यात्रा निबन्धसङ्ग्रहको अन्त्य गरेका छन् । त्यसपछि यात्रासम्बन्धी तस्बिरहरू र लेखकको परिचयबाट कृतिको विट मारिएको छ । बेलायतको धेरै ठाउँको जानकारी दिएको र पुस्तकको बीच बीचमा विभिन्न उक्ति समेटिएको यात्रा निबन्धसङ्ग्रह पठनीय छ ।

शंखरापुर -६, काठमाडौँ

# ज्ञानेन्द्र विवश र 'सुन्दरीचोक' निबन्धसङ्ग्रह



– **रमेशप्रसाद सागर**

समसामयिक नेपाली निबन्ध लेखनमा मौलिक शैलीको गोरेटो निर्माण गर्दै हिँडिरहेका सक्रिय व्यक्तित्व हुन् ज्ञानेन्द्र विवश । यिनी स्वनिर्मित शैलीमा दृढ छन् र लेखिरहेका छन् हरेक विषयका निबन्ध । यिनका निबन्ध पढ्दा नेपाली जीवनका मार्मिक स्पन्दनले हामीलाई छुन आउँछन् । सरल र काव्यमय भाषाको आकर्षक प्रस्तुति शैली यिनको विशेषता देखिन्छ । यिनी कलालाई रङको सट्टा भाषा दिने र साहित्यलाई कलाको रोगनले सजाउने निबन्धकार मानिनछन् । यिनी विशेषतः कला, जीवनी, संस्कृति, नियात्रा र निबन्ध विधामा कलम चलाउँदै समकालीन साहित्यिक फाँटमा विचरण गरिरहेका सशक्त प्रतिभाका रूपमा निकैसक्रिय छन् । प्रकृति, इतिहास तथा स्वच्छन्दवादी लेखनमा निकै रुचि राखने विवशका निबन्धहरू निकै लोभलाग्दा रहेका छन् ।

उनीभित्रको इतिहास प्रेम निबन्धमा प्रचुर रूपमा अभिव्यक्त भएका पाइन्छ । यिनै विषयलाई आधार बनाएर उनले रचना गरेका निबन्धको सङ्ग्रह हो 'सुन्दरीचोक' । मध्यकालीन नेपालको कलाकौशल उर्वर थियो । नेपाल खाल्डो वा उपत्यकाका तीनै शहरमा कलात्मक मठमन्दिर बनाउने होडबाजी चल्थ्यो । दरबारका आसपास डबली, पाटीपौवा, धारा, देवस्थल आदि निर्माण गराएका हुन्थे । तिनलाई कलाकौशलको अद्वितीय नमूनाद्वारा सजाइएको हुन्थ्यो । यसै क्रममा मल्ल राजाहरूले दरबारमा सुन्दरीचोकहरू बनाएका थिए । जसको अस्तित्व र ऐतिहासिकता आज पर्यन्त छ । नेपालका अधिकांश जिल्ला घुमिसकेका ज्ञानेन्द्र विवशले स्थान र व्यक्तिविशेष विषयमा निबन्ध लेखेका छन् जुन यस सङ्ग्रहमा समावेश गरेको पाइन्छ ।

प्रस्तुत 'सुन्दरीचोक' निबन्ध सङ्ग्रहमा तिसवटा विभिन्न विषयका निबन्ध समेटिएका छन् । विषयवस्तु र प्रस्तुतिकरणका आधारमा यी तीसवटै निबन्धहरू निकै रोचक र मिठासपूर्ण भाषाशैलीमा लेखिएका छन् । यी निबन्धहरू प्रस्तुतिका हिसाबले आत्मसंस्मरणात्मक, यात्रात्मक, प्रतिवेदनात्मक तथा अनुभूतिजन्य संवेदनात्मक आदि विविधतायुक्त छन् । सङ्ग्रहको पहिलो निबन्ध 'सुन्दरीचोक' हो र यसै शीर्षकबाट कृतिको नाम चयन गरिएको छ । यो निबन्ध पुरातत्त्व, इतिहास, कलाकौशल, संस्कृति, सभ्यता

र प्राचीन जीवनशैली तथा चालचनलन जस्ता कुराहरूले निकै खँदिलो बनेको छ, जुन यिनको हरेकजसो निबन्धमा पाइने शैलीजन्य प्रवृत्ति पनि हो ।

शीर्ष निबन्धको विषयलाई अघि बढाउने क्रममा निबन्धकारले पेटबोलीमा नै यसरी ऐतिहासिक कुरा भनेका छन्- ' इतिहास र दर्शनभन्दा पनि वैयक्तिक भावनाका भावहरू छन् । सुन्दरीचोकको वर्णन र विवरण.... कुरा पनि

आउँछ ।' यहाँ उपत्यकाका तीनै शहरमा भएका ऐतिहासिक चोक र तिनको पुरातात्त्विक महत्त्व दर्शाउने चेष्टा भएको छ । साथसाथै वर्णन र विवरणमा यथेष्ट सूचनाको अनुशीलन तथा भावना र व्यक्तिगत अनुभूतिको अनुघुलन पनि समेटिएका छन् । वस्तु र तिनको वर्णन गर्ने शैली उनको निकै विशिष्ट रहेको छ ।

निबन्ध 'मृगतृष्णा' मा आँखा-हेराई, दृष्टिकोण र भावनात्मक सम्बेध्यता छ । भूकम्पको त्रासदीपूर्ण स्मरण छ । त्यसले ध्वस्त पारेको प्राचीन सम्पदा एवम् ऐतिहासिक स्मारकहरूप्रति चासो र चिन्ता व्यक्त छ । कर्मचारीका हैसियतले पुनर्निर्माणका क्रममा जनसाधारणलाई परेको सकस, अघिल्लोकै शृङ्खला जस्तो पारिवारिक, सामाजिक व्यवहार प्रस्ट्याउने स्मृति संलाप यस निबनधमा अभिव्यक्त गरिएको छ । चरा विषयक चित्रकलाकार र चित्रकलाप्रति सम्मान, इतिहासको विस्तृतीकरण, ग्यालरीमा भएको प्रदर्शनीको भावनात्मक संस्मरणका कुरालाई समेत यहाँ समेटिएको छ । ' भीरमौरीको शिकार' मौरी, मह र त्यसको ऐतिहासिक महत्त्व, वर्तमानका चुनौतीहरू केलाउन सफल वैचारिक तथा भावनात्मक निबन्ध हो, निकै डरलाग्दो चट्टानमा ज्यानकै बाजी राखेर गरिएको भीरमौरीको शिकारलाई निबन्धमा अभिव्यक्त गरिएको छ । स्वानुभूतिमा आधारित भावना, घरबासको महिमा 'ओतमुनिको ओभानो' मा प्रकट छ । 'सङ्गीतसँग साक्षत्कार' संस्मरण निबन्धमा विभिन्न व्यक्तसँग भेटेर गरिएका टिपोटका रूपमा प्रस्तुत भएकाले प्रतिवेदनातमक निबन्ध जस्तो मात्र लाग्छ ।

यसप्रकार आत्मसंस्मरणमा भाव र अनुभूतिको समुचित सन्तुलन कायम राख्दै निबन्धलाई यथेष्ट सूचनाप्रद बनाउन यिनले कुनै कसर भने बाँकी रहन दिएका छैनन् । यिनका निबन्धमा आत्मालापका केही कुरा समेट्दै स्वानुभूतिको प्रतिनिधित्व पाउन सकिन्छ । कुनै निबन्ध जानकारीमूलक प्रतिवेदन जस्ता पनि लाग्छन् । कतै भेलाको साक्ष्यभाव, कतै विकास निर्माणमा आइपरेका समस्या, बाधा-व्यवधानका कुरा, कतै कला प्रदर्शनीबारेका मनोभावना, आफू सहभागी कार्क्रमका रिपोर्ताज, वैयक्तिक विचार र चिन्तनमनन नै उल्लिखित निबन्धहरूमा पाइन्छन् ।

पुरातत्त्व, इतिहास, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धनको हुट्हुटीलगायतका चिन्तन ज्ञानेन्द्र विवशका निबन्धमा छन् । यिनका हरेक निबन्ध तथ्यपरक तथा रोचक छन् । मानव र मानव जीवनको निकटता यिनका

निबन्धमा पाइने मूल बिशेषता हुन् । एकदेखि पाँच शब्दसम्मका शीर्षकहरूमा भावबद्ध यी निबन्ध स्वतन्त्रतापूर्वक लेखिएका मात्र छैनन्, शैलीगत निजत्व दर्शाउनसमेत सक्षम छन् । संस्मरणको मझेरीमा विश्लेषणात्मक टिप्पणी र प्रतिक्रियाको जलप दिँदै लेखाइमा मिठास भर्छन् यिनी ।

निबन्ध लेख्दा विवरण, क्रियाविहीन वाक्यको संयोजन, कतै काव्यिक भाषाको प्रयोग, कतै छोटो आयाम र कतै विस्तारित बयानजस्ता विविधा अपनाउन रुचाउने ज्ञानेन्द्र विवश 'समकालीन निबन्ध र निबन्धका स्रष्टाहरूमा पृथक् पहिचान बनाइरहेका छन् । यिनी वर्तमान समयमा निजात्मक निबन्ध रचनामा जाँगर चलाउने उत्साही युवा हुन् ।' (नेपाली निबन्ध परिचय गोपीकृष्ण शर्मा, पृ.५१)

शैलीगत अन्तरमिश्रणमा यिनको रुचि देखिन्छ । 'सुन्दरीचोक' का कुनै कुनै रचना नियात्रा वा संस्मरणका बेग्लै पुस्तकमा हुँदा राम्रो हुन्थ्यो कि भन्ने पनि लाग्छ । प्रस्ट शैली छैन र पनि यिनका निबन्धमा भावना, विचार र विमर्श भरपुर छन् । यिनी जल्दोबल्दो समस्याको उठान मात्र गर्दैनन्, विचार प्रक्षेपणद्वारा निकास पनि खोज्छन् । साथै रचनामा अनुभूतिको रङ्गीन लिवाज दिनुलाई लेखकीय अभीष्ट मान्दै लेखिरहेका छन् । लेखिरहेका मात्र छैनन्, उत्कण्ठा र हुट्हुटी बोकेर साहित्यप्रेममा होमिएका छन् ।

साहित्यका सबै कृति समाजले स्वीकार्न सक्ने अवस्था हुँदैन । विषयवस्तुको नवीनता र आकर्षक प्रस्तुतीकरणले पनि पाठक तान्नसक्छ । पुस्तकमा भाषा र शैलीगत मनोहारिता अत्यावश्यक । सङ्क्षिप्त, सरल र सरसतासँगै युगवोध पनि प्रवद्य पाठकले खोज्ने कुरो हो । पुस्तकको शुद्धता र प्रभावकारी साजसज्जाले पनि पाठकहरू तानिन्छन् । निबन्धकार ज्ञानेन्द्र विवश आफैँ कलाकार र शब्दशिल्पी हुनाले यस्ता कुराहरूमा सचेत तथा सजग हुनुपर्छ । तर कृतिमा राखिएका सबै रचनामा केही शब्दलाई चहकिलो पारिएको छ, जसले आँखा बिझाउँछ । भाषा प्रयोगको कोणबाट भने यिनको बेग्लै खुवी देखिन्छ । हरेकजसो रचनामा स्वनिर्मित भाषिक शैली पाउँदा पाठकले बेग्लै रसको आनन्द प्राप्त गर्छन् । अतः निबन्धको पृथक लेखनमा समीक्ष्य कृति 'सुन्दरीचोक' अब्बल मान्न सकिन्छ ।

नेपाली निबन्ध विधाले आधुनिक युगमा प्रवेश गरेर वस्तुमा मात्र होइन अभिव्यक्तिमा पनि नवीनतम् प्रयोगलाई आत्मसात गरेको छ । वस्तुअनुसारको भाषा, विचारअनुसारको शैली र परिवेशअनुसारको अभिव्यक्ति दिने प्रक्रिया जारी छ । यो प्रवृत्ति समकालीन साहित्यले नै अँगालिरहेको छ । शब्द गुम्फन, वाक्य गठन, भावसम्प्रेषण र अभिव्यक्ति कौशल आदिमा नयाँ-नयाँ आयाम थप्ने प्रवृत्ति निरन्तर छ । यात्रा, दर्शन, बौद्धिक, हृदयसंवेध्यता, वर्णन, विवरण आदि थुप्रै अनुहार लिएर आइरहेका विवशका निबन्धले साहित्यको श्रीवृद्धिमा मनग्गे योगदान पुऱ्याएको छ । यसै महायात्रामा अनवरत लागेका छन् निबन्धकार ज्ञानेन्द्र विवश ।

# एउटा विद्रोही कविको देश प्रेम



– **राजेश खनाल**

कवि राजेश ढुंगाना दाइसँग (म दाइ नै भन्छु) सँगत हुँदा पत्रकारका रूपमा मात्रै उनलाई चिनेको हुँ । राजेश दाइ एक अब्बल कवि हुन् भन्ने पनि धेरथोर जानकारी थियो । तर, उनका कविताभन्दा उनका समाचार र विचारसँग सायद धेरै नजिक थिएँ म । तिनताक साप्ताहिक पत्रिकाहरूमा भेट हुँदा कवि नभएर पत्रकारकै दृष्टिकोणबाट हेरिनु गलत पनि थिएन !तिनै साप्ताहिक पत्रिकाका पानाहरूमा राजेश ढुंगानाका कविताहरू बेलाबखत पढिरहँदा पनि उनी कवि हुन्, कविता लेख्छन् अनि खरोभन्दा खरो कविता लेख्छन् भन्ने तिर खासै ध्यान दिइएन । मात्र सामान्य भावले सोचियो, 'दाइ बेलाबेला कविता पनि लेख्दा रछन् !'एउटा कुरो पक्कै के हो भने साप्ताहिक पत्रिकाहरूमा छापिने उनका कविताहरूले कताकति छुन्थ्यो पनि । तथापि, राजेश ढुंगाना दाइ मेरा लागि अग्रज पत्रकार दाइ नै रहे । उनको कविताको तेज र गहिराईमा सायद म घुस्न सकिनँ ।

आज करिब तीन दशकको समय अवधि बितिरहेको समयमा उनका कविताहरूमा नजर पुऱ्याउँदा सोचिरहेको छु, मैले राजेश ढुंगानालाई त चिनेको नै पो रहेनछु ! उनको कलममा विद्यमान काव्यशक्तिलाई देखेकै रहेनछु ! आफू पनि पत्रकार, राजेश दाइ पनि पत्रकार; बस् त्यतिमै रमाएको रहेछु । अघिल्लो वर्ष उनले आफ्नो काव्यकृति 'सुकिला मान्छेको सामूहिक मृत्यु' कविताका पाठकहरूलाई सुम्पिए । यो कविताकृतिको एउटाप्रति मेरो पनि हात लाग्यो । उप्रान्त, ढुंगानाका कविता र तिनमा अभिव्यक्त राजनीतिक विकृति विसङ्गतिमाथिको चोटिलो प्रहारले मलाई रग्मग्यायो । उनका कवितालाई मैले जहिले पनि सामान्य भावले मात्रै पढैँ, त्यसको गहिराईमा पुग्ने कोसिस नै सायद गरिनँ !

यसपटक उनले प्रकाशनमा ल्याएको अर्को काव्यकृति थियो 'मैले खोजेको देश' । यसको सार्वजनिकीकरण कार्यक्रमको एक साक्षी म पनि थिएँ । र त्यसको एकप्रति मेरो हातमा पनि पऱ्यो । एक समय राजनीतिक अभिव्यक्तिका लागि कविताका माध्यमबाट आफ्ना विचारहरू कागजका पोख्दै आएका ढुंगाना दाइको मैले खोजेको देशमा समावेश कविताहरूले भित्रैसम्म झक्झक्यायो !

घाम
यत्ति चर्को
कहिल्यै लागेको थिएन
गर्मीले तन पोलेर
पसिना पनि
बर्सेकै हो तर्तरी
तर

खै केले हो डढेर
यत्ति साह्रो
मन चाहिँ कहिल्यै
पोलेको थिएन!
(पृष्ठ-६१)

'गर्मी' शीर्षकको यो कविताले मलाई पनि त्यही ठाउँ पुऱ्यायो, जहाँको पीडा कवि ढुंगानाले नौ दस हरफमा अभिव्यक्त गरेका छन् । उखरमाउलो गर्मीभन्दा सानो प्रसंगले पनि मनलाई कसरी डढाउँदो रहेछ भन्ने, कविता पढेपछि पाठकले महसुस गर्छन् नै ।राजेश दाइ अर्थात् कवि राजेश ढुंगानाको कवितायात्रालाई तीसको दशकका थुप्रै कविहरूले नजिकबाट नियालेका छन् । मोफसलमा बसेर पत्रकारिता र काव्यकारिता गर्दै समकालीन लेखनमा सक्रिय उनका कविताले एक समय आगो ओकल्दै आएको हो । २०३६ सालताका तत्कालीन राज्य सत्ताको विद्रोहमा कविहरू पनि उत्तिक्कै सक्रिय थिए । त्यसै समयमा सडक कविता क्रान्तिका माध्यमबाट कविहरूले सर्वत्र तताएका थिए ।

त्यसताका राजेश दाइ पनि कम थिएनन् । उनी पनि विद्रोहको आगो ओकल्थे कवितामा । यसरी सोही समयदेखि राजेशको विद्रोहीचेतका कविता छापाहरूमा आउन थाले । कवि गोष्ठीमा घन्किन थाले । सडक कविता क्रान्तिमा समेत राजेशको काव्यचेत पोखिँदै आएको त्यसकालका कविहरूसँगको उनको सँगतले देखाउँछ । पुस्तकको भूमिकामा साहित्यकार कृष्ण धरावासीले बडो सटिक लेखेका छन् : '२०३६ सालदेखि नै हिँडेका हुन्- राजेश पनि, ती इतिहासका नाङ्गा पन्ना जस्ता पेटीहरूलाई च्यात्न । हरेक पल्ट च्यातिएकै ठानेका थिए । तर, ती पानाहरू जराशन्धको गाँण जसरी सर्दै... जोडिँदै, गरिरहे- मानिएका हरेक परिवर्तनपछि पनि । .हो, ठ्याक्कै यिनै भावपीडा राजेशका कवितामा भेट्न सकिन्छ । ढुंगानाको यस कृतिभित्र राजनीति, समकालीन वितृष्णा, विकृतिविरुद्धका हुँकार प्रष्ट देखिन्छ । 'परेवाहरू'मा कवि ढुंगानाको आक्रोश यसरी झल्किएको छ :

बथानमा
चिरबिर चिरबिर रमाएका परेवाहरू
शिकारीको जालमा परे
र
बजारमा
बेच्न लगियो
अब
निर्दोष परेवाहरूको
चक्कुले घाँटीमा
निर्मम बलात्कार हुन्छ ! (पृष्ठ-४५)

कति क्रूर छ समाज । शान्तिको प्रतीक मानिएको परेवामाथि पनि निर्मम अत्याचार गर्न हिच्किचाउँदैन ! आम मानिसमा शान्तिको चाहना अथाह छ । तर, शान्ति चाहनेभन्दा अत्याचार गर्नेले थिचेको छ समाजलाई । शिकारीको जालमा परेको छ समय । समय त्यो जालबाट कसरी उम्किएला !आजभन्दा चालीस वर्षअघि नै खरा भावना आफ्ना कवितामा पोख्ने कवि ढुंगानाले आजका राजनीतिकर्मीलाई छोड्ने कुरै रहन्न । राज्यसत्ता हातमा लिँदै आएका व्यक्ति कहिल्यै इमानदार नभएको उनको गुनासो राजेशका कवितामा भेटिन्छ । 'जुरुक्क उठेर' शीर्षकको कवितामा उनी लेख्छन् :

मृत्यु पर्यन्त म
तिमीसँग इमानदार हुने छैन
किनकि,
झण्डा बोकाएर जीवनभरि
मसँग तिमी
कहिले इमानदार भयौ ? (पृष्ठ-२९)

आजको राजनीतिज्ञप्रतिको उनको वितृष्णा कृतिभित्रका यस्तै कतिपय कविताहरूमा भेटिन्छ । उनी नेता इमानदार नभएकोमा आक्रोशित मात्रै छैनन्, सिंहासनमा बस्नेहरू सधैँ सिंह बन्दै गएको पनि उनले कवितामा अभिव्यक्त गरेका छन् ।

कविता 'सिंहासन'मा ढुंगाना भन्छन् :
मेरो सपनाको
सिंहासनमा
तिमीलाई बसाएको
दशकौँ भयो
तर
सिंहासनमा बसेपछि
ऊजस्तै
तिमी आफैं सिंह हुने
दुर्भाग्य मैले कहिलेसम्म भोग्नु पर्ने हो ? (पृष्ठ-१११)

पत्रकारिता, साहित्य लेखनकासाथै स्थानीय राजनीतिमा पनि क्रियाशील रहेका कवि ढुंगानाका कवितामा राजनीति र राजनीतिज्ञप्रतिको रोशका विम्बहरूमा झल्किन्छन् । ढुंगानाका कवितामा विरोध र आक्रोश मात्रै छैन, उनका कवितामा प्रेम पनि प्रशस्त झचल्किएको भेटिन्छ । यसरी राजेश ढुंगानाले आफ्ना ५५ थान कविताहरूलाई कलात्मक स्वरूपमा बुनेर प्रस्तुत गरेका छन् । जहाँ एउटा काव्यिक पाठक मजाले हराउन सक्छ ।

५० को दशकको मध्यतिर हुनुपर्छ, घटना र विचार साप्ताहिकको बबरमहलस्थित कार्यालयमा सधैँजसो राजेश दाइसँग भेट हुँथ्यो । मैले पनि त्यो पत्रिकामा नियमित स्तम्भ लेख्ने हुँदा राजेश दाइसँगको निकटता त्यहीँ नै झाँगिएर गएको हो भनिदिँदा हुन्छ । तर, राजेश दाइको कविताले यतिपछि आएर ठोक्ला भन्ने त्यो बेला मैले सोचेको पनि थिइनँ !


## पढ्नै पर्ने साहित्यिक पत्रपत्रिका

अभिव्यक्ति, रचना, जनमत, भानु, नवप्रज्ञापन, कल्पतरू, नेपाली, हिमाली गुराँस, तन्नेरी, हाम्रो पुरुषार्थ, दायित्व, शिवपुरी सन्देश, शाल्मलि, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, चेतना सन्देश, हाम्रो पूर्णिमा, अक्षरमार्ग, जमघट, आलेखन, नारीस्वर, रजस्थल, कपन वाने श्वर, हाम्रो मातृभूमि, अक्षय अक्षर, दोभान, वैजयन्ती, अन्तर्बोध, शब्दसंयोजन, शारदा, वनिता, अभिनव, कथालिका, संगम अभियान, ज्यादीखोलाको तरङ्ग, गरिमा, अक्षय ज्ञान, गुगुल्डी, तामाङ डाजाङ, लहरा, अर्न्तध्वनि, लोकभावना, नःलि, आँजुर, कलस, महामण्डल, रूपायन, कालिको सुसेली, लावा डग्गर, गोलसिमल, हरचाली, थौँ कन्हय, नवमाधुरी र सचेतना आदि ।

**नवप्रज्ञापनले यात्रा प्रारम्भ गरेको ३३ वर्ष लाग्यो । देश विदेश जहाँ रहनु भएको भए पनि के तपाईं नवप्रज्ञापन पढ्न चाहनुहुन्छ ? यदि चाहनुहुन्छ भने तपाईंहरुको सेवामा हाजिर छ ।**

**वेबसाइट : www.nabapragyapan.com.np**

**पुराना अंकहरु पनि PDF मा उपलब्ध छ ।**

# साधना संयुक्त गजलसङ्ग्रहको परिचय



**– रामकुमार पण्डित**

गजललाई गेयात्मक विधाको रूपमा बुझिन्छ । गाउनलाई सजिलो हुनेगरी गजल रचना गरिन्छ । स्वतन्त्र रूपमा रचिएको गजलले भन्दा नियमसङ्गत रूपमा बहर वा शास्त्रीय छन्दको ढाँचामा रचिएको गजलले गायनमा सुगमता लेराउँछ । साथसाथै यस्ता गजलले अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्ठा बढाउँछ भनेर मान्यता राख्ने सर्जकहरू पनि उल्लेख्य पाउन सकिन्छ। यसै सन्दर्भमा फेसबुकमा बहरवद्ध गजलको साधना गर्ने साधकहरू उल्लेख्य पाइन्छ । यसैको प्रमाण हो साधना संयुक्त गजलसङ्ग्रह । यस सङ्ग्रहभित्र देशविदेशमा छरिएर रहेका ७४ जना साधकको र १ जना गुरुको गरी ७५ जनाको पाँचपाँच थान गजलहरू सङ्गृहीत छन् (भूमिकाअनुसार) । ती एक जना गुरु हुन् डा. घनश्याम न्यौपाने “परिश्रमी” । परिश्रमीले यस सङ्ग्रहमा प्रधान सम्पादकको भूमिका निर्वाह गरेका छन् भने पौडेल विमुन्स र ध्रुवप्रसाद गजुरेल सम्पादकको रूपमा ।

फारसी तथा उर्दू भाषामा गजलले धेरै अघि नै आफ्नो छुट्टै पहिचान बनाइसकेको छ । प्रारम्भिक कालमा प्रेम वा प्रियसीसँगका प्रिय कुरालाई मात्र गजलको विषयवस्तु बनाइन्थ्यो । अचेल कुन विषयवस्तुलाई गजलमा उतार्ने भन्ने कुरा प्राथमिकतामा पर्दैन । समाजमा देखिएका जुनसुकै पक्षलाई गजलमा उतार्ने गरिन्छ । चाहे देश दुखेको कुरा होस् वा सामाजिक सवाल नै किन नहोस्, नेताले भ्रष्टाचार गरी देश डुबाएका विषयवस्तु किन नहुन्, ती सबैलाई अचेल गजलकारहरूले आफ्नो गजलमा प्रस्तुत गर्दछन् । यस पुस्तकमा पनि गजलकारहरूले सामाजिक, आर्थिक, राजनीति, साँस्कृतिक, नैतिक आदि विविध पक्षलाई गजलको विषयवस्तु बनाएको पाइन्छ ।

नेपाली वर्णानुक्रम पद्धतिमा आधारित भई गजलकार र तिनका गजल क्रमशः यहाँ प्रस्तुत गरिएका छन् । सर्वप्रथम अनुराग अरुणको गजल रहेको छ । उनका पाँच वटै गजलले प्रेमको विषयवस्तु प्रस्तुत गरेका छन् । त्यसपछि अरुण खड्काको रहेको छ । उनका गजलमा प्रेम लगायत घरायसी व्यवहारका कुरा आएका छन् । उनको गजलको एक घतलाग्दो शेर यसप्रकार रहेको छ ।

“नमाने नमानून् कसैले मलाई
सधैँ बोल्छु साँचो गरिन्नन् बहाना ”

तेस्रो नम्बरमा अलख निरन्जन लोहार रहेका छन् । उनको गजलले पनि प्रेम र जीवन व्यवहारलाई छोएका छन् । चौथो नम्बरमा उत्तम भेटवालको रहेको

छ । उनको गजलमा प्रेम, देश र देशमा भ्रष्टाचार मौलाएको भाव

पाइन्छ । एउटा शेर यस्तो छ :

"छन् भ्रष्ट देशमारा पाए सिनित्त पार्ने
लुट्नैका निम्ति राख्छन् आँखाहरू उधारा "

पाँचौँ क्रममा उमा ओडारीको रहेको छ । उनको गजलमा माया, देश, भ्रष्टाचार र वैदेशिक रोजगारीका भाव पाइन्छ । एउटा शेर :

"काखकी छोरी संझिएँ बा र आमा
देशले बेचेको जवानी छ मेरो"

छैठौँ क्रममा एकनारायण चापागाईंको रहेको छ । उनका गजलमा जीवन हेर्ने दृष्टि रहेको छ । कुनैकुनै गजलमा जीवनप्रति निराशा पोखिएको पाइन्छ । सातौँमा एलपी पराजुलीको रहेको छ । उनको एक गजलमा वैदेशिक रोजगारीको क्रममा कामदार उल्टै जेल परेको पीडा पोखिएको छ भने बाँकी गजलले प्रेम पस्किएका छन् । आठौँ क्रममा कल्पना अधिकारी भट्टराईको रहेको छ । उनका प्रायः सबै गजलले जीवनलाई प्रष्ट्याएका छन् । नवौँ क्रममा कविराज घिमिरेको रहेको छ । उनका गजलमा प्रेम र जीवनसँग सम्बन्धित भाव रहेका छन् । दशौँ क्रममा किशोर कोइरालाको रहेको छ । एघारौँमा कुमार थापा उमेश गौरी गाउँलेको रहेको छ । बाह्रौमा कुमार शर्मा 'अविरल'को रहेको छ । यसरी दशौँ, एघारौँ र बाह्रौँ गजलले जीवन र जगत्, साँध सिमाना हराएको, विदेशी षडयन्त्र र स्वदेशी नेताको लम्पसारवादजस्ता राष्ट्रिय अन्तर राष्ट्रिय एवं मानवीय पक्षसँगका भाव बोकेको पाइन्छ । यस्तै भावना बोक्ने गजलकारहरू क्रमशः यसप्रकार रहेका छन् :

केशवप्रसाद ढकाल 'प्रीतबीज', डा. खगेन्द्रप्रसाद दाहाल, गङ्गा आचार्य सापकोटा, गिरिधारी उपाध्याय, डा. घनश्याम न्यौपाने "परिश्रमी", चण्डी योङ्या, चन्द्रावती अधिकारी, जानुका गुरागाइँ, जीवन निरौला, टीका सुदिश निरौला, डा. ठाकुरमोहन श्रेष्ठ, डिल्लीराम घिमिरे सङ्गम, तारा घिमिरे 'स्वेच्छा' तारा विष्ट छन्दार्पण, दलबहादुर शाही, दुर्गाबहादुर पौडेल क्षेत्री, डा. देवी पन्थी, धनसिंह गिरी, ध्रुवप्रसाद गजुरेल, नवराज न्यौपाने 'मौन', नवराज भट्ट, पद्मावती रिजाल पद्मा, पुष्पलाल काफ्ले, पुष्पा नेपाल सुवेदी (कोही मान्छे ईश्वर हुन्छन्, कोही मनका बन्जर हुन्छन्), प्रकाशप्रसाद पाण्डे, प्रभा पोखरेल, बालकुमारी घिमिरे 'गजलिका', विष्णुकुमार मुखिया, भगवती दवाडी अधिकारी, भूमिराज 'पुनर्जन्म', मिलनकुमार ढुङ्गाना, मिरा ज्ञवाली आस्था, मेघनाथ खनाल बन्धु, मोहन गौतम, यज्ञलाल सुवेदी, रमा दाहाल खतिवडा "मैनशिखा", रविराज खनाल, रूपनारायण तिम्सिना, वासुदेव ठकुरी, विजय मुखिया बिम्ब, विन्दा पराजुली, विपिन मर्म (आऊ तिमी सताऊ उसमै पियार मिल्छ, डुङ्गा सँगै चलाऔँ पक्कै किनार मिल्छ), विमुन्स पौडेल विवश पौडेल, विष्णुकुमार बराइली, विष्णु न्यौपाने, सङ्गीता खरेल, सत्यराज जोशी पङ्कज, सिबि सुनार, सीता शर्मा शीत, सिर्जना खनाल, सुजन डोटेल, सुधीर थापा, सुनिता बराल, सुमन शर्मा, सुमित्रा पोखरेल सुमी, स्पन्दन विनोद, सुशील रिजाल, शर्मिला तिमल्सिना,

श्याम माकजू, हरिप्रसाद ढकाल रसज्ञ छहारा, हरिप्रसाद पौडेल स्वर्ण शिखा, हृषीकेश बराल घृतकौशिक र अन्त्यमा डा. घनश्याम न्यौपाने "परिश्रमी"ले तेइस पृष्ठमा गजलको सैद्धान्तिक स्वरूप शीर्षकमा गजलको बहरबद्ध सिद्धान्तको चर्चा गरेका छन् ।

प्रस्तुत पुस्तकका प्रधान सम्पादक डा. घनश्याम न्यौपाने परिश्रमीले भूमिकामा उल्लेख गरेका छन् किः "यस पुस्तकमा समाहित गजलहरू स्तरका दृष्टिले सबै समान छैनन् । तर गजलका लागि अपरिहार्य तत्त्वहरूमध्ये बहर र काफियाको नियमलाई सिद्धान्ततः पालना गरिएका गजलहरू यसमा रहेका छन् (पृ.झ" । "यसभित्र समेटिएका गजलहरू खासगरी पाठशालाहरूमा अभ्यास गरिएका हुन् । त्यसैले अभ्यासका लागि निर्दिष्ट समान बहर, काफिया र रदिफयुक्त गजलहरूको प्रचुरता रहेको छ । यो हुनु स्वभाविक पनि हो (पृ.झ ) ।"

परिश्रमीले भनेझैँ अधिकांश स्रष्टाका गजलहरू समानस्तरको पाइन्छ । शब्द अलगअलग, गजलकार बेग्लाबेग्लै तर भाव उस्तैउस्तै पाइनु यस साधना पुस्तकको प्रमुख विशेषता हो । यहाँ मन छुने भाव भन्दा पनि बहरको सिद्धान्तलाई महत्त्व दिइएको छ । हिंदी गजल, उर्दु गजलहरू बहरमै लेखिने हुँदा नेपाली गजल पनि बहर हुनुपर्छ भन्ने सोचका साथ यो कदम स्वागतयोग्य तरिकाले अघि बढेको पाइन्छ । एउटै पुस्तकमा यति धेरै साधकहरू समेटिएबाट बहरमा गजल लेख्ने गजलकारहरू बढ्दैगएको प्रष्टिन्छ । यसको जस गजलका गुरु परिश्रमीलाई जान्छ नै । तर सधैँ सिद्धान्त मात्र ठूलो कुरा हुँदैन, भाव पनि बलियो हुनुपर्छ भन्ने कुरा पाठकले हेक्का राखेका हुन्छन् । "उद्‌देश्य के लिनु उडी छुनु चन्द्र एक, पुरानो कोट लाऊ नयाँ पुस्तक किन" आदि भनाइहरू कुनै कविताको अंश होइन । यसमा छन्द वा बहरको कुनै नियम छैन तर पनि यस्ता भावहरू पाठकको मनमस्तिष्कमा छाप बनेर रहेको पाइन्छ । अबका गजलकारहरूले सिद्धान्तको साथसाथै उत्कृष्ट भावहरू कसरी सिर्जना गर्न सकिन्छ भनेर ध्यान दिनुपर्ने देखिन्छ । आज गजल रचनामा साधना, भोलि उत्कृष्ट भाव निर्माणमा साधना, त्यसपछि सङ्गीतको माध्यमबाट स्रोतासामु पुग्ने साधना हुँदै जानेमा आशा गर्न सकिन्छ ।

का.म.पा. ६ सिमलटार ।

**२०८२ सालको बडादशैँ, शुभ-दीपावली, छठपर्व र इदको पावन अवसरमा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, सु-स्वास्थ्य, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना !**

**रसुवागढी हाइड्रोपावर कं.लि.**
**महाराजगञ्ज, काठमाडौँ ।**

# शारदा पराजुलीको 'मेरी पुतली बालकथासङ्ग्रह'



– राजन पुडासैनी

साहित्यकार शारदा पराजुली मूलत : समालोचनाको क्षेत्रमा कलम चलाउने अब्बल सर्जक हुन् । शिक्षण पेसामा आबद्ध पराजुलीले समालोचनाका साथै बालकथा, कविता, गजल, यात्रासंस्मरण जस्ता साहित्यका विधामा कलम चलाउँदै आएकी छन् । उनका हालसम्म 'कल्पनाको सुपरम्यान' (बालकथा)२०६९, 'गुजुरा' (बालकथा) २०७२, 'मेरी पुतली'(२०८१) बालकथासङ्ग्रह प्रकाशित भइसकेका छन् । यी बालकथा पढ्दै जाँदा कतै बालबालिकाका तोतेबोलीमा मिठास पाइन्छ त कतै भाँडाकुँटी खेल्दाको सम्भना आउँछ । यहाँ उनै शारदा पराजुलीको 'मेरी पुतली' बालकथासङ्ग्रहको बारेमा चर्चा गरिएको छ ।

'मेरी पुतली' बालकथासङ्ग्रहमा एघार वटा बालकथा रहेका छन् । जसमध्ये पहिलो कथा 'छोरीको स्कुल' रहेको छ । यस कथामा कथाकारले छोरी पात्रको माध्यमबाट बालसुलभ क्रियाकलाप र बालापनको निश्छलता उजागर गरेकी छन् । स्कुलबाट फर्केपछि छोरी साथीहरूसँग भाँडाकुटी खेल्छे । ऊ गुरुआमाले पढाएको जस्तै नक्कल गर्दै साथीलाई पढाउँछे । कथाका माध्यमबाट लेखिकाले नेपाली समाजमा नारी पात्रले निभाउँदै आएका विविध भूमिकाहरू जस्तै- घरमा पाहुना आउँदा गर्नु पर्ने व्यवहार, आमाले बच्चाप्रति देखाउने मातृभाव, साथीभाइसँगको मित्रभाव देखाएकी छिन् । यस कथाले 'तमसोमा ज्योर्तिगमय'का मानक गुरु दायित्वको समेत उजागर गरेको छ । दोस्रो कथाका रूपमा रहेको 'बचेराको नयाँवर्ष' मा बालमनोविज्ञानलाई मिहिन ढङ्गले केलाइएको छ । कथामा एकातिर आमाले सन्तानप्रति गर्ने स्नेह देखाइएको छ भने अर्कोतिर बाबुको जिम्मेवारी र लालनपालनका कुरालाई देखाइएको छ । कथाका माध्यमबाट परबाट देखेको शहरभन्दा त्यहीँ गएर भोगेको शहरबीच निकै अन्तर हुने कुरा पुष्टि गरिएको छ । तेस्रो कथाका रूपमा रहेको 'पुतलीकी साथी' कथामा बालमनोविज्ञानमा अभिभावकको मनोविज्ञान समिश्रण गरेर देखाइएको छ । कथाले मानवले अरू प्राणीको सह-अस्तित्व बुझ्नुपर्छ भन्ने

भाव बोकेको छ। कथाकी बालपात्र छोरी र पुतलीबीचको मनोभाव साथै उनीहरू बिचको जीवन्त वार्तालापले पाठकलाई विगतमा लगेर बाल्यकालको स्मृति गराउँछ। भित्री पृष्ठमा 'पुतलीकी साथी' शीर्षक भए पनि बाहिर कभरमा त्यही कथाको शीर्षक मिल्ने गरी कथासङ्ग्रहको नाम नै 'मेरी पुतली' राखिएको छ।

चौथो कथाका रूपमा रहेको 'छुमुको भक्ति' कथामा बालपात्र पेमा छुमु र आमा पात्र (आमाला)का बीचको संवाद निकै मार्मिक रहेको छ। कथामा छुमुकी हजुरआमा (इबी) विरामी भएको र उहाँलाई चाँडै सञ्चो होस् भन्ने कामनाले गरिब दुःखीलाई सेवा गरेको देखाइएको छ। यस कथामा एकातिर सेवा गरे मेवा मिल्छ भन्ने देखाइएको छ भने अर्कातिर छुमुले बौद्ध स्तुपाको परिसरमा पुगेर बत्ती बालेको प्रसङ्गले बुद्धप्रतिको आस्थालाई झल्काएको छ। आफूले गरेको अलौकिक शक्तिले हजुरआमा (इबी) को स्वास्थ्यलाभ हुने र आफ्नो आप्पा (बुबा) छिट्टै घर फर्कने उसको विश्वासले पाठको मन छोएको छ।

फूल बेचेर जीवनयापन गर्दै आएकी सानीमायालाई मूल पात्र बनाएर 'फूल बेच्ने केटी' शीर्षकको पाँचौं कथा लेखिएको छ। कक्षा चारमा पढ्दै गरेकी सानीमायाको व्यवहार, बोलीवचनले ग्राहकमा पारेको सकारात्मक प्रभावलाई कथामा देखाइएको छ। आवश्यकता पर्दा स-साना बालबालिकाले पनि आमाबुबालाई काममा सघाउनुपर्छ भन्ने सन्देश दिनुका साथै चोर्नु, ढाँट्नु पो हुँदैन काम गर्न लाज मान्नु हुँदैन भन्ने जीवनउपयोगी शिक्षा पनि दिइएको छ जसले कर्म नै पूजा हो भन्ने मार्गदर्शनको काम गरेको देखिन्छ।

'जु मा एकदिन' कथाले विदेशबाट घर फर्किएका काका र बालकको कुराकानीमा आधारित भएर यो कथा लेखिएको छ। धनराजले काकासमक्ष आफूलाई 'जु' घुमाउन लैजान गरेको आग्रह, त्यहाँ घुम्दाको रमाइलो पक्ष चित्रण गर्दै बालबालिकालाई बेलाबेला घुमघाममा पनि लानुपर्छ भन्ने भाव प्रस्तुत गरिएको छ। यस सङ्ग्रहको सातौं कथा 'हाम्रो गाउँ' रहेको छ। यस कथामा कोभिड-१९ र त्यसले आक्रान्त पारेको समाजको अवस्था चित्रण गरिएको छ। हिमलाल, जिना र हिना क्रमशः बुबा, आमा, छोरी पात्रका माध्यमबाट कोभिडकालमा गाउँ जाने क्रममा मान्छेले कति सास्ती खप्नुपरेको थियो भन्ने देखाइएको छ। यसमा बालबालिकाको जिद्दीपना एकातिर देखाइएको छ भने अर्कातिर आफ्नो जीविकोपार्जन र भविष्यका निमित्त मानिसहरू गाउँ छोडी शहर पस्ने अनि दुःख, कष्ट आइपर्दा आफ्नो गाउँ फर्कने कुरा समेत देखाइएको छ।


त्यसै गरी आठौं कथाको रूपमा रहेको 'इच्छा' कथाले गरिबीको दर्दनाक चित्र प्रेषित गरेको छ। दीप गरिब परिवारमा जन्मेको बालपात्र हो। उसकी आमा फोहोर बोक्ने गाडीबाट काम नलाग्ने चिज केलाउने पेसा गर्छिन्। दीपले चप्पल लगाउने रहर, राम्रो टिफिनबक्स

बोक्ने रहर, मगमग बास्ना आउने तेल लाउने रहर, बास्ना आउने साबुनले नुहाउने रहरलाई फोहोरकै थुप्रोले पूरा गरे हुन्थ्यो भन्ने चाहन्छ । धनी हुन पाए, नयाँ जुत्ता लगाएर स्कुल जान पाए, धेरै खेलौना किन्न पाए, आफ्नै घर बनाएर बस्न पाए साथीका अगाडि गर्वसाथ हिँड्न पाइन्थ्यो भन्ने दीपको चाहनालाई कथाले मार्मिक ढङ्गले व्यक्त गरेको छ । यस सङ्ग्रहभित्रको नवौँ कथाका रूपमा 'चित्रकला' रहेको छ । यस कथामा विद्यार्थीको प्रतिभा फरक फरक हुने भएकाले उनीहरूलाई प्रतिभा प्रस्फुटन गर्न उत्प्रेरित गर्नुपर्ने भाव व्यक्त गरिएको छ । हौसला र उत्प्रेरणा नै सिर्जनाको जननी हुनसक्छ । यसले बालबालिकालाई उचाइमा पुऱ्याउन सक्ने हुँदा यस्ता क्षेत्रमा बालबालिकालाई सहभागी गराउनु अभिभावक र गुरु-गुरुआमाको दायित्व हो भन्ने भाव यस कथाले बोकेको छ ।

'मेरो ब्याट' कथामा हजुरबा हजुरआमालाई नातिनातिनीले कति झर्को लगाउँछन् भन्ने भाव सजल र आयुष पात्रबाट बुझ्न सकिन्छ । खेल्ने क्रममा आफ्नो मामाले ल्याइदिएका खेलौनाको धाकधक्कु लगाउदै दुवैले आफूलाई राम्रो बनाउन खोज्छन् । आजभोलिका बालबालिकाहरूप्रति फुटबल र क्रिकेटको मोह कति हुन्छ भन्ने कुरालाई यस कथाले देखाएको छ । यसमा सूचना-प्रविधिको प्रभाव, खेलकुदप्रतिको मोह र बालबालिका एकैछिनमा झगडा गर्ने एकैछिनमा मिल्ने प्रवृत्ति देखाएर लेखिकाले बालबालिकाको मन जित्न सफल भएकी छन् । अन्तिम कथाको रूपमा रहेको 'चिलगाडी' कथामा देशका दूरदराजमा रहेका बालबालिकाले बेलाबखत आकाशमा देखिने हवाइजहाजका बारेमा बनाएको धारणा देखाइएको छ । चिलगाडी चढ्नको लागि धेरै पढ्नु पर्ने, ज्ञानी बन्नुपर्ने कुरा बताउँदै आमाले सानो छोरोलाई ढिँडो खुवाउँछिन् । ढिँडो खाँदा खाँदै चिलगाडी हेर्न आँगनमा निस्केको छोरोले 'रुखमा चढ्छु अनि त्यहीँ बाट हामफालेर त्यसमा चढ्छु' भनेका कुराले बालमनोविज्ञानको सजीव चित्रण गरेको देखिन्छ । पढेर ठूलो मान्छे बनेपछि चिलगाडी चढ्न पाइने आमाको कुरामा उत्सुक हुँदै ऊ बुइँगलमा गएर ठूलो ठूलो स्वरमा क कछुवा, ख खरायो पढ्न थालिहाल्छ । अभिभावकको हौसला र मार्गदर्शनले सन्तानमा उत्प्रेरित भूमिका खेल्छ भन्ने भाव यसले बोकेको छ ।

उनले आफ्ना कथामा बालक्रीडाका समग्र पक्ष, उनीहरूको चाहना, जिम्मेबारी र भावनालाई कथामार्फत् व्यक्त गरेकी छन् । साथै बालबालिकाका मनोविज्ञान केलाउँदै उनीहरूको भविष्य निर्माणका खातिर अभिभावकले पनि साथ दिनुपर्ने कुरा सुझाएकी छन् । यसरी लेखिकाले मेरी पुतली बालकथासङ्ग्रह लेखेर बालवाङ्मयमा एउटा इँटा थप्ने काम गरेकी छन् । बालमनोविज्ञानमा आधारित भएर लेखिएका उनका बालसाहित्यले बालबालिकाको मन जित्न सफल भएको देखिन्छ ।

# भारतीय नेपाली भाषामा वर्तनीको मानकीकरण– ऐतिहासिक दस्तावेज



– शरद प्रधान

जातिको अस्तित्व बचाउन भाषा र संस्कृतिको ठुलो आवश्यकता पर्छ । बालकृष्ण सम लेख्छन्,-

"भाषा हो सभ्यता हाम्रो सारा उदय उन्नति

जीव वैभव भाषामै बाँच्दछन् पछिसम्म यी ।"

तर भाषालाई झर्रो, प्रविधियुक्त र सरल बनाउने निँउमा नेपाली भाषाको मानमर्दन गर्ने खेलका केही नायक, महानायकहरू पञ्चतत्त्वमा बिलिन भइसक्यो तर नेपाली भाषाले त्यो दुःख अहिले पनि भोगिरहेको छ । बालकृष्ण पोखरेल र तारानाथ शर्मा आदिले सार्वजनिक रूपमा आत्मलोचना गरे पनि उनीहरूलाई आदर्श मान्नेहरूले बितण्डा मच्चाइरहे । फलस्वरूप नेपालमा सर्वोच्च अदालतले भाषा बिगार्ने अधिकार सरकार, विश्वविद्यालय वा प्रज्ञा प्रतिष्ठानलाई छैन भन्ने आदेश आए पछि केही मत्थर भएपनि बिग्रिएको भाषा पढेर अध्ययन पुरा गरेका पिँढीलाई पुरानो लयमा ल्याउन केही समय पक्कै लाग्ने छ।

नेपाली भाषाले भारतको संविधानमा त स्थान पाए तर भाषाको मानकीकरणमा जुन अन्योलता सृजना भए छ त्यही कारणले उताका भाषाप्रमी र बुद्धिजीवी जुर्मुराउन बाध्य भए । यसको नेतृत्व गरे एक शताब्दि पूरा गरेको नेपाली साहित्य सम्मेलन दार्जीलिङले । सन् २०२२ मा प्रकाशित 'भारतीय नेपाली भाषामा वर्तनीको मानकीकरण' नामक पुस्तक यसको उपज हो । पुस्तकको सम्पादकीयमा लेख्छन्," सय वर्षको सँघारमा पुग्न लागेको नेपाली साहित्य सम्मेलन, दार्जीलिङले धेरै सामाजिक, साहित्यिक र प्राज्ञिक दायित्वहरूको रचनात्मक भूमिका र दायित्वहरूको निर्वाह गर्न बाँकी नै रहेको तथ्य सर्वविदित सत्य र अकाट्य तर्कमा आधारित वास्तविकताहरू हुन् । हाम्रो जाति, समाज र राष्ट्रलाई जोड्ने भाषाजस्तो संवेदनशील विषयलाई व्यावहारिक बनाउने बहानामा, जसलाई जे मन लाग्यो त्यही प्रचार गरेर पाठकहरूलाई भ्रममा पार्ने अभियान चलाउनुभन्दा नेपाली भाषाको हिज्जे (वर्तनी)- बारे गम्भीर रूपमा सोचेर बहस गर्ने, आ-आफ्ना अमूल्य विचार लिपिबद्ध रूपमा हामीमाझ सार्वजनिक गरेर जाने कतिपय दिवङ्गत र कतिजना हामीसितै उपस्थित लेखकहरूका मतमतान्तरलाई यस पुस्तकमा समावेश गरी पाठकसमक्ष राख्न पाउँदा ती कतिपय दायित्वहरू एउटा दायित्वको निर्वाह भएको ठानेका छौं ।

भाषा बिग्रनुको चिन्ता जति नेपालमा थियो त्यतिकै भारतमा पनि हुनु स्वभाविक थियो । नेपालमा त अदालत थियो र

अङ्कुश लगाइदिए तर भारतमा त त्यसो गर्न सम्भव थिएन । यसैले त्यँहाका सबै भन्दा जेठा साहित्यिक संस्था नेपाली साहित्य सम्म्मलेन अग्रसर हुनु स्वभाविक थियो। यही सिलसिलामा साहित्य अकादेमी र नेपाली साहित्य सम्मेलनको आयोजनामा नेपाली भाषाको वर्तनी (हिज्जे) विषयको एकरूपताबारे दुई दिवसीय (२९-३० अप्रेल २०१७) सङ्गोष्ठी सम्पन्न भयो र सङ्गोष्ठीको विषय थियो 'भारतीय नेपाली भाषामा वर्तनीको मानकीकरण (Standarization of Indian Language)। त्यो सङ्गोष्ठीमा प्रस्तुत भएको कार्यपत्र र वर्तनीको विषयमा विभिन्न कालखण्डमा लेखिएको लेखहरूलाई सङ्कलन गरी प्रकाशित गरिएको यो पुस्तकले भारतीय नेपाली भाषालाई एउटा दिशानिर्देश गरेको छ । भारतमा पनि अहिले भाषाको विषयलाई लिएर केही अध्येताहरू दुई धारमा उभिएको छ । तर यो नौलो कुरा होइन । नेपाली भाषाको एकिकरण विषयलाई लिएर पारसमणि प्रधान र शिवराज शर्माको मतमतान्तरण भएको कुरा पुराना लेखहरूमा पढ्न सक्छौ । डा. जीवन नामदुङ, प्रेम प्रधान, डा. चन्द्रकुमार राई, डा. वीणा हाङ्खिम, गोपीचन्द्र प्रधान र मेघमणि दाहालको सम्पादकत्वमा प्रकाशित यो पुस्तकमा २६ वटा पठनीय र मननीय लेखहरू समावेश भएको छ ।  संयोजकको सम्बोधनमा साहित्य अकादमी, दिल्ली, नेपाली भाषा परामर्श समितिका पूर्वसंयोजक प्रेम प्रधान लेख्छन्," साहित्य अकादेमीले नेपाली भाषालाई भारतको आधुनिक भाषाका रूपमा मान्यता दिनअघि कतिपय दस्तावेजहरू मागेको थियो । तीमध्ये भारतीय नेपाली भाषा साहित्यको छुट्टै इतिहास, व्याकरण र वर्णविन्यासको थियो। वर्णहरूमा पञ्चम वर्णको अनिवार्यता नै सबैभन्दा ठूलो शर्त थियो । भारतीय माटोको इतिहास, सुगन्ध अनि संस्कृतिसँग सम्बन्धित दस्तावेजलाईमात्र अकादेमीले स्वीकार गरेर साहित्य अकादेमीले नेपाली भाषालाई भारतको आधुनिक भाषाका रूपमा मान्यता दिएको हो ।

वर्तमानमा नेपाली भाषाको हिज्जे अनि पञ्चम वर्णमाथि भएको दृष्टि र भद्रगोलले मान्यता र व्यावहारिक शब्दहरू भत्काइएको छ, भाषाको सौन्दर्यलाई हटाएर हत्या गर्ने कोशिस गरिएको छ । यो हावा नेपालबाट चलेकोले त्यसको गन्ध यता भारतीय नेपाली भाषामा पनि फैलिन थालेको छ । हाम्रा कतिपय विद्वान् हरूले पनि नेपालमा आएको द्वन्द्वात्मक अनि विवादास्पद हावालाई आत्मसात् गर्न थालेकोले हामी सबैलाई चिन्ता लाग्नु स्वाभाविकै हो अनि अझ भाषाका विद्यार्थीहरू अन्योलको स्थितिमा छन् ।

साहित्य अकादेमीको उद्देश्य अनिमानक र सिद्धान्तअनुरूप भाषाको बिग्रिँदो स्थितिलाई मध्यनजर राखेर 'भारतीय नेपाली भाषामा वर्तनीको मानकीकरण' विषयक सङ्गोष्ठी आयोजन गर्ने आवश्यकता महशुस भएकोले अकादेमीले यस विषयमा सङ्गोष्ठी गर्ने औपचारिक निर्णय लिएको हो । यदि हामीले अकादेमीले दिएको मापदण्ड र मानकको सम्मान गरेनौं भने कुनै समयमा पनि नेपाली भाषाको मान्यता अंकादेमीले खारिज गर्नसक्छ ।" नेपाली भाषाको स्वरूपमा परिवर्तन भएमा साहित्य अकादमीले मान्यता खारेज गर्न सक्ने सम्भवनालाई मध्यानजर राखेर यो सङ्गोष्ठी आयोजना गरेको प्रष्ट पारिएको छ । उक्त पुस्तकमा समावेश भएका लेखहरू यस प्रकारका छन् ः

१. भारतीय नेपाली भाषा-साहित्यमा अन्य भारतीय भाषाको प्रभाव - प्रा. सुजाता रानी राई

२. भारतीय नेपाली भाषा र नेपालको भाषा : तुलनात्मक दृष्टि -प्रा. नवीन पौड्याल

३. भारतीय नेपाली भाषामा वर्तनीको मानकीकरण - असीत राई

४. भारतीय नेपाली भाषामा ड़, ढ़ तथा पञ्चमवर्णको प्रयोगको आवश्यकता - डा. खेमराज नेपाल

५. भाषाको मानकीकरणमा हाम्रो भाषिक भूगोल- लोकनाथ उपाध्याय चापागाई

६. भारतीय नेपाली भाषाको उच्चारण भेद र अर्थ सङ्केत- अर्जुन प्रधान

७. नेपाली भाषामा मानकीकरणको आवश्यकता- मिलन बान्तवा

८. वर्णमाला में नेपाली साहित्य सम्मेलन का अपना अड़ान -कर्ण थामी

९. भारतीय नेपाली भाषाका विशेषताहरू - प्रा. गङ्गाप्रसाद शर्मा (भट्टराई)

१०. नेपाली लेखनमा स्वर वर्ण र व्यञ्जन वर्ण - डा. गोकुल सिन्हा

११. अनधिकृत हस्तक्षेपको सकस- शरच्चन्द्र बस्ती

१२. भाषा डुबाउने खेल - शरच्चन्द्र बस्ती

१३. शरच्चन्द्र बस्तीसित अन्तर्वार्ता

१४. किन यति निरङ्कुश? - डा. गोविन्दराज भट्टराई

१५. भाषिक विमर्शको ऐनामा हाम्रो भाषा -लोकनाथ उपाध्याय चापागाईं

१६. नेपालीमा हिज्जेका समस्याहरू - डा. तारानाथ शर्मा

१७. विवादास्पद वर्णविन्यास खारेज

१८. आफ्नो निजी अस्तित्व गुमाइरहेका केही नेपाली वर्ण : एवम् ध्वनिचिन्ह - महानन्द पौड्याल

१९. ड़ र ढ़ को अस्तित्वमा सङ्कट

२०. सम्पादकीय (दियालो)- चन्द्रकुमार राई

२१. व्ठ व्कक्ह देखि ड़, ढ़ सम्म- डा. इन्द्रबहादुर राई

२२. भाषा बाटो पक्रिने बेला - शरच्चन्द्र बस्ती

२३. हिज्जेको खेल लेख्ने जति फेल! - शरच्चन्द्र बस्ती

२४. नेपाली भाषाका एकपाखे युवाहरूको सत्प्रयास नेपाली लेखन शैली - शिवराज शर्मा

२५. भाषिक भाँडभैलोको विपक्षमा - हरि अधिकारी

२६. नेपाली पाठ्यक्रम विषय फेरबदल आवश्यक- हेमन्त प्रधान, कमल राई

भाषा हाम्रो अमूर्त सम्पदा हो अनि यसको सम्बर्धन गर्न हाम्रो दायित्व हो । जसरी मूर्त सम्पदाको स्वरूप फेरिन्दा कुरूप हुन्छ त्यसी नै भाषाको स्वरूप परिवर्तन हुँदा विरूप देखिन्छ । भाषा संसारभरि बोलिने नेपालीहरूको साझा सम्पति हो, यो कसैको लहडीमा आएर जताभावी अवाञ्छनीय कार्य गर्ने छुट कसैलाई छैन चाँहे त्यो विश्वविद्यालयको प्राध्यापक होस् या भाषाशास्त्री । विश्वका पुराना भाषा जस्तै जर्मनी, फ्रेन्च, फारसी, अरबीले जति नै कठिन भए पनि आफ्नो पुरानो स्वरूप छाडेका छैनन् । उच्चारण गर्न कठिन भयो, लेख्न कठिन भयो भनेर परिवर्तनको नाममा भाडभैलो मचाँउनु कदापि जायज होइन् । यसप्रति नेपाली साहित्य सम्मेलनले लिएको अडान स्तुत्य छ। सबैले दियालोले अनुशरण गरेको वर्णवियासलाई नै मानक मानेर लेख्नु पर्छ भन्ने मेरो व्यक्तिगत मान्यता छ।

# इन्दिरा चापागाईँको कृति 'दृष्टिगोचर'माथि दृष्टि



**– शान्ता तिम्सिना**

इन्दिरा चापागाईंकृत दोश्रो लघुकथासङ्ग्रह "दृष्टिगोचर" पढेपछी मेरो मनमा लागेको केही कुराहरु लेख्ने जमर्को गरेकी छु। समिक्षकको हैसियतले भन्दा पनि पाठकिय धर्म पूरा गर्न लागिरहेको छु । निजामती सेवामा कार्यरत लघुकथाकार इन्दिरा चापागाईं २०२९ माघ २० गते पिता स्व. खगेन्द्रसाद चापागाईं तथा माता लेखमाया चापागाईंकि सुपुत्रीको रुपमा संखुवासभा जिल्लाको सभापोखरी गा. वि. स. मा जन्मनु भएको थियो भने हाल भक्तपुर सुर्यविनायक नगरपालिकाको सल्लाघारीमा स्थाइ बसोबास गर्दै आउनु भएको छ ।

सानो उमेरदेखि नै साहित्यमा रुचि भएकी श्रस्टा इन्दिरा चापागाईंले, उपलब्ध भएसम्मका सामग्री पढ्नुका साथै कथा, कविता, निबन्ध, गित र नाटक लेखेर विभिन्न सहित्यिक पुरस्कारकले विभुषित हुनु भएको छ । हाम्रो लघुकथा केन्द्र वागमती प्रदेशको अध्यक्षको भुमिका निभाउँदै आउनु भएकी लघुकथाकार लघुकथाको सैद्धान्तिक पक्षमा स्पष्ट समझ राख्ने कथाकारको रूपमा परिचित हुनुहुन्छ । हाम्रो लघुकथा केन्द्रको साप्ताहिक कार्यक्रम अन्तर्गतको स्वतन्त्र वाचन लघुकथाको सुन्दर समिक्षा गर्दै आउनु भएको छ ।

"दृष्टिगोचर"को प्रकाशक सिर्जना अभियान समाजले उहाँकै जन्मदिन पारेर विमोचन गरेको थियो । कृतिको आवरणमा आँखाको निक्कै सुन्दर फोटो राखिएको छ, जसले ब्रह्माण्डमा रहेको प्रत्येक बस्तुहरूको सुक्ष्म रुपमा दृष्टिगत गरेको देखिन्छ। पुस्तकका भित्रि पानाहरू पल्टाउँदै जाँदा आफ्ना स्व. बाबा आमा प्रती समर्पित गर्नु भएको बाबा आमाको सुन्दर तस्वीर राखिएको छ। प्रकाशकको तर्फबाट ध्रुव मधिकर्मीको भनाई पश्चात् दृष्टिगोचर भित्रका लघुकथाको बारेमा अध्ययन गरे लेख्नु भएको आदरणीय खेमराज पोखेल सरको कुराहरु पढ्न पाइन्छ। त्यसपछी भने लेखकले लघुकथा प्रतिको आफ्नो भाव व्यक्त गर्नु भएको छ। कृतिमा समेटिएका ५३ वटा लघुकथाहरू मध्ये केही लघुकथाहरूको चर्चा यहाँ गर्न सान्दर्भिक रहेको मैले महसुस गरेको छु।

संग्रह भित्रको पहिलो लघुकथा "अदृश्य पाटो " रहेको छ । समाजले पुरुषलाई सधैं बलियो, सहनशील, अभिव्यक्ति-रहित देख्नुपर्ने अपेक्षा

गर्छ। लघुकथा सुरुमा पढ्दा पाठकलाई लाग्छ–यो पनि महिला बलात्कार, हिंसा कै मुद्दा होला वास्तविकता प्रकट हुँदा लघुकथाले रोमान्चकता थपि दिन्छ । लघुकथा "असर " लघुकथा मानवले बनाएको प्रविधिलाई दोष दिएर मात्र समस्या समाधान नहुने, बरु मानवकै निर्णय र नीतिले रोजगारको स्वरूप बदल्ने हो भन्ने गहिरो बोध दिन्छ । लघुकथा "जागिर " अन्त्यतिर महिलाले भनेको वाक्य–"म एक्ली छु अरु कुरा आफैँ बुझ न" –कथाको अदृश्य मोड हो। यसले जागिरको वास्तविकता के हो भन्ने कुरा खुला छाडेको छ । रहस्यात्मक संवादको साथ अघि बढेको लघुकथाको समापनमा रोजगार सामान्य होइन, महिलाले आफ्ना भावनात्मक वा निजी रिक्तता पूरा गर्न खोजेको रोजगारी छर्लङ्ग पार्दा पाठक रोमान्चित हुन्छन् ।

त्यस्तै अर्को कथा "आँट " शिर्षकको रहेको छ। यो लघुकथा निकै भावुक र यथार्थपरक छ । सामाजिक यथार्थमा आधारित रहेर ल्याएको दृश्यले जात, परिवार, समाज र प्रेमबीचको द्वन्द्वलाई प्रस्ट देखाएको छ। समापन बाक्य "ठीक छ, अब मलाई पनि कोही चाहिँदैन..." ले आत्मनिर्भरताको बलियो सन्देश दिन सफल भएको छ । "पीडा " शिर्षकको लघुकथामा दूरदराजका गाउँको वास्तविक अवस्था–भोकमरी, खाद्य संकट, सरकारी उदासीनता र स्थानीयको असहाय पीडा–दमदार ढंगले प्रस्तुत भएको छ । लघुकथा " इख "- जीवनको बाटोमा आउने चोट, आफन्तकै उपेक्षा र प्रहार, र अन्ततः त्यसैलाई शक्ति र आधारमा बदल्ने साहस यस लघुकथामा पाईन्छ ।

त्यस्तै गरेर लघुकथा "उत्परिवर्तन" निकै रोचक छ। देव-त्रय र वैज्ञानिकबीचको संवादमार्फत मानिसमा हराउँदै गएको संवेदना वैज्ञानिक कारणसँग जोड्नु कथाको मुख्य आकर्षण बनेको छ । नियतिको निसानामा सुन्दरताप्रति गर्व गर्ने स्त्रीको जीवन अचानक क्यान्सरको कठोर यथार्थसँग ठोक्किनु, नियतिको विडम्बना स्पष्ट देखिन्छ लघुकथा भ्रष्टाचार लघुकथाले साहित्य जगतमा पनि भ्रस्टाचार मौलाएको कुरा देखाइएको छ । पुराना साहित्यकारको मुखबाट आएको कटु सत्यले अहिलेको साहित्यिक परिवेशमाथि तीखो प्रहार गर्छ ।

परम्परा र आधुनिक चेतनाबीचको टकराव, विशेष गरी बहुपति प्रथा जस्तो संवेदनशील विषयलाई उठाउनु कथाको मुख्य शक्ति बनेको छ बिद्रोह लघुकथा । लघुकथा "सम्बन्ध" निकै गहिरो र सामयिक छ । दाम्पत्य हिंसा, सामाजिक दबाब र आत्मसम्मानबीचको संघर्षलाई सरल तर मार्मिक ढङ्गले उतारिएको छ । मानिसहरू समस्याको समाधान खोज्दै लामो बाटो हिँड्छन्, तर उत्तर त ध्यान र प्राणायामजस्ता साधारण योग अभ्यासमै रहेको देखाउन खोजिएको छ लघुकथा समाधानमा लघुकथा "संस्कार" निकै रोचक र मन छुने छ । कथा पढ्दा पाठकलाई सुरुमा त्रास, सस्पेन्स र असुरक्षाको वातावरणमा डुबाउँछ, अन्त्यमा अप्रत्याशित मोडले

पाठकलाई रोमान्चित बनाउँछ ।

समग्रमा भन्नू पर्दा अधिकांश लघुकथाहरूले सामाजिक यथार्थलाई गहिरो घोच्ने शक्ति सामर्थ्य राखेका छन् । वैदेशिक रोजगारिले उब्जाएको बिकराल अवस्था , महिलाहरुका समस्या , गरिबी र बेरोजगारले अर्थतन्त्रमा पारेको सामाजिक र आर्थिक प्रभाव , प्रकृति र वातावरणका कुरा, राजनैतिक बिषयका साथै सामाजिक सन्जालले गर्दा श्रीमान श्रीमतीमा एक अर्काको विश्वास नहुनुले परिवारमा मन मुटाबको अवस्था बढ्दो रुपमा रहेको छ भन्ने कुरा लघुकथामा देखाउनु भएको छ । आधुनिक प्रबिधिबाट बच्चा जन्माएको सकारात्मक कुरा छ भने एक सामाजिक बिकृती हो भन्ने जस्ता कुराहरु समेट्दै लघुकथामा स्वेर कल्पनाको पनि प्रयोग गर्नु भएको देखिन्छ । त्यसैले यी कृतिका धेरै लघुकथाहरू कालजयी लघुकथाको रुपमा रहने मैले महसुस गरेको छु ।

कृतिमा सैद्धान्तिक समझ र मौलिक शैलीदुवै उत्कृष्ट तरिकाले प्रस्तुत गर्नुभएको पाइन्छ । लघुकथाकार विषयवस्तु छनोट, सन्देशमुलक समापन , मूल्य, दर्शन आदि सबैमा सफलरुपमा रहनु भएको मैले पाएको छु । पात्र, परिवेश र घटनाक्रम कथा अनुसार रहनु, भाषा प्रयोग सरल, रूपकयुक्त, प्रतीकात्मक, व्यङ्ग्यात्मक रहनु, सबल संवाद, बिम्ब, प्रतिकले कृतिलाई निकै दर्बिलो बनाएको मैले पाएको छु । अन्त्यमा, किताब पढ्ने अवसर दिनु भएकोमा दिदी इन्दिरा चापागाईंलाई धेरै धेरै धन्यवाद । फेरि अर्को संग्रह छिटै पढ्न पाइयोस् हजुरको साहित्यिक यात्राले शिखर छुन सकोस भन्दै कृति सफलताको भव्य शुभकामना अर्पण गर्दछु ।


– भक्तपुर सिर्जनानगर


## जितपुर–सिमरा उपमहानगरपालिका
## वडा नं. १४ को कार्यालय, रजघट्टा बाराको

**अनुरोध**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू भएको ३५ दिनभित्र सम्बन्धित वडामा गई व्यक्तिगत घटना दर्ता गराऔं ।
- सार्वजनिक सम्पत्तिका संरक्षण गरौं र संरक्षण गर्न वडालाई सहयोग गरौं ।
- आफ्ना घर आँगनबाट उत्पन्न हुने फोहोर मैलालाई उचित व्यवस्थापन गरी सहर लाई स्वच्छ, सफा, सुन्दर हराभरा बनाउन सहयोग गरौं ।
- वडालाई बुझाउनुपर्ने घर-जग्गा कर, मालपोत दस्तुर, व्यवसाय कर, सम्पत्ति कर लगायतका कर तथा राजस्व समयमै बुझाई जरिवानाबाट बचौं ।
- तपाईंले तिरेको कर वडाको विकास निर्माणका लागि खर्च हुन्छ ।
- आवश्यक जानकारीका लागि कार्यालयमा सम्पर्क गरौं ।
- डेंगी रोगबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

# पूर्वीय दर्शन समुच्चय : प्रचलनमा रहेको दर्शनको विश्लेषण



– शीतल गिरी

बद्रीप्रसाद ढकालको पौरस्त्य दर्शनको विश्लेषण महत्त्वपूर्ण हुनुको कारण उनले परम्परागत मान्यतालाई नखजमनाईकन वर्तमान परिवेशलाई पनि ध्यानमा राखेका छन् । समीक्ष कृतिमा पाठकले एकसाथ परम्परा र वर्तमान सोचको साथमा दर्शनको ज्ञान प्राप्त गर्न सक्छ । बद्रीप्रसाद ढकालले गरेका कतिपय दर्शनको विश्लेषण गहन तर्कले ओतप्रोत छ उनको 'महर्षि पतञ्जलि र योग दर्शन' बारेको विश्लेषण पाठकले अवश्य रूचाउने छन् । दर्शन विश्लेषणको सबभन्दा ठूलो विशेषता आफ्नो गहन ज्ञानलाई एकाएक 'पूर्वीय दर्शन समुच्चय' प्रकाशित गरेर दर्शनको क्षेत्रमा बलियो उपस्थिति जनाएर आफ्नो परिचय दर्शनविद्को रूपमा दिनसक्नु हो । उनले काव्य, आख्यान, समालोचना, कर्मकाण्ड, जीवनी लेखक, चिन्तकको रूपमा परिचय बनाइसकेका छन । यो कृतिले वर्तमान समयमा चौबिसवटा पौरस्त्य दर्शनको विवरणमात्र होइन शक्तिशाली विश्लेषणद्वारा अध्ययनको क्षेत्र फराकिलो बनाएको प्रमाणित गरेका छन् ।

दर्शन शब्दको सामान्य अर्थ हो–देख्नु, हेर्नु । प्राचीन समयमा सत्य प्रेमको अर्थमा दर्शनलाई लिइयो । यही प्रेमको अर्थ ढकालको विश्लेषण पढ्दा पाइन्छ, शायद यसकारण दर्शनको विश्लेषण गरिएको यो कृति दर्शनमा रुचि भएका पाठकले स्वीकार गरेका हुन् । ढकालको 'पूर्वीय दर्शन समुच्चय'मा रहेको नेपाली भाषाको स्तरको पनि विशेषता भनेको सामान्य रूपमा नेपाली लेखपढ गर्ने जिज्ञासु पाठकले ग्रहण गर्न सक्ने छ, यसको वर्तमान समयमा बोलचाल हुँदै आएको नेपाली भाषा छ । वास्तवमा दर्शन समग्र ज्ञानको विज्ञान हो र यसले प्रकृतिको अमरता एवं गतिशीलता खोतल्ने, विषयबोधको वैकल्पिक पद्धति केलाउने काम गर्दछ । आफ्ना विचारलाई पुष्टि गर्न कसैले तर्कलाई सहारा लिएर रहस्यमय भाव अघि सार्दछन् भने कसैले तथ्यलाई विश्लेषण गर्दै वस्तुनिष्ठ सत्यको पक्षपोषण गर्दछन् । कुनै पनि घटना, विषय वा काममा अँगालिने दृष्टिकोणले नै तिनीहरूका बारेमा व्यक्तिको सोच,

विश्लेषण र निष्कर्ष निस्कने गर्दछ र दर्शन दिग्दर्शनको शास्त्र बनेको हुन्छ । ढकालको विश्लेषणमा जुन शिल्पगत प्रयोग पाइन्छ, त्यो हेर्दा विश्लेषकले समकालिन पुस्ताका दर्शन विषयमा कलम चलाउँदै आएकाको विश्लेषणमा पनि उनको दृष्टि पुगेको छ, यो राम्रो कुरा हो ।

"पूर्वीय दर्शन समुच्चय" चौबिस दर्शनको विश्लेषणमा आकर्षक र रहस्यमय आवरणमा सजिएको पुस्तकको पहिलो खण्ड 'दर्शन परिचय'लाई नौ वटा शीर्षकमा बाँडिएको छ । दर्शनको स्तरमा विकसित हुँदा कुनै पनि विचार, वाद र चिन्तनले सिद्धान्त र व्यवहारको पक्षलाई दृष्टिकोण र पद्धतिका दुई अविभाज्य पक्षको अन्वीतिमा उँभ्याउँछ भन्ने जानकारी 'विषयपरिचय'बाट पाइन्छ । ' दर्शनको स्वरूप र परिभाषा'लाई एकदम सहज र सुन्दर तरिकाले चित्रण गरिएको छ । वास्तवमा पठनको सबभन्दा सशक्त पक्ष 'दर्शनको विषयक्षेत्र' हो, जसले पाठकलाई दर्शनज्ञानसँग जोड्दछ । ' दर्शनको स्वरूप' जब गहनसाथ अध्ययन गरिन्छ तब पाठकले समय सार्थक भएकोमा लामो सास लिन्छ, यो भनेको ढकालको लेखनी सफल भएको प्रमाण हो । राम्रो लेखन त्यही हुन्छ जसले पाठकलाई आकर्षित गर्न सकोस्, यस दृष्टिले 'पूर्वीय दर्शनको अध्ययन परम्परा' जीवित छ । दर्शनशास्त्र स्वयं जीवन र जगत्प्रति शोधखोज, विवेचना, विश्लेषण र निष्कर्ष झिक्ने विद्या बनेर हुर्किएको छ । पूर्ण र अंशको आपसी सम्बन्धले वस्तुको वा व्यक्तिको सिङ्गो अस्तित्वबोध गराएजस्तै एकता र अन्तरद्वन्द्वको समष्टिमा पदार्थ र चेतनाको वास्तविकताबोध हुने गर्दछ । धर्मदर्शनले मानव चेतनालाई कल्पना र रहस्यको भुँवरीमा घुमाउँदै र तर्कको असीम प्रश्नहरू चुमाउँदै अन्धभक्तिको आस्थामा डुबाउँदछ । नित्य-अनित्य, सकार-नकार, मूर्त-अमूर्त, सुगन्ध-दुर्गन्ध, तातो-चिसो, नजिक-टाढा, मिलन-विछोड, अभिन्न-भिन्नजस्ता जोडा–वैपरित्य प्रकृति र समाजमा रहिआए र रहिरहने पक्ष हुन् ।

दोस्रो खण्ड पूर्वीय/पौरस्त्य दर्शन'मा ढकालले चौबिसवटा दर्शनको विश्लेषण गरेका छन् । त्यस खण्डको प्रारम्भमा पूर्वीय/पौरस्त्य दर्शनको जानकारी गराउने क्रममा यसको शाखाहरू, यसको क्षेत्र र सामान्य विशेषताहरूको बारेमा जानकारी गराएका छन् । पौरस्त्य/पूर्वीय षड्दर्शन (पूर्वमीमांसा, उत्तर मीमांसा, वैशेषिक, न्याय, योग र सांख्य) का प्रमुख विशेषताबारे जानकारी गराउनुका साथै यिनमा निहीत आत्माको विश्लेषण पनि गरेका छन् । पौरस्त्य षड्दर्शनको विश्लेषण गर्ने क्रममा यसको मूल उद्देश्य के हो ? सो पहिल्याएका छन् । महर्षि जैमिनिको परिचय दिनको साथ साथै उनीद्वारा प्रतिपादित ममिांसा दर्शनलाई केन्द्रमा राखेर विश्लेषण गरिएको छ । महर्षि गौतमको न्याय दर्शनको विश्लेषण राम्रो छ । 'महर्षि पतञ्जलि र योग दर्शन', 'महर्षि पतञ्जलिको परिचय' र 'पतञ्जलिको योगसूत्र'मा ढकालको

मेहनत झल्किएको छ । सांख्य दर्शनको बारेमा एकदम सामान्य तरिकाबाट प्रारम्भ गरेर यसको मर्म पहिल्याएर पाठकलाई सन्तुष्टि दिन सकेका छन् । वास्तवमा पौरस्त्य दर्शनको प्रारम्भ उपनिषद्‌बाट भएको हो भन्ने गरिन्छ र ढकालले ' उपनिषद् दर्शनको चिन्तन परम्परा'मा यो कुरा खोज्ने प्रयास गरेका छन् । कटु शब्दमा ढकालको भावना पाइन्छ श्रीमद्‌भगवत्‌गीता पाठ गर्दैमा, पढ्दैमा या पढाउँदैमा बुझिने कुरो होइन, पढ्नु र बुझ्नु अलग कुरा हो– जसले बुझ्न सकेको छ तीनको जीवन परिवर्तन भएको दृष्टान्त पनि रहेको छ यसमा । वास्तवमा अद्वैतवाद पहिले सोही अनुरूप परिवर्तन हुनुपर्छ । 'पाणिनी दर्शनका मौलिक विशेषताहरू' पाठकले अवश्य मन पराउनेछन् । निकै प्राचीन 'बोन दर्शन'लाई नयाँ दृष्टिले विश्लेषण गर्ने प्रयत्न गरेका छन् । नैतिकताको दृष्टिकोणबाट परिभाषित गरिएको छ 'किरात-मुन्दुमी दर्शन' । अवैदिक दर्शन (नास्तिक दर्शन)मा चार्वाक दर्शन, बौद्ध दर्शन, जैन दर्शनको चित्रण ढकालले बहुत राम्ररी गरेका छन् र दर्शन मानवीय चिन्तन प्रणालीको एक विशिष्ट दृष्टिकोण हो । ढकालले दृष्टिकोणसहित बडो कुशलताको साथमा विश्लेषण गरेका छन् ।

पुस्तकको अन्तिम यानी तेस्रो खण्डमा 'सारांश र निष्कर्ष' रहेको छ । यसमा धर्म गुरुले फलाकेकोमा विश्वासगरी अध्ययन परम्परा शिथिल बन्दै गएको महत्त्वपूर्ण यथार्थको छनक पाइन्छ । वास्तवमा 'किन भयो' यो सबभन्दा आवश्यक प्रश्न हो, दर्शन अध्ययनमा अरू सम्पूर्ण प्रश्न यस प्रश्न सामु निरर्थक लाग्दछ । 'किन भयो' प्रश्नले हामीलाई समाधानसम्म पुऱ्याउँछ, कसरी भयो र कहाँ भयो जस्ता प्रश्नले हामीलाई दर्शन बुझ्नबाट अलमलाउँछ । आजको समयको मनोदशालाई बडो सन्तुलित किसिमबाट यो समीक्ष कृतिमा विश्लेषण गरिएको छ । दर्शन भनेको कुनै पनि विषयको दृष्टिबोध हो, जो आफ्नो विशिष्ट सिद्धान्त र विधियुक्त हुन्छ । दर्शनले घटना, परिवेश र सत्य ठम्याइमा होस् आफ्नो हेराइ र बुझाइको स्तर अनुरूप कुनै न कुनै निजी दृष्टिकोण निर्माण गरेकै हुन्छ, त्यसरी नै उसले त्यही दृष्टिकोण अनुरूप बोल्ने, विश्लेषण गर्ने र निष्कर्ष दिने गरेको हुन्छ । प्राचीन समयदेखि आधुनिक समयसम्म नै दर्शनले मानिसलाई ज्ञानको उज्यालोतर्फ डोऱ्याउने प्रयत्न गर्दै आएको छ र बलियोसँग प्रभावमा पारिरहेको छ । दर्शनको गुदी तत्त्वबोध, ज्ञानार्जन, तार्किक शोधलाई ध्यान दिएर ढकालले विश्लेषण गरेका छन् ।

समग्रतामा ढकालको पुस्तक पठनीय छ । दर्शनको अप्ठेरो प्रश्न सहज तरिकाले पाठक समक्ष पस्केका छन् । दर्शनका स-साना कुरा पनि चर्चाको केन्द्रमा राखेका छन् । 'पूर्वीय दर्शन समुच्चय' बजारमा आएका अन्यभन्दा पृथक छ । उहिलेदेखि प्रचलनमा रहेको दर्शन वर्तमान समयका जिज्ञासु पाठकको लागि विश्लेषण गरिएकोले यो कृति अत्यन्त उपयोगी रहेको छ ।

# रेणु अधिकारी 'मौनता' र 'एक पोल्टो बादल' कृति



– सुदर्शन अधिकारी

नेपाली साहित्यको भण्डारमा नवीन लघुकथासङ्ग्रह एक पोल्टो बादल नामक कृति लिएर रेणु अधिकारी 'मौनता' आएकी छन् । बहुमुखी प्रतिभाकी धनी उनले यस सङ्ग्रहमा त्रिचालिस वटा कथाहरू समावेश गरेकी छन् । कथाहरू सबै पठनीय, रोचक र समसामयिक रहेका छन् । उनले समग्रमा समाजको वास्तविक चित्रण गरी आमपाठकको मन तान्न सफल भएकी छन् । पहिलो अबोध प्रश्न शीर्षक कथामा बाल मनमा जागेको जिज्ञासा उठ्यो भने त्यसको सही जवाफ नपाएसम्म छाड्दैनन् भन्ने प्रष्ट पारिएको छ। दोस्रो कथा अभागीमा सौतेनी बाबाको व्यवहारको नमूना प्रस्तुत गरिएको छ । आमा आफ्नो भए पनि बाबा अर्को भएपछि सच्चा माया नगर्ने वास्तविकताको रोचक तरिकाले प्रस्तुत गरिएको छ ।

अर्को कथा अभिको साइकल नामको कथामा बच्चाको खुशीको लागि गरिने कार्य र गरिबीको पीडा जस्ता मार्मिक विषय उठान गरिएको छ। साथै मिल्ने साथीको मित्रताको महिमाका बारेमा चर्चा गरिएको छ । आश्रम कथामा आमाबाबुको सम्मान कर्तव्य र जिम्वेवारी निभाउन नसक्ने स्वार्थी छोराहरूको विषयमा प्रष्ट पारिएको छ। आमाबाबुलाइ बोझ मान्ने समाज बढ्दै गएकोमा पनि कथाकारले चिन्ता प्रकट गरेकी छन् । यसै गरी उपचार नामको कथामा कसरी उपचारको नामा ठगी गरिरहेका छन् भन्ने पनि देखाइएको छ। यस कथा सङ्ग्रहको नामकरण गरिएको कथा एक पोल्टो बादल भन्ने कथामा ज्यादै भावनात्मक रूपमा प्रस्तुत भएकी छन्। कञ्जुस नामको कथामा धन भएर पनि मन नभएका कठोर मानवको चरित्र चित्रण गरिएको छ।

कानुन नामको कथामा विज्ञानको पाठमा यौनका बारेमा पढाउँदा कक्षाको केटाले केटीलाई जिस्काएको प्रसङ्गलाई उठाइएको छ । अर्को कथा खशी शीर्षकमा आफ्नै भतिजले दशैको मुखमा खसी चोरेर त्यसकै भुटन ल्याइदिएको विषय रोचक र घोचक तरिकाले पस्किएको छ । गुनासो भन्ने कथामा कथाकारले सरकारी कर्मचारीको स्वभाव कार्यशैली र उनीहरूको सोचका

बारेमा चर्चा गरिएको छ। झुम्का नामको कथामा होटलको कामदारहरूलाई श्रम शोषण गरिने र ग्राहकका सामान चोर्न बाध्य बनाइएको प्रसङ्ग मार्मिक रूपले देखाइएको छ । यसै गरी टिकट नामको लघु कथामा कथाकारले नेताको स्वभाव र राजनीतिका बारेमा मीठो तरिकाले आमपाठक सामु प्रस्तुत गरिएको छ ।

ठेकेदार शीर्षक कथामा विकासका कार्य गर्दा पनि ठेकेदारको रूपमा हेर्ने र विकासका काम नगर्दा पनि काम नै नगर्ने भन्ने आमजनताको स्वभावको चित्रण गरिएको छ। दमित आवाज कथामा भने महिला दमन र शोषणका कारेमा प्रष्ट पारिएको छ पुरुषहरू बाहिर स्वतन्त्रताको गफ गर्ने तर घरमा बन्धकको व्यवहार गर्नेहरूको चित्रण गरिएको छ । अर्को कथा दानमा भने कथाकारले जीवित रहँदा केही वास्ता नगर्ने तर मरे पछि बाहुनलाई दान दिएर समाजमा खोक्रो आदर्श देखाउने परिपाटीको चर्चा गरिएको छ । दुबो कथामा कथाकारले दुबोको महिमाका बारेमा चर्चा गर्दै मानवमा रहेको तनाव कम गर्न दुबोको महत्त्व उच्च रहेको बताइएको छ ।

नरा शीर्षकको कथामा नेताहरूले जनता भुलाउनका लागि मात्र शहीदका कुरा गर्ने व्यवहारमा उनीहरूको योगदान र सपनाको ख्याल नगर्ने राजनीतिक दलहरूलाई तीखो प्रहार गरिएको छ । सुन्नाको कथा नामको कथामा सुन्नाको महत्त्व र हिसाब गर्न सा।ल हुने तरिकाका बारेमा प्रष्ट पारिएको छ । श्राद्ध कथामा कथाकारले आमा र बालाई गर्ने व्यवहार र देखावटी माया मात्र गर्ने समाज र छोराहरूप्रति चोटिलो प्रहार गरिएको छ। सन्तान शीर्षकको कथामा कथाकारले नेपाली समाज जो पुरुष प्रधान रहेको छ त्यसको मारमा आम महिला वर्ग कसरी पीडित भएका छन् भन्ने यथार्थ चित्रण गरिएको छ । सपना नामको कथामा लेखकहरूले सम्मान पाउन नसक्ने नेपाली समाजको वर्णन गरिएको छ भने अपेक्षा नगरिएको सम्मान प्राप्त गर्दाको खुशीको चर्चा समेत गरिएको छ ।

समर्पण नामको कथामा कथाकार मौनताले हैसियत नमिल्ने हरूकबीचमा मायाप्रेम पनि बेकारको बन्ने रहेछ भन्ने सन्देश दिन सफल भएकी छन् । समुन्द्रको सयर भन्ने शीर्षकको कथामा सपनामा समुन्द्रमा पुगेको तर वास्तविक जीवनमा भने आफ्नै घरमा रहेको रोचक क्षणलाई प्रस्तुत गरिएको छ । सिग्देल गुरु नामको कथामा संस्कृतको महत्त्व अनि गुरुको महिमाका बारेमा बडो मन छुने तरिकाले कथाकार रेणुले पाठक सामु वास्तविकता पस्किएकी छन् । सुरक्षा शीर्षकको कथामा पत्निको परिश्रमले सुन्दर घर बनाउर शहरमा घुम्ने चाहना राखेर विदेशमा पसिना बगाउन गएकी पत्निमाथि विश्शघात गरिएको नमीठो परिवेशको वर्णन गरिएको छ । लोग्ने मानिसको व्सभाव र चाहनाका बारेमा पनि निकै मार्मिक तवरले प्रष्ट बनाइएको छ ।

महिला हक भन्ने लघुकथामा कथाकार मौनताले भाषणमा मात्र पुरुषहरूले अधिकारका चर्चा गर्ने तर

व्यवहारमा भने महिलालाई पराधिन र पशुजस्तै व्यवहार गर्ने समाजका नैतिकता गुमाएका पुरुषहरूलाई तीखो प्रहार गर्न सफल देखिन्छिन् । निम्तो कथामा कथाकारले एउटी नारीले जीवनभर साथ दिने बाचा गरी निरनतर माया र पसिना पोख्दा पनि केटाले त्यो मायाको महत्त्व बुझ्न नसक्दा कसरी नारीले अर्को जविनसाथी खोज्ने रहेछन् भन्ने गतिले पाठ समेत सिकाउन सफल भएको छ निम्तो शीर्षकको कथा । मूल्याङ्कन कथामा कसैलाई पनि अवमूल्यन गर्नु हुँदैन भन्ने शिक्षा पनि यस कथाले दिएको छ ।

आमा शीर्षकको कथामा छोराले आमाप्रति गर्नुपर्ने कर्तव्य केही पनि नगर्ने अनि सम्पति मात्र खान तम्सिने कुपुत्र प्रति चोटिलो प्रहार गर्न सफल देखिन्छिन् कथाकार मौनता । चिट्ठा शीर्षकको कथामा गरिबले भाग्य चम्किने आशाले किनेको चिट्ठाका बारेमा चर्चा गरिएको छ भने नसोचेको रकम पाउने कल्पनाले मात्र पनि मानिस बेहोस बन्ने यथार्थ पस्किएकी छन् । चुरोटको लतले मानिसलाई कसरी एकोहोरो र पागल जस्तै बनाउँछ भन्ने विषय मार्मिक तरिकाले देखाइएको छ । टोपी शीर्षकको लघुकथामा कथाकारले टोपीको महत्त्व र नेपाली पोशाकको महिमाको पनि गाथा गाएकी छन् जुन हाम्रो पहिचान पनि रहेको छ । लालपुर्जा नामको कथामा कथाकारले पहिलेका मानिसहरू बुहारीलाई काम गर्ने मेसिन मात्र ठान्ने र सम्पत्तिको मात्र धाक लगाउने परिपाटीको विरोध समेत गरिएको छ ।

यस लघुकथामा दुई कथा भने दोहरिएका छन् । समग्रमा सबै कथाहरू समाजमा घट्ने घटना सामाजिक यथार्थ तथा विकृतिजस्ता समाजका समसामयिक विषयहरूमा रोचक रकेही घोचक कथाहरूले शिक्षा र कौतूहलता पनि जगाएको छ । यस्ता अन्य सिर्जनाहरू मौनताको नेपाली साहित्यमा आइरहोस् भन्ने शुभकामना ।


**नागरिक लगानी कोषका कार्यक्रममा सहभागी होऔं !**
**अवकासपछिको जीवन सुरक्षित बनाऔं !!**

**कोषका अवकास योजना/कार्यक्रमहरू :**
- कर्मचारी बचत वृद्धि अवकास कोष
- उपदान तथा पेन्सन योजना
- लगानीकर्ता अवकास कोष योजना
- राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष
- नागरिक एकांक योजना
- नागरिक पेन्सन योजना
- नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष

**विस्तृत जानकारीका लागि :**
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

# माया ठकुरीको 'आमा जानुहोस्' कथासङ्ग्रहको भाव सौन्दर्य



– डा.हरिप्रसाद सिलवाल

माया ठकुरी (ई. १९४६, लखनउ) नेपाली साहित्यमा कथाकार व्यक्तित्वका रूपमा स्थापित प्रतिभा हुन् । उनको पहिलो कथा तथा प्रकाशित प्रथम कथा रचना 'बौलाही' (इं. १९५९) शीर्षकको कथा हो । कथाकार ठकुरीका कथासङ्ग्रहको प्रकाशन भने वि.सं.२०३० देखि आरम्भ भएको हो । यस कृतिमा १५ ओटा कथाहरू समावेश भएका छन् । यसमा समावेश गरिएका कथाका शीर्षकहरूमा आमा ! जानुहोस्, यथार्थ, युद्ध, निर्मला, प्रतिघात, भोक, ढिलो भएछ, गिद्ध, मातापितालाई सोध्नोस्, गल्ती, पिशाचिनी, अर्कोपालि दशैँमा, अन्त्यहीन प्रतीक्षा, भैंसी र मान्छे र पहाड ओर्लदै छ रहेका छन् । 'आमा ! जानुहोस्' शीर्षकको कथालाई यस सङ्ग्रहमा शीर्षकीकरण गरिएको छ । यस सङ्ग्रहमाथि राष्ट्रकवि माधव घिमिरे, प्रा.डा. सुरेन्द्र के.सी., प्रा.डा.गोविन्दराज भट्टराई, भवानी घिमिरे, प्रा.डा.रामप्रसाद ज्ञवाली, बद्रीप्रसाद ढकाल र स्वयं कथाकार माया ठकुरीको भूमिकाबद्ध लेखनहरू रहेका छन् ।

आमा ! जानुहोस् सङ्ग्रहको भूमिका लेखकहरूका दृष्टिमा माया ठकुरीको विवेच्य कृतिलाई हेर्दा उनी मानवीय संवेदनालाई चित्रण गर्न सफल र कुशल स्रष्टा भएको बोध हुन्छ । माधव घिमिरेले माया ठकुरीको 'आमा जानुहोस्' कथाको भाव सौन्दर्यलाई सम्बोधन गरी सरल र मार्मिक कथाकारिता रहेको धारणा राखेका छन् । सुरेन्द्र के.सी.ले कथाकार ठकुरीका कथामा सामाजिक यथार्थ र वृद्धावस्थाको नियतिलाई मार्मिक स्वरूपमाउतारिएको जनाएका छन् । गोविन्दराज भट्टराईले माया ठकुरीलाई कथा शिल्पमा खारिएकी प्रतिभा मान्दै सर्वकालीन मानवीय चरित्र र वर्तमान समयको बोध गराउने विषय समेटिएको उल्लेख गरेका छन् । रामप्रसाद ज्ञवालीले कथाकार ठकुरीका कथामा नारी संवेदना तथा मनोसामाजिक विश्लेषण रहेको धारणा व्यक्त गरेका छन् । बद्रीप्रसाद ढकालले आमा ! जानुहोस् कथा कृतिमा वृद्धावस्थाको मनोसंरचनालाई प्रधान स्थान दिँदै मनोत्तेजनाको सशक्त प्रस्तुतीकरण भएको समीक्षा गरेका छन् । स्वयं कथाकार ठकुरीले मानवीय भोगाइ र अनुभूतिलाई नै कथाको मूल विषयवस्तुका रूपमा चयन गरिएको

आत्मस्वीकृति जनाएकी छन् ।

विवेच्य कथा कृतिको मूल भाव बनाइएको शीर्ष कथा 'आमा ! जानुहोस्' ले बुढ्यौलीपनको दयनीय अवस्थालाई प्रस्तुत गरेको छ । ८६ वर्षकी वृद्धा नारीको शारीरिक दुरवस्थाका कारण अपहेलित हुनु परेको र मानवीय संवेदनाका दृष्टिले झन् धेरै हेरचाह पाउनुपर्ने एवं अपेक्षा प्रकट भएको क्षणमा परिवारका सदस्यले नै जानुहोस् भनेर दुत्कारेको मार्मिकता यस कथाको गहिरो भाव प्रस्तुति हो । 'यथार्थ' कथामा नायिका दीपिकाको चरित्रलाई प्रधान बनाई असामान्य अवस्था, अन्तर्द्वन्द्व र सङ्घर्षको परिवेशलाई प्रस्तुत गरिएको छ । शारीरिक पीडा मानसिक, पारिवारिक र सामाजिक आयामसम्म विस्तार भएको र त्यसले समस्याको विशिष्ट रूपको प्रतिनिधित्व गरेको सङ्केत गरिएको छ । 'युद्ध' कथाले पारिवारिक समस्यालाई मूल विषय बनाई मानवीय मनोदशाका विपरीत अनुभूति, एकाकार हुन नसकेका आकाङ्क्षाले ग्रसित भई हीनताबोधी बनेर बाँच्नुपरेको मनोविज्ञानलाई चित्रण गरेको छ । 'निर्मला' कथामा मातृवात्सल्य प्रेमबाट वञ्चित हुनपुगेकी एक सानी बालिकाको मनोदशालाई मूल भाव बनाई कथानक निर्माण गरिएको छ ।

आमाको मायाको सामु संसार फिक्का हुन्छ भन्ने मार्मिक भावबोधलाई कथाकारले बालमनोविज्ञान र मानव संवेदनाको उत्कृष्ट चिन्तनका रूपमा प्रस्तुत गरेकी छन् । 'प्रतिघात' कथामा सामाजिक विसङ्गतिको एक कारक रूप धनदौलतले उन्मत्त भएका मानिसको नग्न सोख, अनावश्यक विलासी आकाङ्क्षा र अनुशासनहीन जीवनको परिवेश रहेको अवस्थालाई चित्रण गरिएको छ । कुलीन वर्गको बर्बर सभ्यता उच्च सभ्यता हुन नसक्ने बरु त्यसले समाज, परिवार र मानवीय हार्दिकता समाप्त पार्ने चिन्तन यस कथामा व्यक्त भएको छ । 'भोक' कथामा गरिबीले मानसिक अवस्था असन्तुलित भई आत्महत्या गर्न पुगेको विषयलाई चित्रण गरिएको छ । जहाँ समस्या थियो झन् अकल्पनीय समस्या आइपरेकाले निम्नवर्गीय समाजका मानिसहरू उत्पीडित हुनपुगेको अवस्थाको प्रकटीकरण भएको छ । शारीरिक आघातले ग्रसित चरित्रको चित्रणले यहाँ अभिघात मान्यताको अभिव्यक्ति रहेको छ । 'ढिलो भएछ' कथामा माओवादी सशस्त्र युद्धका समयमा मारमा परेका निम्नवर्गीय उत्पीडनलाई प्रस्तुत गरिएको छ । 'गिद्ध' कथामा सामाजिक विसङ्गतिका कारण पारिवारिक तहसम्म परकम्पन ल्याएको घटनालाई प्रयोग गरिएको छ । नारीको अस्मिता लुटिएको, हत्या हिंसाको सिकार हुनु परेको र यससँग सम्बद्ध बाह्य मात्रै नभएर आन्तरिक सङ्घर्ष समेत पेचिलो भएको सामाजिक तिक्त यथार्थ चित्रण गरिएको छ । 'मातापितालाई सोध्नोस्' मा चरित्रहीन, अमर्यादित व्यवहार, बेरोजगारीले वैदेशिक रोगजारी अँगाल्न विवश परिवारको विघटनमुखी अवस्थाको चित्रण गरिएको छ । 'गल्ती' कथामा नाजायज सम्बन्ध राखी यौनसम्बन्धमा बाँधिएका व्यक्तिहरूको अकाल निधन भएको जस्ता सांस्कृतिक कुरूपता, विकृति र असामान्य व्यवहारलाई कथानक बनाइएको छ । 'पिशाचिनी' कथा लैङ्गिक विभेदको सामाजिक समस्यामा आधारित रहेको छ ।

लोग्नेको मृत्युमा श्रीमतीलाई ‘लोग्नेखाने आइमाई’, पिशाचिनी जस्तो अन्धविश्वास र कुरीतिपूर्ण दृष्टिले हेरिएको घटनामाथि मनोवैज्ञानिक चिरफार भएको छ । ‘अर्कोपालि दशैँमा’ कथाले वैदेशिक रोजगारीमा विदेश गएको सन्तानले एकपछि अर्को गर्दै आफूलाई टार्दै र विश्वास गुमाउँदै उतै घरजम गरेकाले अगाध माया गरेकी आमाको निधन भएको गम्भीर कथावस्तुलाई चित्रण गरिएको छ । ‘अन्त्यहीन प्रतीक्षा’ कथामा शारीरिक रूपले अशक्त हुनपुगेको अभिघातजन्य घटनालाई प्रस्तुत गरिएको छ । एउटा परिवारमा स्वस्थ व्यक्ति एकाएक दुर्घटनामा परेर चेत नै गुमाउन पुग्दाको पारिवारिक पीडालाई मानवीय संवेदनाको प्रतिनिधि घटनाको रूपमा औँल्याइएको छ । ‘भैंसी र मान्छे’ कथामा बालबालिका र भैँसी बिरामी पर्दा ग्रामीण भेगका गरिब परिवारले उचित उपचार गर्न नसकेको उत्पीडनलाई मार्मिक रूपमा चित्रण गरिएको छ । ‘पहाड ओर्लदै छ’ कथाले देशमा हत्या, आतङ्कले आम मानिस खासगरी निम्न वर्ग र मध्यम वर्गले भोग्नुपरेको अथाह पीडाको स्वरलाई प्रस्तुत गरिएको छ । जनमानसमा शान्ति, विकास, सुरक्षा र उन्नतिको ढोका खोल्न नसक्दा अकल्पनीय दुःख निम्त्याएकाले राज्य र समाजको यो दुर्दशामाथि कथाकारले व्यङ्ग्य गरेकी छन् ।

समाजका विभिन्न वर्ग, तह, पेसा र तप्काका मानिसले भोगेका अनुभूतिको संरचनालाई जीवन्तता दिने कुशलता माया ठकुरीका यी कथाहरूमा प्रतिबिम्बित भएका छन् । स्रष्टाले देखेको समाज र पाठकले भोगेको, देखेको समाजको तादात्म्यता यी कथा रचनाहरूमा पाइन्छन् । अतः उनको रुचिक्षेत्र सामाजिकता नै हो । मनोविज्ञान र नारी संवेदना अझ बढी प्रधान रुक्षि क्षेत्रका रूपमा प्रयोग भएको छ । उनको रीतिक्षेत्र सरल र सन्देशयुक्त, मध्यम आयामको रैखिक कथाशिल्प नै हो । मानवताको रक्षा गर्नु भनेको बालबालिकादेखि वृद्धवृद्धासम्मको हेरचाह गर्नु, तिनको इच्छा, सुरक्षा, आवश्यकताको सम्बोधन गर्नु सामाजिक र मानवीय दायित्व भएको यस सङ्ग्रहका कथाहरूले औँल्याएका छन् । कहीँ कतै भावको पुनरावृत्ति हुनु, पात्रहरूलाई अतिशय कमजोर रहेको, सङ्घर्षको उठान गर्न सक्ने परिवेशमा पनि त्यो जिम्मेवारी दिन उत्सुक नहुनु यस कथामा देखिने सीमा हुन् । यद्यपि लामो समयदेखि कथाकार व्यक्तित्वमा खारिएर आएको कथाशिल्प र मानवताको उच्च भाव सौन्दर्यको चयनले आमा ! जानुहोस् कथा कृति सान्दर्भिक, सौन्दर्यमूलक र मानवताको जग निर्माणको बौद्धिक सामग्री बनेको छ । सामाजिक विषय र सामाजिक समस्याको मार्मिक चित्रण गर्नु, यथार्थ जनजीवनलाई मसिनो गरी टिप्नु र सरल भाषा शिल्पका माध्यमले प्रस्तुत गर्नु यस कृतिको सबलता हो ।


एक वृद्धाले घरको ढोकाबाट बाहिरिँदै गरेको अत्यन्त्यै उत्सुकता जागृत गर्ने जीवन्त भाव सम्प्रेषणको चित्रलाई कलात्मक रूपमा उपयोग गरिएको छ । यसले समग्र कथाहरूको भावलाई समेटी शीर्षस्थ रचनाको सन्दर्भ आमा ! जानुहोस् जस्तो बुढ्यौली समयको कठोर र तिक्त भोगाइलाई व्यङ्ग्यात्मक सचित्रमा उतार्ने प्रयास गरेको छ ।

## बजारमा नयाँ कृति

● प्रतीक्षा रिजाल, संयोजक



### रगतको मूल्य :





होमशङ्कर बास्तोला नेपाली साहित्य र साहित्यिक पत्रकारिता दुवैतिर अत्यन्तै सक्रिय स्रष्टा हुन् । निजामती सेवामा संलग्न उनी साहित्य लेखन र पत्रकारितालाई सँगसँगै लिएर हिँडिरहेका छन् । भाषा साहित्यमा समर्पित भएवापत आधा दर्जन हाराहारी सम्मान तथा पुरस्कार प्राप्त गरेका बास्तोलाको सम्पादन तथा प्रकाशनमा विगत २२ वर्षदेखि प्रकाशित हुँदै आएको अन्तर्बोधका अहिलेसम्म ६९ अङ्क प्रकाशित भएका छन् । यस अघि नै कविता र कथाका पाँच कृति प्रकाशित गराएका बास्तोलाको प्रस्तुत 'रगतको मूल्य' छैठौँ कृति हो । नेपाली भाषा साहित्यमा यति राम्रो कृति लिएर उपस्थित हुनुभएका स्रष्टा बास्तोलालाई हार्दिक बधाई र शुभकामना ।

### धमिराको देवलः




बोधराज पौडेल पेशाले पत्रकार र लेखन कर्मले साहित्यकार हुन् । आधादर्जन बढी पत्रपत्रिकाको कुशल सम्पादन अनुभव बटुलेका पौडेलले साहित्यिक यात्रा २०५३ बाट आरम्भ गरेका थिए । उनी अहिले पनि त्यही यात्रामा निरन्तर लागिरहेका छन् । कविता र निबन्धका गरी तीन कृति प्रकाशित गराएका पौडेल आधादर्जन हाराहरीमा पाण्डुलिपि बोकेर प्रकाशक खोजिगरिरहेका छन् । कविता र निबन्ध दुवै विधामा कलम चलाईरहेका उनको निबन्धकार व्यक्तित्व निकै अगाडि देखिन्छ । यही विधामा निरन्तर सक्रिय रहे पौडेल सफल निबन्धकार त बन्छन् नै, नेपाली साहित्य भण्डारमा असल कृतिहरू पनि थपिँदै जाने छन् । स्रष्टा पौडेललाई हार्दिक बधाई र शुभकामना ।

## संयात्राको संयोग :




रमेशमोहन अधिकारी नेपाली साहित्यका असल अभियन्ता र शुभचिन्तक हुन् । हिजोदेखि आजसम्म साहित्यकर्ममा निरन्तर लागिरहेका अधिकारीमा धेरैभन्दा धेरै साहित्यिक भोक छ । उनी दिलोज्यानले भाषासाहित्यको प्रवर्धनमा निरन्तर खटिइरहेका छन् । यो कृति आउनुभन्दा पहिल्यै छ कृति प्रकाशित गराइसकेका अधिकारीको सातौँ कृति 'संयात्राको संयोग' सत्ताइस सिर्जना समेटिएको नियात्रा सङ्ग्रह हो । भाषा साहित्यको उन्नयनमा समर्पित भएवापत पौने दर्जन मान सम्मान तथा पुरस्कार प्राप्त गरेका अधिकारीले पत्रपत्रिकाको सम्पादन पनि गरेका छन् । नेपाली साहित्य भण्डारमा यति राम्रो कृति लिएर उपस्थित हुनुभएका साहित्यकार अधिकारीलाई हार्दिक बधाई र शुभकामना ।

## अमर अधिकारी :




अमर अधिकारी नेपाली भाषा साहित्यका अनन्य सेवक हुन् । लामो समयसम्म निजामती सेवामा संलग्न अधिकारी यतिबेला साहित्यकर्ममा समर्पित भएर देखिएका छन् । उनको सक्रियता लोभलाग्दो छ । प्रस्तुत पुस्तक उनै अधिकारीको व्यक्तित्व र कृतित्वमा आधारित भएर डा. घनाश्याम पुडासैनीले तयार पारेका हुन् । निजामती सेवाबाट सेवानिवृत पुडासैनी शैक्षिक र सामाजिक गतिविधिमा पनि सक्रिय छन् । उनको सक्रियताले समाज र शिक्षा क्षेत्र लाभान्वित भएको छ । यो क्रमले निरन्तरा पाइरहने छ भन्नेमा आशावादी बन्नै पर्छ । नेपाली साहित्यमा एउटा कृति थपिएको छ । यसका निम्ति डा. घनश्याम पुडासैनी र अमर अधिकारी दुवैलाई बधाई ।

# अतिथि सम्पादकको कलम



● बद्रीप्रसाद ढकाल

नवप्रज्ञापनको समीक्षा विशेष तेस्रो भाग यहाँहरूसमक्ष आइपुगेको छ ।पहिलो र दोस्रो यहाँहरू प्राप्त गरिसक्नु भयो यो मेरो अनुमान हो । पहिलो र दोस्रोझैँ तेस्रो अङ्कको पनि सम्पादन मैले नै गरेको छु । केही समीक्षा कुराकानी र केही समीक्ष पुस्तक परिचयका छन् । समग्रमा भन्नुपर्दा समीक्षाको सिद्धान्त र व्यवहार भिन्न भएको जस्तो देखिन्छ । यहाँ सबै समीक्षकहरूमा समीक्षाको चर्चा गर्न चाहन्छु । वास्तवमै समीक्षा के हो र कस्तो हुनुपर्छ ?

'समीक्षा' शब्दको सामान्य अर्थ हुन्छ कुनै विषय, कृति, घटना वा विचारको आलोचनात्मक अध्ययन र मूल्याङ्कन गर्नु । यसको निर्माण प्रक्रियालाई हेर्ने हो भने 'समीक्षा' संस्कृत शब्द हो, सम् + ईक्षा बाट बनेको, जसको अर्थ हुन्छ पूरै ध्यानपूर्वक हेर्नु वा गहिरो रूपमा विचार गर्नु अर्थात्, कुनै साहित्यिक कृति, विचार वा कलाकृतिलाई विश्लेषणात्मक दृष्टिले अध्ययन गरी गुण-दोष पत्ता लगाउने प्रक्रियालाई समीक्षा भनिन्छ ।

समीक्षाबारे विभिन्न विद्वानले गरेका परिभाषाले पनि त्यही अर्थ प्रदान गरेको छ डा. रामचन्द्र शुक्लका अनुसार समीक्षा भनेको साहित्यको मूल्याङ्कनात्मक विश्लेषण हो । डा. नन्ददुलारे बाजपेयीले समीक्षा त्यो प्रक्रिया हो जसले कृतिको यथार्थ मूल्य निर्धारण गर्छ भनेका छन् ।

साहित्यिक कृतिको चिनारी मात्र पनि समीक्षा होइन । यसले कृतिको राम्रो र कमी कमजोरी दुवैको त्रुटि विश्लेषण गर्दछ । विधागत रूपमा हेर्दा समीक्षाका विभिन्न प्रकारका छन् (क) साहित्यिक समीक्षा- कविता, कथा, उपन्यास, नाटक आदि कृतिको अध्ययन । ख) कलात्मक समीक्षा- चित्र, संगीत, नृत्य, चलचित्र आदि कला रूपहरूको मूल्याङ्कन । ग) वैज्ञानिक/सामाजिक समीक्षा-वैज्ञानिक अनुसन्धान वा सामाजिक घटनाको आलोचनात्मक विश्लेषणघ) राजनीतिक समीक्षा- राजनीतिक घटनाक्रम वा नीतिहरूको मूल्याङ्कनभन्ने बुझिन्छ ।

समीक्षा लेख्दा यिनका प्रमुख अङ्गहरू चर्चा गर्नु उपयुक्त हुन्छ । पाठ वा कृति समीक्षामा विषयवस्तुको विश्लेषण, संरचना र शैलीको मूल्याङ्कन, लेखकको उद्देश्यको पहिचान, भाषिक सौन्दर्य र प्रस्तुतीकरणको अध्ययन र कृतिको समसामयिकता र प्रभावहेर्न सकिन्छ । साहित्यिक समीक्षाकुनै साहित्यिक कृति (जस्तै कविता, कथा, उपन्यास, नाटक आदि) लाई विश्लेषण, व्याख्या र मूल्याङ्कन गर्ने बौद्धिक प्रक्रिया मानिन्छ । यसमा कृतिको बनोट र बुनोट दुवैको चर्चा-परिचर्चा गरिन्छ । साहित्य समीक्षाले समीक्ष कृतिको सौन्दर्य, विचार, सन्देश, शैली, प्रभाव र मूल्य पत्ता लगाउने काम गर्छ। साहित्यिक समीक्षाको उद्देश्य कृतिको सौन्दर्य र सार्थकता पत्ता लगाउने, लेखकको उद्देश्य र दृष्टिकोण बुझ्ने,

पाठकलाई कृतिको सही मूल्याङ्कन प्रदान गर्ने तथासाहित्यको गुणस्तर र परम्पराको विकासमा योगदान दिने हुन्छ ।

साहित्यिक समीक्षाले समीक्ष कृति र समीक्षकले कुनैपनि कृतिको विषयवस्तुको अध्ययनअन्तर्गत कृतिले के गर्न खोजेको हो? कृतिको रूप र शैलीको विश्लेषण - भाषा, संरचना, प्रतीक, लय आदिको खोजकार्य गर्दछ । भाव र विचारको मूल्याङ्कन बारेमा भन्नुपर्दा लेखकको भावना र सोच कस्तो छ? भन्ने कुरा खोज्दै साहित्यक कृतिले समय र समाजसँगको सम्बन्ध के कसरी प्रस्तुत गरेको छ अर्थात् समीक्ष कृतिले आफ्नो समय वा समाजलाई कसरी प्रतिनिधित्व गर्छ? भन्ने कुराको उत्तर खोज्दै समय सन्दर्भलाई कृतिगत रूपमा के कसरी लिइएको छ र कृतिको प्रभाव र सान्दर्भिकता आजको दृष्टिमा अर्थ के हो? भन्ने कुरालाई स्पष्ट पार्दछ ।

'पुस्तक परिचय' भनेको पुस्तकको संक्षिप्त र सूचनात्मक विवरण हो । यसमा पुस्तक लेखक, प्रकाशक, विषयवस्तु, उद्देश्य, विशेषता र महत्व को परिचय दिइन्छ । यसले पाठकलाई पुस्तकबारे प्रारम्भिक जानकारी दिन मद्दत गर्छ । पुस्तक परिचयले पुस्तकको भाषा, शैली, दृष्टिकोण वा संरचनात्मक विशेषताका बारेमा जानकारी दिन्छ । पुस्तकको चिनारीका रूपमा लेखिने पुस्तक परिचयको महत्व पुस्तकले साहित्य, समाज वा पाठकमा ल्याएको प्रभावलाई हेरेर गरिन्छ । पुस्तकको पहिचान, सारांश र मूल्यको सङ्क्षिप्त विवरण मात्र पनि यसमा समावेश हुन्छ । यसले पुस्तक के का बारेमा लेखिएको हो र यसले के जानकारी दिन्छ भन्ने कुरा पाठकलाई पुस्तक पढ्न अघि नै जानकारीदिन्छ ।

त्यस्तै कृति वा पाठको समालोचना शब्द संस्कृतको सम् + आलोचना बाट बनेको हो, जसको अर्थ हुन्छ पूर्णरूपले विचार गरेर टिप्पणी गर्नु वा विश्लेषणात्मक मूल्याङ्कन गर्नु ।

साहित्यमा 'समालोचना' भन्नाले कुनै साहित्यिक कृति, विचार वा लेखकको कार्यको गुण-दोषसहितको विश्लेषण र मूल्याङ्कन गर्ने प्रक्रिया हो । यसको निर्माण प्रक्रियाबाट नै सम भनेको तटस्थको अर्थमा रहन्छ । कृतिको बनोट र बुनोटका आधारमा आलोचना गरिन्छ । कृति वा पाठको गुण र दोष केलाईनुका साथै राम्रा नराम्रा पक्षलाई स्पष्ट पारिन्छ ।

यस अङ्कमा समावेश गरिएका रचना समीक्षा मात्र हुन् । यहाँ समेटिएका केही आलोचनात्मक समीक्षाले कृतिको गुण-दोषका आधारमा तटस्थ विश्लेषण गरेका छन् । चिनेका कृतिकार उनका कृतिले दिएका कुरालाई मनन गर्दै केही प्रभाववादी समीक्षा समीक्षकको व्यक्तिगत अनुभूति र प्रभावमा आधारित मूल्याङ्कन भएको छ ।

साहित्यिक समीक्षा साहित्यिक कृतिको गहिरो अध्ययन, व्याख्या र मूल्याङ्कन गर्ने विवेचनात्मक प्रक्रिया हो।यसले पाठकलाई साहित्य बुझ्न, मूल्याङ्कन गर्न र सौन्दर्यको रसास्वादन गर्न सहयोग गर्दछ । यस अङ्कमा समावेश विभिन्न कृतिका कृतिकार र समीक्षकहरूप्रति हार्दिक आभार व्यक्त गर्दै भविष्यमा समीक्षा विशेष चौथो भाग लिएर यहाँहरू समक्ष आउने प्रतिवद्धता जनाउँदै अहिलेलाई विदा चाहन्छु । जाँदाजाँदै भाषा साहित्यलाई माया गर्ने सवैलाई पुनः नमन ।

# जीतपुर–सिमरा उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, जीतपुर, बारा

# नगरवासी महानुभावहरुमा अनुरोध

- हाम्रो जीतपुर-सिमरा र राम्रो जीतपुर-सिमराका लागि आफूले सकेको योगदान गरौँ
- तपाईँ हामी बस्ने सफा सुग्घर र शान्त हाम्रो उपमहानगर, राम्रो उपमहानगर
- हामीले हाम्रो उपमहानगर राम्रो बनाउन सके मात्र हामी राम्रो हुनसक्छौँ
- भान्छाबाट निस्कने कुहिने खालका वस्तुहरू घरको एउटा कुनामा खाल्डो खनेर राखौं। नकुहिने वस्तुहरू मात्र फोहोरको रूपमा घरभित्रै संकलन गर्ने बानी बसालौं।
- सडक र नालीमा थुप्रिएको फोहोरबाट दुर्गन्ध फैलिएकोले जहाँ तहीँ फोहोर नफालौं। आफ्नो घर अगाडिको नाला आफैले सफा गरौं।
- बाटो, नाला, चोक, गल्ली जताततै फोहोर हुँदा घरको सुन्दरता, पानीको निकास र घुमफिर गर्ने ठाउँसमेत दुर्गन्धित हुने हुनाले सरसफाईमा सचेतता अपनाऔं। सभ्य बनौं। सभ्यताको परिचय दिऔं।
- सरल र सर्वसुलभ रूपमा उपलब्ध हुने सिमेन्टका बोरा प्रयोगमा ल्याएर फोहोर संकलन गर्ने वस्तुको उपयोग गरी बिना लगानी सरसफाईको व्यवस्थापन गरौं।
- बजारबाट सामान ल्याएका प्लास्टिकका झोला घरभित्रै संकलन गरी राख्ने बानी बसाली केही दिनपछि त्यस्ता संकलित झोला पसलमा नै फिर्ता गर्ने बानी बसालौं। अन्य प्लास्टिकजन्य वस्तुहरू (चाउचाउको खोल, प्याकिङ आदि) घर कम्पाण्डभित्रै बोरामा संकलन गरी नगरपालिकाबाट आएको फोहोर संकलन कर्तालाई दिने बानी बसालौं।
- वनको संरक्षण गरौं। खाली पर्ति जमीनमा वृक्षा। रोपण गरौं। वनसँग जीवनको सम्बन्ध भएकाले जीवन बाँच्ने आधार खोजौं। प्राकृतिक जडिबुटीहरूको संरक्षण गरौं। जथाभावी रूपमा रूख नकाटौं । मानिस र वनको एकआपसमा सम्बन्ध हुने भएकाले यसलाई आफ्नो जीवनजत्तिकै माया गरौं। आफू मात्र बाँच्ने हैन सन्ततीलाई पनि बाँच्ने आधार दिउँ।
- हरेक चाडपर्व एवम् सांस्कृतिक परम्पराहरू देशका राष्ट्रिय पहिचान हुन्। यस्ता कुराहरूको अन्त्य हुनु भनेको राष्ट्रिय पहिचान गुम्नु हो। राष्ट्रिय पहिचानको जगेर्नाका लागि पनि चाडपर्व एवं सांस्कृतिक परम्पराको प्रवर्द्धन र सम्बर्द्धन गर्नु हाम्रो नैतिक दायित्व हो।
- देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरूको चाहना हो। यसप्रति प्रतिबद्ध हुनु नेपालीहरूको कर्तव्य हो।
- सार्वजनिक स्थल, धार्मिक स्थल तथा मन्दिर पोखरी, पर्यटकस्थलको सरसफाइका लागि सामूहिक रूपले हप्तामा एक दिन स्वयंसेवकको रूपमा सरसफाइमा समय दिऔं। यी सामूहिक धरोहर हामी सबैको हो। यसको मर्यादा हामी आफैले सामूहिक रूपले गरौं।
- यसरी घरबाट निस्कने ८० प्रतिशत फोहोर घरभित्रै व्यवस्थापन हुने हुँदा कुचिकार, ट्याक्टर, डम्पिङ साइटको बचत, इन्धन खर्चमा बचत भई बचत भएको रकम विकास निर्माणमा लगाई नगरको विकासमा टेवा दिऔं।

# सार्वजनिक सेवालाई भ्रष्टाचारमुक्त बनाऔं ।

- आफ्नो काम कानुनी प्रक्रिया र नियमअनुसार गरौं,
- उपहार दिने र लिने नगरौं,
- सेवाग्राहीलाई अनावश्यक दुःख दिने कार्य नगरौं,
- सेवा दिन कुनै ढिलासुस्ती नगरौं,
- घुस लिने र दिने दुवै अपराधी हुन्,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं,
  भ्रष्टाचारीलाई कारवाही गरौं,
- भ्रष्टाचार र अनियमितता विरुद्ध आवाज उठाऔं,
- अनियमितता भएको देखेमा तुरुन्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोल–फ्री नम्बर १०७ वा सम्बन्धित निकायमा सम्पर्क गरौं ।

**भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाऔं,**
**सार्वजनिक सेवालाई पारदर्शी र जवाफदेही बनाऔं ।**

नेपाल सरकार

## विज्ञापन बोर्ड

# प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र,सुर्खेतले प्रदान गर्ने सेवाहरु

- आ.पी.डीसेवा
- जनरल OPD सेवा
- ४४ प्रकारका आयुर्वेद औषधी नि:शुल्क वितरण
- स:शुल्क फार्मेसी सेवा
- भिडियो एक्सरे/एक्सरेसेवा
- इ.सि.जी सेवा
- प्रयोगशाला सेवा
- क्षारसुत्र सेवा
- अग्निकर्म सेवा
- जलौकाद्धारा रक्तमोक्षण सेवा
- पुर्वकर्म पञ्चकर्म सेवा
- फिजियोथेरापी तथा अकुपञ्चर सेवा
- दैनिक योग ध्यान
- नि:शुल्क परामर्श सेवा
- नागरिक आरोग्य कार्यक्रम
- जेष्ठनागरिकका लागि रसायन औषधी वितरण सेवा
- स्तनपायी आमाका लागि दुग्धबर्धक औषधि वितरण
- गाँउघर क्लिनिक तथा नसर्ने रोगको ब्यवस्थापन कार्यक्रम
- जडिबुटी सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू

**थप जानकारीका लागी**

**प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र, सुर्खेत**
**फोन नं. ०८३५२०३९९**

बा.जि.प्र.का.द.नं. ५/२०५२

# आयुर्वेद चिकित्सा एवं औषधि प्रयोग सम्बन्धी आयुर्वेद स्वास्थ्य केन्द्रको

# जनहितमा जारी सन्देश

- आयुर्वेद औषधि सेवन गर्नु पूर्व नजिकको आयुर्वेद स्वास्थ्य संस्थामा गई आयुर्वेद चिकित्सक वा स्वास्थ्यकर्मीसँग मात्र स्वास्थ्य परिक्षण गर ाउनु पर्छ ।
- आयुर्वेद औषधिको भ्हउष्चथ मिति हेरेर मात्र प्रयोग गरौ ।
- आयुर्वेद औषधिको साईडइफेक्ट हुन्न अथवा ग्यारेन्टि उपचार हुन्छ भन्ने जस्ता भ्रममा नपरौ ।
- झोलामा,गाडिमा बोकेकर हिड्ने व्याक्तिहरूबाट आयुर्वेद/जडिबुटी अन्य औषधि किनेर प्रयोग नगरौ ।
- आयुर्वेद औषधि एवं उपचार पद्धतीको प्रयोगबाट नसर्ने तथा दीर्घ रो गहरूको व्यवस्थापन गर्न सकिन्छ । यसको लागि अनिवार्य रूपमा आयुर्वेद स्वास्थ्य संस्थामा सम्पर्क गरौ र आयुर्वेद चिकित्सक एंव स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा उपचार गरौ ।
- आयुर्वेद उपचार तथा परामर्श लिनु अघि नेपाल आयुर्वेद मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सक/स्वास्थ्यकर्मीबाट मात्र उपचार तथा परामर्श लिने गरौ ।

## थप जानकारीका लागि

आयुर्वेद स्वास्थ्य केन्द्र, मुगु - ९८९१२२६५९
आयुर्वेद स्वास्थ्य केन्द्र, डोल्पा- ९८६५३५१००६
आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्ला - ९८४४९०१५७५
आयुर्वेद स्वास्थ्य केन्द्र, रूकुम पश्चिम - ९८४८९६२०३३